
सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.



११ पृष्ठमा
दसैंको फेसन स्टाइल

• वर्ष १२ • अंक २० • काठमाडौं, शुक्रबार, असोज १३, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, Sep. 29, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-

## हार्दिक शुभकामना



### बडादसैंको टीका ग्रहण गर्ने साइत

जयन्ती मंगलाकाली भद्रकाली कपालिनी दुर्गा क्षमा
शिवा धात्री स्वाहा स्वधा नमस्तुते ।

श्री शालि वाहनीयशाके १९२८ श्री वीर विक्रमादित्य संवत् २०६३ साल आश्विन १६ गते सोमबारको दिन बिहान १०:१५ बजेको शुभ समयमा बडादसैंको टीका ग्रहण गर्नु शुभ छ ।

विजयादशमीको शुभउपलक्ष्यमा समस्त पाठक, सहयोगी, शुभचिन्तक, विज्ञापनदाता एवं वितरकलगायत समस्त नेपाली दाजुभाइ–दिदीबहिनीहरूमा सुख–समृद्धि, दीर्घायु तथा निरन्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*दसैं बिदाका कारण साप्ताहिकको आगामी अङ्क असोज २७ गते मात्र प्रकाशित हुनेछ ।*

**कान्तिपुर पब्लिकेसन्स प्रा. लि.**
सुविधानगर तीनकुने




# यसपालि त घर जाने ...

**अश्विनी कोइराला**


पाल्पाको रामपुर उपत्यका केही दिनअघिसम्म सुनसान थियो ।१०वर्षे द्वन्द्वका कारण रामपुरका अधिकांश युवा काठमाडौं, बुटवल तथा पाल्पा सदरमुकामतिर छरिए । माओवादी प्रभावित मानिएको उक्त उपत्यकाबाट आफ्नो घर छाड्नेहरूको संख्या तीव्र गतिमा बढ्यो । राजाको प्रत्यक्ष शासनकालमा सेनाको एउटा टुकडी रामपुरमा बसेपछि माओवादीलाई समर्थन गर्ने जनता पनि विस्थापित भए । रामपुर उपत्यकाभरि बूढाबूढी तथा केटाकेटी मात्र बाँकी रहे । जनआन्दोलन-२ को अन्तिम समयमा रामपुरबाट पनि जुलुस निस्कियो । उक्त जुलुसमा बूढाबूढी र केटाकेटी मात्र देखिन्थे ।

भदौ मसान्तपछि रामपुरमा देशका अन्य स्थानको तुलनामा शरद ऋतुको शीतलताले बढी नै छोपेको देखियो । अहिले गाउँमा मानिसहरूको ओहोर-दोहोर आश्चर्यजनक रूपमा बढेको छ ।१० वर्षमा पहिलो पटक प्रत्येक घरमा परिवार सदस्यसंख्या बढेको छ । माओवादीका स्थानीय नेता, माओवादी सेनाका प्लाटुन कमान्डर, नेपाली सेनाका लेस नायक, नेपाली कांग्रेसका स्थानीय नेता सबै जम्मा भएका छन् । भारतमा पाँच वर्षभन्दा बढी काम गरेर फर्किएका एक दर्जन युवा पनि रामपुर पुगेपछि अल्लारे ठिटाहरूको जमात बढेको छ । सरकारी जागिर खानेहरू एकादुई पनि गाउँ फर्कन लागेका छन् । खसी काट्नेहरू, जुवा खेल्नेहरू, पिङ खेल्नेहरू तथा मेला भर्नेहरूको ठूला-ठूला समूह नै तयार भएका छन् । 'बितेका दस वर्षमा पहिलो पटक हाम्रो गाउँमा दसैं आएको छ ।' लोकगीतका चर्चित गायक बद्री पंगेनीले रामपुरको सार्वजनिक टेलिफोन बुथबाट मच्ची-मच्ची साप्ताहिकलाई भने– 'मेरो जीवनमा हाम्रो गाउँमा यति ठूलो दसैं आएकै थिएन ।'

पश्चिम नेपाल मात्र होइन, पूर्वी नेपालको तस्बिर पनि उस्तै गरी फेरिएको छ । दोलखाको घ्याङ सुकाढोकर गाविसमा घर फर्कनेहरूको लर्को देख्दा अचम्म मान्नुपर्ने स्थिति छ । २०५४ सालको स्थानीय निर्वाचनमा १० हजार जनसंख्या रहेको उक्त गाविसबाट त्यसपछि लगातार मानिसहरू लाखापाखा लाग्न थाले । तामाकोसी नदीको किनारमा माथि लेकदेखि बेंसीसम्म फैलिएको उक्त गाउँ नेपालको राम्रो खेतीपाती हुने पहाडी गाउँका रूपमा प्रख्यात छ । आफ्नै उत्पादनले खान पुग्ने भए पनि देशमा द्वन्द्व बढेपछि यो स्थान बिस्तारै सुनसान हुन थाल्यो । विगत नौ वर्षमा गाउँ फर्कनेभन्दा गाउँबाट

बाँकी पृष्ठ ३ मा








चंगाको चर्चा
पृष्ठ २२ मा


दसैंका रंगारंग कार्यक्रम
२० पृष्ठमा
मज्जा मदिराको



१५ पृष्ठमा
मिसेज बागमती र अन्य प्रतियोगिता




मध्यपृष्ठमा
देवी रुपमा
गरिमा



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## मेष

समष्टिमा साता राम्रो छ । सुरुमा अस्वस्थता एवं आलस्यता बढ्ने योग भए पनि आइतबारदेखि भाग्य बलियो हुनेछ । शत्रुसित प्रतिस्पर्धा गर्नुपरे पनि अन्ततः जित तपाईंकै हुनेछ । मानसम्मान प्राप्त हुनेछ । आम्दानी बढ्नेछ । यात्रामा लाभ देखिन्छ । व्यवसायमा वृद्धि हुनुका साथै कीर्तिमान कायम गर्ने अवसर मिल्नेछ ।

## सिंह

साताको पूर्वार्द्ध प्रतिकूल रहे पनि उत्तरार्द्धमा अपेक्षित सुधार आउनेछ । सुरुमा गलत विचार बढ्नेछ । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन् । शत्रु पनि बढ्नेछन् । बुधबार तथा बिहीबार प्रसन्नता एवं स्फूर्ति बढ्ने, काममा सफलता मिल्ने तथा यात्रा हुने योग छ । जमघटमा रमाउने अवसर जुट्नेछ ।

## धनु

समय बलियो छ । सोच्ने शक्ति बढ्नेछ । मन प्रसन्न रहला । सानै प्रयासले पनि ठूलो काममा सफलता हात लाग्नेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । अधुरा कामहरू पूरा हुनेछन् । आम्दानी पनि हुनेछ । पराक्रम बढ्नुका साथै व्यवसायमा लाभ हुने तथा वैदेशिक कार्यमा सफलता मिल्ने योग छ । अध्ययनमा सोचेजस्तै सफलता प्राप्त हुनेछ ।

## वृष

साताको पूर्वार्द्ध त्यति अनुकूल देखिँदैन । सुरुमा स्वास्थ्य कमजोर रहनेछ । मनमा दुविधा एवं शरीरमा आलस्यता बढ्नेछ । अरूबाट आलोचना पनि हुनेछ । शत्रु बढ्नेछन् भने अरूले गरेको गलत कार्यको दोष तपाईंमाथि आउन सक्छ । सोमबारदेखि धार्मिक कार्यमा रुचि बढ्नेछ । मानसम्मानका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ ।

## कन्या

प्रतिस्पर्धा गर्नुपरे पनि समय तपाईंको पक्षमा रहनेछ । सुरुमा पराक्रम बढ्नेछ । अधुरा काम पूरा हुनुका साथै नयाँ काम पनि प्राप्त होला । प्रसन्नता बढ्नेछ । आफन्तहरूको सहयोग पनि मिल्नेछ । सोच्ने शक्ति बढ्नेछ । धन आर्जन हुने योग छ । बोलीमा अरूलाई लट्ठ पार्न सकिनेछ । साताको अन्त्यतिर भने स्वास्थ्य गडबड हुनुका साथै शत्रु बढ्नेछन् ।

## मकर

सुधारको लक्षण देखिए पनि धैर्य गर्नुपर्नेछ । सुरुमा खर्च, गलत विचार एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग भए पनि सोमबारदेखि मानसम्मान मिल्ने एवं भोजभतेरमा सामेल हुने अवसर प्राप्त हुनेछ । स्वास्थ्यमा क्रमिक सुधार आउनेछ । भाग्यले पनि साथ दिनेछ । पुराना समस्याहरू हट्दै जानेछन् । आम्दानी पनि बढ्नेछ ।

## मिथुन

समष्टिमा साता राम्रो छ । सुरुमा धन आर्जन तथा रमाइलो यात्रा गर्ने अवसर मिल्नेछ । व्यवसाय एवं वैदेशिक कार्यमा रुचिका साथै सोच्ने शक्ति बढ्नेछ । अध्ययनमा लाभ हुने योग छ । बौद्धिक कार्यमा सफलता मिल्नेछ । धार्मिक कार्यमा मन जानेछ । सोमबार तथा मंगलबार स्वास्थ्यमा समस्या उत्पन्न हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ ।

## तुला

सुरुमा पराक्रम बढ्नेछ । धेरै अधुरा काम पूरा हुनेछन् । नयाँ काम पनि प्राप्त हुनसक्छ । आँट एवं साहसका साथै सोच्ने शक्ति बढ्नेछ । मित्रहरूले सहयोग गर्नेछन् । खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ । मानसम्मान पनि मिल्नेछ । झूटा आरोप लाग्न सक्ने हुँदा संयम अपनाउनुहोला । अरूको विश्वास गर्नु त्यति उचित देखिँदैन ।

## कुम्भ

मानसम्मान प्राप्त हुनेछ । भाग्य बलियो भए पनि स्वास्थ्यमा समस्या देखा पर्न सक्ने हुँदा सचेत रहनुहोला । धार्मिक कार्यमा मन जानेछ । धन आर्जन गर्ने अवसर मिल्नेछ । सोच्ने शक्ति एवं अध्ययनमा रुचि बढ्नेछ । भोजभतेरमा सामेल हुने अवसर पनि जुट्नेछ । सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ ।

## कर्कट

समय बलियो छ । पराक्रम बढ्नुका साथै अधुरा कामहरू पूरा हुनेछन् । नयाँ काम पनि प्राप्त हुनसक्छ । आफन्तबाट सहयोग पनि जुट्नेछ । घरेलु काममा रुचि बढ्नेछ । धन आर्जन हुनसक्छ । शत्रुसित प्रतिस्पर्धा गर्नुपरे पनि जित तपाईंकै हुनेछ । यात्राको योग छ । बुधबार तथा बिहीबार स्वास्थ्यमा समस्या उत्पन्न एवं काममा बाधा खडा हुनसक्छ ।

## वृश्चिक

प्रसन्नताका साथै जोस एवं जाँगर बढ्नेछ । अरूले तपाईंको प्रशंसा गर्नेछन् । सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ । धन आर्जन हुने योग छ । आफन्तहरूबाट उचित सहयोग प्राप्त हुनेछ । ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन् । बोल्दा विचार पुऱ्याउनुहोला । खर्च तथा विवाद बढ्ने योग पनि छ ।

## मीन

साताको पूर्वार्द्ध अनुकूल रहनेछ । सुरुमा मानसम्मान मिल्नेछ । सोच्ने शक्ति पनि बढ्नेछ । यात्रा गर्ने अवसर जुट्नुका साथै व्यवसायबाट सोचेजस्तै लाभ प्राप्त हुनेछ । धन आर्जन पनि हुनसक्छ । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने योग भए पनि बुधबार तथा बिहीबार स्वास्थ्यमा समस्या देखा पर्नसक्छ ।

### यो साताको पञ्चाङ्ग

असोज १३ गते : फूलपाति, १४ गते : महाअष्टमी, १५ गते : महानवमी, १६ गते : विजयादशमी, १७ गते : एकादशी, २१ गते कोजाग्रत पूर्णिमा

# चियाबारीमा हो चियाबारीमा..



**साप्ताहिक समाचार**

काठमाडौं– दसैं नेपालीका घरदैलोमा आइसके पनि मौसमले भने अझै मनसुन नसकिएको संकेत दिइरहेको छ । घटस्थापनाको दिन शनिबार राति आठ बजेतिर नयाँ बानेश्वरस्थित होटल एभरेस्टको पौडीपोखरीनजिकैको हलमा डिजे सन्तोष आफ्ना डिजे साथीहरूका साथ निम्तालु साथीभाइहरूलाई नचाउन तयार हुँदै थिए । सिमसिमे पानी परिरहेकै थियो । पहिले पौडीपोखरीको किनारमा गर्ने भनेर तयार भएको कार्यक्रम अन्तिम समयमा आएर हलभित्र गर्नुपर्‍यो । पानी नरोकिएकै कारण निम्तालु पनि कार्यक्रमस्थलमा ढिलो आइरहेका थिए ।

नौ बज्नै लाग्दा उद्घोषक दीपेश श्रेष्ठले केही भूमिका बाँध्दै त्यो दिनको मुख्य कार्यक्रम 'एडिक्सन–टु'को विमोचन गराए । रिमिक्स एल्बम भएकाले त्यसको विमोचन डिजे सन्तोष, डिजे बिम्यान, डिजे क्रान्ति तथा डिजे पायलले संयुक्त रूपमा गरे । एल्बममा रहेको एउटा रिमिक्स 'चियाबारीमा हो चियाबारीमा..'को म्युजिक भिडियो देखाएपछि कार्यक्रम डान्स पार्टीमा परिणत भयो । उपस्थित चारै जना डिजेले पालैपालो 'एडिक्सन–टु'का साथै विभिन्न हिन्दी तथा अंग्रेजी गीतहरू बजाएर मध्यरातसम्म उपस्थित सबैलाई नचाए ।

घटस्थापनाको अघिल्लो दिन अर्थात् शुक्रबार लैनचौरस्थित लिक्विड लन्जमा साँझैदेखि चहलपहल सुरु भैसकेको थियो । चहलपहलका कारण दसैंको पूर्वसन्ध्यामा रमाइलो गराउने उद्देश्यले हरेक महिनाजसो कुनै न कुनै कार्यक्रमको आयोजना गरिरहने पार्टी नेपाल डटकमद्वारा आयोजित डान्स पार्टी थियो । हिन्दी तथा अंग्रेजी गीतको नौलो स्वाद पस्कन आयोजकले दिल्लीको नशा क्लबका डिजे डिजिटलाई पार्टीको आकर्षण बनाएका थिए ।

नौ बजे प्रारम्भ भएको उक्त डान्स पार्टीको शीर्षक 'क्वेन्च योर थर्स्ट' राखिएको थियो । त्यही दिन साँझ दसैंकै अवसरमा कान्तिपथस्थित क्लब १९०५मा 'डान्स फोर पिस एन्ड लभ' शीर्षकको डान्स पार्टी सम्पन्न भयो । उक्त पार्टीमा डिजे बिम्यान तथा डिजे भाइभले साँझ सात बजेदेखि रातभरि विभिन्न हिन्दी, अंग्रेजी मिक्सहरू बजाएर उपस्थित सबैलाई नचाए ।

त्यसैगरी सानेपास्थित इन्टरनेसनल क्लबको पौडीपोखरीवरपर 'पुलसाइट डान्स' शीर्षकमा साँझ सात बजेतिर डान्सपार्टी प्रारम्भ भयो । उक्त डान्स पार्टीमा डिजे एनभिएनले विभिन्न रमाइला डान्सिङ नम्बरहरू बजाएर सबैको मन जिते । रातभरि पानी परिरहे पनि पिउँदै र खाँदै ती डान्सपार्टीहरूमा उपस्थित 'पार्टी एनिमल'हरू रुझ्दै भए पनि नाचिरहे ।

रक्सबारलाई धूवैधूवाँले छोपेको थियो । विभिन्न डान्स नम्बरहरूको तालमा हरियो, नीलो, रातो आदि रंगबिरंगी लेजर लाइट पनि नाचिरहेका थिए । त्यो रमाइलो दृश्य देखेर दर्शकहरूको भीड डान्स फ्लोरतर्फ बढ्दै थियो । कोलकातास्थित टाइम्स म्युजिककी डिजे अल्पना गोहा डिजे मेसिन सञ्चालन गर्दै विभिन्न हिन्दी आइटम नम्बरहरू बजाउन तल्लीन थिइन् । गत शुक्रबार रक्सका डिजे राजुको 'वार्मअप म्युजिक'ले नौ बजेदेखि दस बजेसम्म दर्शकहरूलाई नचाएपछि डिजे अल्पना डिजे रुममा देखा परिन् । त्यसपछि उनले राति साढे एक बजेसम्म निरन्तर डिजेइङ गरिरहिन् । ट्रेन्ज एडभर्टाइजिङले दसैंको शुभकामना आदानप्रदान गर्नका लागि डान्सपार्टी 'दसैं सेन्सेसन'को आयोजना गरेको थियो ।

## डान्स पार्टीको लहर

**टोपराज शर्मा**

बुटवल– गत सालसम्म वर्षदिनमा मुस्किलले एउटा डान्स पार्टी आयोजना हुने बुटवलमा विस्तारै डान्स पार्टीप्रति आकर्षण बढ्दै गएको छ । दसैं आगमनको पूर्वसन्ध्यामा मात्रै अहिले प्रत्येक साता एउटा डान्स पार्टी आयोजना गर्ने लहर नै चलेको छ । डान्स पार्टीमा सहभागी हुनेहरूको संख्या पनि उत्साहजनक रूपमा बढ्दै गएको छ । गत साता एचिभर्स कलेजका विद्यार्थीहरूले बुटवलको नाङ्लो होटलमा आयोजना गरेको डान्स पार्टीमा करिब तीन सय जना सहभागी भएपछि उत्साहित भएर ड्रिम्स मल्टिमिडियाले बुटवलसँगै जोडिएको मणिग्रामको समरल्याण्ड रिसोर्टमा यही आइतबार दसैं स्पेसल डान्स पार्टी सम्पन्न गर्‍यो । डान्स पार्टीमा कलेज पढ्ने युवायुवती मात्र होइन विवाहित जोडी र उद्योगी–व्यवसायीको पनि उपस्थितिले आयोजकलाई हौसला मिल्दै गएको ड्रिम्स मल्टिमिडियाका गणेश रानाले साप्ताहिकलाई बताए । दसैंकै अवसर पारेर शो क्राफ्ट इन्टरनेसनलले यही असोज १२ गते बुटवलमा अर्को डान्स पार्टी आयोजित गरेको छ ।





उत्तीर्ण हुनेको उद्देश्य लिई अध्यापन गराईदैछ ।
भर्ना खुल्यो-०६३
Private
D.E.O.
T.U.
Regular: Tuition & Coaching
Test-SLC, I.A. I.Com. I.Sc. +2, CBSE, Bachelor & Master

अचूक उपचार
४-४१८०४१

हेलो हटलाईन ?

# प्रविधिसँगको दसैं



शुभविजया

**विदुर खतिवडा**

अमेरिकामा बस्दै आएका सुरेश श्रेष्ठ र ममता श्रेष्ठले आफ्नो छोराको न्वारान नेपालमा बसेका आमा-बाबु शान्तिमाया श्रेष्ठ र रुद्रमान प्रधानबाट गराए । त्यो पनि डिजिटल प्रविधिको प्रयोग गरेर । एकातर्फ अमेरिकामा बस्नेहरू अनलाइन भिडियोमा, अर्कातर्फ नेपालमा हजुरबाबु, आमा र पण्डित पनि अनलाइन भिडियोमा । नेपालबाट विधिअनुसारको पूजापाठ सुरु भयो, जसमा कर्ताको भूमिका अमेरिकामा बस्नेहरूले पूरा गर्दै गए । पण्डितजीले भनेअनुसार विधि पूरा गरेपछि यहाँ बस्ने हजुरबुबा-आमाले केही सेकेन्डमै अमेरिकामा बस्ने छोरा-बुहारीलाई नातिको नाम सम्प्रेषण गर्न सफल भए । सात समुद्रपारिको देशलाई अनलाइन डिजिटल प्रविधिले कसरी नजिक बनाएको छ भन्ने राम्रो उदाहरण हो यो । यो त भयो न्वारानको कुरा, ब्रिटिस गोर्खामा कार्यरत लाहुरेलाई छोरी दिएका एक पोखरेली गुरुङ परिवारले बेहुला ज्वाइँको अनुपस्थितिमा अनलाइनबाटै छोरीको विवाह पनि गराइदिएको थियो । 'ल्यापटपबाटै विवाह सम्पन्न हुन्छ,' पोखराका राम गुरुङ भन्छन्- 'त्यसो त अनलाइन प्रविधि नहुँदा फोटो राखेर पनिविवाह विधि पूरा गरिन्थ्यो ।'

सूचना तथा सञ्चार प्रविधिको विकासका कारण सञ्चारका दृष्टिकोणले अहिले विश्व एउटा सानो गाउँमा परिणत भएको छ । यसकारण हामी केही सेकेन्डमै आफ्ना कुरा विश्वसामु र विश्वका कुरा आफूले ग्रहण गर्ने सामर्थ्य राख्न सक्छौं । विभिन्न कारणले बिदेसिएका आफन्तजनसँग पनि प्रविधि उपयोग गरेर संवाद गर्न सकिन्छ ।

यतिखेर नेपाली खासगरी हिन्दू धर्मावलम्बीहरूको महान् चाड दसैंले देशलाई नै छोपेको छ । कामकाजका सिलसिलामा टाढिएका परिवारका सदस्यहरू भेला हुने पनि यो उपयुक्त अवसर हो। तर वैदेशिक रोजगार र अध्ययनका क्रममा विदेश पुगेकाहरूमध्ये धेरै दसैं मनाउनकै लागि स्वदेश फर्कन असमर्थ पनि हुन्छन् । यस्तो समयमा आशीर्वाद प्राप्त गर्ने दसैंजस्तो महान् चाड मनाउन प्रविधिको सहयोग लिन सकिन्छ । अनलाइन भिडियोमा टीका लगाउन नमिले पनि आफन्तलाई हेर्दै आशीर्वाद ग्रहण गर्न सकिन्छ, यो ट्रेन्ड पनि आइसकेको छ, सूचना तथा सञ्चार प्रविधिविज्ञ राजीव सुब्बा भन्छन्- 'विदेशमा बसेकाले पनि स्वदेशमा बसेका आफन्तलाई हेर्दै वा माइक्रोफोन र एयरफोनको सहायताले गफ गर्दै दसैं मनाउन सक्छन् ।' राजीवले केही समयअघि मात्र उनकी श्रीमतीको जन्मदिनको बर्थ डे केक काटेको समारोह बैंककमा बस्दै आएका भाइबुहारीसँग अनलाइन भिडियो संवाद गर्दै मनाएका थिए । उनले भने- 'skibe.com बाट भिडियो फोन डाउनलोड गरेर सजिलै भिडियो कुराकानी गर्न सम्भव भएको थियो ।' सुब्बाले भनेजस्तै कम्प्युटर प्रयोगकर्ताहरूले दसैंजस्तो चाड एक-अर्कामा शुभकामना आदान-प्रदान गर्दै मनाउन सक्छन् । यसकारण आज फूलपातीदेखि नै विदेशमा बस्नेहरूलाई विजयादशमीसम्मका गतिविधि अनलाइन भिडियोमार्फत देखाएर कुराकानी गर्ने कि ?


दसैंको समयमा विभिन्न पूजापाठ गर्नुपरे पण्डितहरूको आवश्यकता पर्छ । विदेशमा बस्दै आएका नेपालीले त्यहाँ पण्डित नपाउने हुँदा समस्या हुने गरेको छ । यसलाई समाधान गर्न अडियो वा भिडियो रूपमा रेकर्ड गरिएका पूजाविधि सामग्रीको सहायता लिन सकिन्छ । नेपालमै पनि पशुपति क्षेत्र विकास कोषले भारतको आईसीआईसीआई बैंकको खातामा २५ अमेरिकी डलर जम्मा गरे पूजा विधि यतैबाट सम्पन्न गर्ने कार्यक्रम ल्याएको थियो, तर यो सेवालाई कोषले अहिले सुचारु गर्न सकेको छैन । अहिले पनि छिमेकी मुलुक भारतका कतिपय बेवसाइटमार्फत विदेशमा बस्ने नेपालीले यो सुविधा लिन सक्छन् ।

दसैं हिन्दू धर्मावलम्बी नेपालीहरूको सबैभन्दा ठूलो चाड भएकाले विदेशमा बस्नेहरूले पनि एक दिन मात्रै निकालेर भए पनि धूमधामका साथ मनाउने गरेका छन् । 'विदेशमा बस्नेहरूले पनि आफूमध्ये वरिष्ठ मान्छेको हातबाट टीका थाप्ने गरेका छन्,' अमेरिकाबाट भर्खरै नेपाल फर्किएका भक्तपुरका उपेन्द्र पौडेल भन्छन्- 'हामी बस्ने घरमा ७० नाघेका नेपाली वृद्ध हुनुहुन्थ्यो, त्यहाँ बस्ने सबैले उहाँकै हातबाट टीका थाप्थे ।' सूचना तथा सञ्चार प्रविधिको उपयोगका सन्दर्भमा कम्प्युटरको पहुँच नभएकाहरूले फोनमार्फत पनि दसैंका शुभकामना आदान-प्रदान गर्न सक्छन् । दसैं नजिकिँदै जाँदा अनलाइन र एसएमएस प्रविधिको सहायताले शुभकामना सन्देशको प्रवाह ह्वात्तै बढेको छ । कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) का अध्यक्ष विप्लवमान सिंह भन्छन्- 'यसपटक त घटस्थापनाका दिन आएको एसएमएसको बाढीले अहिलेसम्मकै रेकर्ड तोडेको छ । नेपाल टेलिकम र मेरो मोबाइल दुवै कम्पनीले दसैं-तिहार अवधिभर एसएमएसमा छुट प्याकेज ल्याएका छन् ।

नेपाल टेलिकमले जनाएअनुसार गत वर्ष १० लाख एसएमएस आदान-प्रदान भएको थियो । मोबाइल प्रदायक संस्था थपिनु तथा प्रयोगकर्ताको संख्या पनि बढेकाले यसपटक यसको दुई गुनाभन्दा माथिको कारोबार हुने निश्चित छ । फोन गरेर शुभकामना दिनुभन्दा एसएमएस गर्नु कता हो कता उत्तम, इन्जिनियरिङ अध्ययनरत विद्यार्थी विकास झा भन्छन्– छुट मूल्यमा आफूलाई चिन्ने सबैलाई एसएमएसबाटै दसैंको शुभकामना प्रदान गर्न सकिन्छ । यतिमात्र होइन, दसैंकै अवसर पारेर फोन प्रदायक संस्थाहरूले टेलिफोनमा पनि भारी छुट उपलब्ध गराएका छन् ।

दसैंकै समयमा कम्प्युटर प्रयोगकर्ताहरूले आकर्षक ग्रिटिङ्स कार्ड पनि पठाउने गरेका छन् । यस्ता ग्रिटिङ कार्डमा दुर्गा भवानी, जमरा, आशीर्वाद ग्रहण गरिरहेका र अन्य थुप्रै किसिमका तस्बिर राखेर शुभकामना सन्देश पठाउन सकिन्छ । अमेरिकाबाट दसैं मनाउन नेपाल फर्किएका पौडेलका अनुसार अहिले धेरै नेपाली बेबसाइटमा यस्ता फ्रि ग्रिटिङ कार्ड उपलब्ध छन् । जसलाई उपयोग गरेर शुभकामना पठाउन सकिन्छ । यस्ता ग्रिटिङ कार्डलाई सशुल्क पनि उपलब्ध गराइन्छ । जुन शुल्क क्रेडिट ट्रान्सफरमार्फत बेबसाइट कम्पनीले प्राप्त गर्छन् । गुगलमा सर्च गरेर ती साइटहरूका बारेमा जानकारी लिन सकिन्छ । नेपाली बजारमा उपलब्ध सामान पनि विदेशमा बस्नेहरूले स्वदेशमा बस्नेहरूलाई उपहारका रूपमा प्रदान गर्न सक्छन् । करिब आधा दशक अघिदेखि यस किसिमको कारोबार गरिरहेको मुन्चा हाउस डटकमले विदेशमा बस्ने नेपालीहरूले पठाएको उपहार स्वदेशमा बस्नेहरूलाई पुर्‍याउँदै आएको छ । मुन्चाको सेवाशुल्कबापतको रकम क्रेडिट एकाउन्टबाट पठाएर यो सेवा प्राप्त गर्न सकिन्छ । सूचना प्रविधि विज्ञ सुब्बाका अनुसार गत वर्ष बैंककमा बस्दै आएका उनका भाइले उनलाई पनि मुन्चा हाउसमार्फत नै खसी उपहार पठाएका थिए ।

प्रविधिको विकाससँगै दसैं मनाउने तरिकामा पनि फरक आइसकेको छ । दसैंमा टीका थापिरहेको, खसी काटेको र रमाइलो गरिरहेको दृश्यलाई डिजिटलाइज्ड गरेर कम्प्युटरमार्फत हेर्न सकिन्छ । यसलाई हेरेर विदेशमा बस्नेहरूले पनि मनारेञ्जन गर्न सक्छन् । 'चाडबाडको समयमा खास गरी दसैंको समयमा घरमा नभएर अर्काको देशमा हुनुपर्दा निश्चित रूपमा खल्लो अनुभव हुन्छ, पौडेल भन्छन्- 'तर स्वदेशमा परिवारका अन्य सदस्यले आफूलाई सम्झँदै मनाएको दसैंलाई टाढाबाट अवलोकन गर्नुको मज्जा पनि छुट्टै छ ।'



## सिमसिमे पानीमा नमस्ते बुटवल

**टोपराज शर्मा**



बुटवल– सिमसिमे पानीका बीच गत शुक्रबार यहाँको कालिका मा.वि. प्राङ्गणमा आयोजित नमस्ते बुटवल २०६३ नामक सांगीतिक तथा हास्यव्यंग्य कार्यक्रमलाई झन्डै तीन हजार दर्शकले रुँझ्दै-भिज्दै जमेर साथ दिए । सधैं टेलिभिजनको पर्दामा मात्रै देखिने चर्चित गायक-गायिका तथा हास्यकलाकारलाई आफ्नै सहरमा पाउँदा बुटवलबासी दिनभर परेको झरीको वास्ता नगरी उनीहरूसँगै नाचे, गाए अनि पेट मिचिमिची हाँसेर भरपूर मनोरञ्जन लिए । एम्बुलेन्स खरिदका लागि मेघा कन्सर्टका रूपमा आयोजित कार्यक्रममा अस्वस्थताका बाबजुद गायक हेमन्त शर्माले आफ्नो नयाँ गीत 'आउँदै गर मालती' र 'फूल हौ भने बसाइदेऊ' प्रस्तुत गर्दै एम्बुलेन्सका लागि नगद रु. तीन हजार प्रदान गरे भने लोकदोहोरी गायिका सिर्जना विरही थापाले 'बटौली बजारमा', 'एउटा चिठी लेख्न मन लाछ', 'जमाना खराब छ' जस्ता गीतसँगै बीचबीचमा रमाइला मुक्तक र सायरी जोडेर युवाहरूको मन जित्ने प्रयास गरिन् ।

कार्यक्रममा तीतो सत्यका जोडी दीपकराज गिरी र दीपाश्री निरौला तथा श्री थापा लाहुरे र गोपाल नेपाल फिस्टेको छुट्टाछुट्टै अनि सामूहिक अभिनयले नेताहरूको खराब आचरण र राजनीतिप्रति तीखो व्यंग्य प्रहार गर्‍यो । त्यस्तै पप गीत-संगीतका पारखीहरूलाई गायक सुदीप गिरीका 'म त तिम्रै हो नि', 'सान्नानी' र 'टुट्नु थियो टुट्यो मुटु' तथा मिङ्मा शेर्पाका 'छमछम पाउजु बजाउँदा र 'नमुना बनाइदियौ' ले सबैलाई धीत मरुन्जेल नचायो। चर्चित टेलिभिजन कार्यक्रम प्रस्तोता सरोज केसीको उद्घोषणले रौनक थपेको नमस्ते बुटवलमा गायक राजन ठकुरी तथा प्रकाश घिमिरेले पनि आफ्ना गीतहरू प्रस्तुत गरेका थिए।

## म्युजिक फिएस्टा

गायक सुगम पोखरेल स्टेजमा आउनेबित्तिकै दर्शकदीर्घाबाट उनको भव्य स्वागत गरियो । सुगमले 'मेरो संसार तिमी नै हौ' गाउँदा त झनै दर्शकले उनलाई अन्तिम समयसम्म साथ दिए । गत सोमबार 'शान्तिका लागि एकता' भन्ने शीर्षकका साथ काठमाडौंको दशरथ रंगशालामा 'म्युजिक फिएस्टा' नामक सांगीतिक कार्यक्रम सम्पन्न भयो। जसमा लोकप्रिय गायक-गायिकाहरूले सयौंको संख्यामा रहेका दर्शकसमक्ष आफ्ना लोकप्रिय सृजना प्रस्तुत गरे। गायक सुनिल बर्देवाले 'गोरेटो अनि उस्तै छ गल्ली' र 'तिमी नै तिमी छौ मेरो हरसासमा' गीत गाउँदै रंगशालालाई संगीतमय बनाएका थिए भने हिपप गायक निर्णय श्रेष्ठ र प्राश्ना शाक्यको जोडीले 'म नेपाली ....' गीतमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गरे।

पूर्व मिस नेपाल माल्भिका सुब्बाको उद्घोषणले कार्यक्रममा ऊर्जा थपेको थियो। पटकपटक पानी पर्ने र रोकिने भैरहँदा दर्शकलाई बीचमै कार्यक्रम स्थगित हुन्छ कि भन्ने द्विविधा पनि त्यत्तिकै थियो। 'तर दर्शकले गायक-गायिकालाई खुलेर साथ दिए,' आयोजक मिडिया माइन्ड एक सदस्यले भने– 'मौसमले त्यति साथ नदिए पनि कार्यक्रम सफल भएको छ ।' गत शनिबार हुने भनिएको सो कार्यक्रम खराब मौसमका कारण नै सरेको थियो । कार्यक्रममा गायकहरू राजीव लोहनी, प्रमोद निर्वाणलगायतले पनि आफ्ना चर्चित गीत प्रस्तुत गरेका थिए ।

## खेलाडीहरूको सम्मानमा फेसन

गत मंगलबार अन्नपूर्ण होटलमा सजाइएको र्‍याम्पको उद्देश्य मोडलहरूको क्याटवाक, डिजाइनरहरूको सृजना र केही गीतसंगीतको सांगीतिक विश्रामका लागि मात्रै थिएन । उद्देश्य थियो– भर्खरै श्रीलंकामा सम्पन्न दसौं दक्षिण एसियाली खेलकुद (साग) मा नेपालका लागि पदक विजेता खेलाडीहरूको सम्मान । ग्यालेक्सी मोडलिङ एजेन्सीका लागि प्रभाकर लामा र राजीव महर्जन आयोजक रहेको ग्ल्यामर एन्ड स्पोर्ट्स नामक सो कार्यक्रममा तेक्वान्दो खेलमा स्वर्णपदक विजेता दीपक विष्ट र मनिता शाही, रजत पदक विजेताहरू आयशा शाक्य, पद्मा गुरुङ र कुमार मानन्धर तथा रनिङ्मा रजतपदक विजेता कान्छीमाया कोजुलाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो ।

विजेता खेलाडीहरूलाई उपकार सेभिङ एन्ड क्रेडिटको ज्ञानबहादुर बमजनले कदरपत्र प्रदान गरेका थिए । खेलाडीहरूको सम्मानमा आयोजित उक्त कार्यक्रममा नमुना कलेज, एनआईएफटी एवं कक्री कटर्स ग्रुपका डिजाइनरहरूले तयार पारेका विभिन्न पहिरन लगाएर सहभागी पुरुष तथा महिलाहरूले क्याटवाक गरेका थिए । चिल्ड्रेन अफ द इअर प्रतिस्पर्धाका बालबालिकाको फेसन शो पनि समावेश रहेको उक्त कार्यक्रमको कोरियोग्राफी सञ्जित श्रेष्ठले गरेका थिए ।




प्राइभेट एक्जाम्टेड Test/SLC

अन्तिम भर्ना

लगनखेल
2120693, 9841-338476
9841-306634
Small Heaven Academy


सोह्रखुट्टे चोक
016214510, 4442957
9841-207258
BMTC Academy

के तपाई SLC मा असफल हुनु भयो?
कक्षा ८ पास गरेर तपाईंको पढाई रोकियो?
तपाईंलाई सफल गराई तपाईंको पढाइलाई निरन्तरता दिन
SLC Exampted
Private Test/SLC
को विशेष तयारी कक्षाहरुमा भर्ना खुल्यो।
SEA PUBLIC OPEN SCHOOL
Thamel, Ktm Ph: 4420537
Email : seapublic@enet.com.np

प्राईभेट टेष्ट SLC - २०६३
१००% ग्यारेन्टीका साथ अन्तिम भर्ना
SLC, Test वा कक्षा ९ फेल भै निराश भएका र कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका साथै स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरुका लागि
सुवर्ण अवसर
माध्यम : नेपाली, अंग्रेजी दुवै
समय : बिहान, दिउसो र बेलुका
साथै होस्टेलको पनि राम्रो व्यवस्था छ ।
- कक्षा ९ र १० को दुई वर्षको Course एकै वर्षमा Complete गराईने ।
- अत्यन्त योग्य र अनुभवि शिक्षक, शिक्षिकाद्वारा अध्यापन गराईने ।
- विगतका वर्षहरुमा उत्कृष्ट Result ल्याउन सफल ।
- विद्यार्थीको बुझ्ने क्षमताको आधारमा पढाईने ।
SAMJHANA ACADEMY
अद्वैत मार्ग, महेन्द्रपुलिस क्लव ठिक पछाडी
फोन: ४२४६३९७



डा. डी. पी. भण्डारीसँग
अन्तरंग



शुभविजया

# श्रद्धा र प्रेम : दसैंको आत्मा

*यदि तिमीभित्र प्रेमपूर्ण हृदय छ भने तिम्रो सम्पूर्ण जीवन नै एक महोत्सव हुन्छ ।*
**– खलील जिब्रान**

*इश्कने गालिब निकम्मा करदिया,*
*वर्ना हम भी आदमी थे कामके ।*
**– मिर्जा गालिब**

**प्रिय विपासना,**

दसैं मात्र होइन संसारमा मनाइने लगभग सबै धार्मिक र धर्मनिरपेक्ष पर्व एवं उत्सवहरूको स्रोत प्रेम नै हुन्छ- मानिस र मानवीय मूल्यप्रतिको आस्था र पराभौतिक प्रेम । कृष्ण, राम, जिसस, मोहम्मद, महावीर, बुद्ध आदि महामानव, भगवान् वा भगवान्का सन्देशवाहकहरूको एकान्तिक एब्सोल्युट जोड- अन्तिम विश्लेषणमा- प्रेममाथि नै हुन्छ र साथै घृणा र संकीर्णताको विसर्जनमाथि हुन्छ । प्रथम र अन्तिम अवलोकनमा मिर्जा गालिबको इश्कको अभिप्राय लौकिक प्रेम नै देखिन्छ, तिमी र मजस्ता पाठकहरूका लागि । जिब्रान, फरिद, राविया, जलालुद्दिन रुमी र अरू धेरै सुफी सन्तहरूको प्रणय चर्चा लौकिक प्रेमभन्दा पर जान्छ- करिब इल्हाम, निर्वाण र मोक्ष्यको अभिलाषा वा मोक्ष्यको अनुभूतिको अनिर्वचनीय व्यञ्जनातिर ।

इस्लाम धर्मअन्तर्गत घटित हुने केही आध्यात्म उत्प्रेरित, विशेषतः सूफी सम्प्रदाय सम्बद्ध धार्मिक घटनाहरू गहिरिएर हेर्न सक्यौं भने उच्चतम प्रेममाथि नै आधारित छन् । कर्कश विडम्बना, सामान्य लौकिक संसारमा सीमित एउटै छ : जति धेरै पुराणप्रेरित धार्मिक महत्त्वपूर्ण पर्वहरू मनाइन्छन् त्यति नै बढी मानवीय दुर्बलताका, संकीर्णताका परिचायक दुर्घटनाहरू घट्छन्, अधिकांशतः घट्छन् । हिन्दुहरूका पुराणप्रेरित उत्सवहरूमा सापेक्षतः हिंसाको अनुभूति कम हुन्छ ।

मानवीय हिंसा । देवीदेवताहरूलाई विविध बहानामा बलि चढाउने पशु-वधलाई हिंसाको सीमाभित्र परिभाषित गर्ने चलन नभएकाले लोकमानसले त्यसलाई हिंसाको रूपमा लिन स्वीकार गर्न सकेको छैन । अरू धर्मप्रेरित उत्सवहरूमा पनि त्यसलाई हिंसा घोषित गर्ने परम्परा छैन- इसाई, इस्लाम, यहुदी, पारसी, सिख धर्मअन्तर्गत कतै पनि पशु-बलिको भर्त्सना गरेको सुनिँदैन तर हिन्दू धर्मअन्तर्गतका वैष्णवहरू कुनै प्रकारको हिंसाका पनि कट्टर विरोधी हुन्छन् जस्तै गुरुत्व लिएर आएको चाड भए पनि । मेरो सूचनाको सिमानाभित्र बौद्ध र जैन धर्ममा पशु-हिंसा पूर्णतः वर्जित छ ।

प्रिय विपासना ! आज दसैंको पुनित अवसरमा प्रेम र हिंसाको चर्चा गर्नुको बलशाली कारण हो तिम्रो आफ्नै जीवनचर्याको मधुर स्मृति । तिम्रो जीवनदृष्टि, जीवन बचाइको ढंग र तरिकाबाट म स्वयम् प्रभावित भएको हुनाले पनि हो मैले आजको शीर्षक चुनेको- एक अनपेक्षित शीर्षक । तिम्रो कट्टरता, अति सरलता-चेतना, आफ्नै जिद्दी, शीतल उपेक्षा, अन्यमनस्कता आदि मनोदसाबाट निःसृत हुनसक्ने पीडाको अनुभव जस्तै कठोर र असह्य भए पनि म त्यसलाई सजिलैसित हिंसाको परिभाषाभित्र राख्न डराउँछु, यद्यपि साहित्यिक स्रष्टा र मनोवैज्ञानिकहरू त्यस्तो मुद्रालाई पनि हिंसा नै भन्छन् ।

कुनै स्थितिमा पनि तिमीजस्ती प्रबुद्ध चेतना भएकी नारी हिंस्रक हुन सक्दिनन् भन्ने विश्वास वा अन्धविश्वास मभित्र नहट्ने गरी जमिसकेको छ । तिम्रो परिस्थिति सम्भवतः तिमीलाई धार्मिक उष्मातिर उत्प्रेरित हुनबाट वञ्चित गर्ने खालको हुनसक्छ । तर विश्वास त गर्नैपर्ने हुन्छ आफ्नो अहिंसात्मक दर्शनको बाबजुद पनि तिमी दसैंजस्तो बलि चढाउने पर्वमा पनि बढी उत्फुल्लित, बढी उत्सवपूर्ण हुन्छ्यौ । एकदमै स्वाभाविक मनोभाव, हार्दिक दशा हो त्यस्तो हुनु ।

भैदिएनौ भने शंका गर्ने स्थान हुन्छ कि कतै तिमी कुनै आग्रहबाट आविष्ट त छैनौ ? आफ्नो नैसर्गिक रुचि र संस्कार जस्तो भए पनि तिमी यसपालीको दसैंलाई पनि पूरा हृदयले मनाइरहेकी होलिऊ । जीवनमा आइपर्ने स-साना व्यवधानहरू तिमीजस्ती संकल्प भएकी नारीलाई त्यति चाँडै विचलित गर्न सक्तैनन् जति सामान्य धातुले निर्मित नर र नारीलाई गर्न सक्छन् । तिमी अस्तित्वप्रति प्रेमपूर्ण छौ, दसैंमा त्यो प्रेममा तीव्रता आउनेछ ।

बडादसैंसित सम्बद्ध मिथ, मिथकहरू रोचक छन्, अर्थपूर्ण छन् । विजयादशमीको उच्चारण गर्नासाथ आसुरी वृत्ति र व्यवहारमाथि दैविक शक्तिको विजयको असंदिग्ध अर्थ र अभिप्राय दिन्छ । महाकाली दुर्गाको महिसासुरमाथि, भगवान् रामको रावणमाथिको विजय, दैत्यमाथि देवीको, दानवमाथि देवताको विजय हो । सत्य, शुभ र सौन्दर्यको विजयको उत्सव हो दसैं ।

पारसी धर्ममा प्रकाश वा शुभलाई अह्रीमन, अन्धकार वा अशुभलाई अहुरमज्द भन्दछन् । संसारमा सबै धर्ममा द्वैतको, ड्युएलिज्म अफ इभिल एन्ड गुड, अफ लाइट एन्ड डार्कनेसको सह-उपस्थिति छ । देवता र देवीहरूको, बुद्धहरूको स्थिति मात्र अद्वैतको स्थिति हुन्छ । अद्वैतको आशय हुन्छ अविभाजित, अविचलित, स्थितप्रज्ञको स्थिति । देवता र देवीहरूको शाब्दिक वृतान्त दिनु मेरो क्षमताभन्दा बाहिरको कुरा हो । चराचर जगतप्रति तिनीहरू करुणावान् छन्, प्रेमपूर्ण छन् । पौराणिक गहिराइ र उचाइको दैविक प्रेम र करुणाप्रति कृतज्ञता ज्ञापन गर्न हाम्रा पूर्खाहरूले दसैं, दीपावली र फागुजस्ता पुराणआधारित घटनाहरूको महात्म्य-उत्सवको आविष्कार गरेको हुनुपर्छ ।

आधुनिक मनोविज्ञान पनि जोड दिएर भन्छ : मानिसको जीवनमा यति एकरसता, यति यान्त्रिकता, यति बोरडम छ कि ऊ ज्ञात-अज्ञात रूपले विविधताको खोजीमा भइरहन्छ । त्यो एकरसता, मनोटनीलाई ज्याँ पाल सार्त्र नौजियाको संज्ञा दिन्छन् । पौराणिक रंग भएका उत्सव हाम्रो जीवनबचाइमा सावधिक भावनात्मक तीव्रता ल्याइदिन्छन् । सामान्यतः मानिस एक दुःखी प्राणी हो जो भावनात्मक वैविध्यको खोजीमा रहन्छ तर परितुष्टि पाउँदैन ।

प्रिय ! तिमीलाई थाहा छ किन नेपालीहरू दसैं जति नजिक आउँछ त्यति नै बढी उत्साहित देखिन्छन् । प्रारम्भिक मानव मनोविज्ञानको पुनरुक्त सत्य जोड दिएर भन्छ कि कुनै पनि चीज पाउनुभन्दा पहिले, कुनै पनि गन्तव्य पुग्नुभन्दा पहिले जो खुल्दुली र उमंग मनभित्र आउँछ प्राप्त भइसकेपछि स्वतः यथार्थबीचको भेदरेखा दारुण छ । दसैं आगमनको ध्वनिबाट विपन्न पनि त्यति नै उमंगित हुन्छ जति सम्पन्न हुन्छ । तर कठोर नियति जो छ त्यो छँदैछ : गरिब भारी बोक्दाबोक्दै, गीत गुनगुनाउँदै दसैंको प्रतीक्षामा मस्त हुन्छ, आगमनमा आनन्दित हुन्छ ।

धनी अरू धनीहरूभन्दा कसरी बढी विलासितापूर्वक दसैं मनाउने, कसरी अरूलाई पछाडि पार्ने भन्ने चिन्ताले व्यथित हुन्छ ।

> **“बडादसैंसित सम्बद्ध मिथ, मिथकहरू रोचक छन्, अर्थपूर्ण छन् । विजयादशमीको उच्चारण गर्नासाथ आसुरी वृत्ति र व्यवहारमाथि दैविक शक्तिको विजयको असंदिग्ध अर्थ र अभिप्राय दिन्छ । महाकाली दुर्गाको महिसासुरमाथि, भगवान् रामको रावणमाथिको विजय, दैत्यमाथि देवीको, दानवमाथि देवताको विजय हो । सत्य, शुभ र सौन्दर्यको विजयको उत्सव हो दसैं ।”**

> **“मानवीय हिंसा । देवीदेवताहरूलाई विविध बहानामा बलि चढाउने पशु-वधलाई हिंसाको सीमाभित्र परिभाषित गर्ने चलन नभएकाले लोकमानसले त्यसलाई हिंसाको रूपमा लिन स्वीकार गर्न सकेको छैन । अरू धर्मप्रेरित उत्सवहरूमा पनि त्यसलाई हिंसा घोषित गर्ने परम्परा छैन- इसाई, इस्लाम, यहुदी, पारसी, सिख धर्मअन्तर्गत कतै पनि पशु-बलिको भर्त्सना गरेको सुनिँदैन तर हिन्दू धर्मअन्तर्गतका वैष्णवहरू कुनै प्रकारको हिंसाका पनि कट्टर विरोधी हुन्छन् जस्तै गुरुत्व लिएर आएको चाड भए पनि ।”**


तिरोहित हुँदै जान्छ । यो सत्य युनिभर्सल, सर्वत्र लागू हुने सत्य हो । तिम्रो र मेरो संसारबाहेक सर्वत्र ।

नेपालजस्ता अविकसित समाजका सदस्यहरू, देशका निवासीहरू दुई असमान किनारामा जीवन व्यतीत गरिरहेका यात्रीहरू हुन् : एक निपट विपन्नतामा बाँच्न अभिशप्त, अर्को प्रचूर भौतिक सम्पन्नतामा । दसैंको आगमन सुरुमा दुवैथरीमा जोसको मात्रामा वृद्धि हुन्छ । उत्सवपूर्ण हुने आकांक्षामा समानता हुन्छ । तर गरिबको स्वप्न र धनीको भन्न सक्ने जति यो सानो स्थानमा भनिसकेपछि दोहऱ्याउन चाहन्छु- दसैं उत्सवको मूल अघोषित ध्येय प्रेमपूर्ण हुनु हो- आफैंप्रति, आफन्तप्रति र सम्पूर्ण अस्तित्वप्रति । यदि महनीय पर्वहरूमा हामी खुला हृदयले प्रेमल हुन सक्दैनौं भने हाम्रा सबै कर्मकाण्डहरू अर्थहीन हुन जान्छन् । भगवती दुर्गाप्रति मात्र होइन, भगवान् रामप्रति पनि हामी श्रद्धापूर्ण छैनौं भनी ठाने हुन्छ । प्रत्येक श्रद्धासूचक उत्सवको केन्द्रमा प्रेम नै हुन्छ भन्ने मेरो मान्यता छ ।

# नवरात्रमा पुजिने नवदुर्गा

हिन्दुधर्मावलम्बीहरूको महान् पर्व बडादसैंमा नवरात्रभरि विभिन्न शक्तिपीठहरूमा ठूलो भीड देखिन्छ । प्रतिपदाको दिन घटस्थापना गरी आरम्भ हुने नवरात्र पर्व दशमीको दिन टीका र जमरा लगाएपछि विसर्जन हुन्छ । यस अवधिमा शक्तिरूपले विद्यमान भगवतीका नौ स्वरूपका छुट्टाछुट्टै रूपमा पूजा-अर्चना तथा जपतप गरिन्छ । तिनै नौ स्वरूपका भगवतीलाई हामी नवदुर्गा भन्छौं । काठमाडौं उपत्यकाभित्र मात्र नभै देशभरका विभिन्न शक्तिपीठमा दसैंको नवरात्रिभर पूजा-आराधना गर्दै चण्डी, दुर्गाकवच पाठ गरी समस्त जीव र जगत्को कल्याणका लागि शक्तिको आराधना गरी सिद्धि प्राप्त गरिन्छ ।

नवरात्रभरि काठमाडौं उपत्यकामा नौवटा तीर्थको स्नान, पूजा र अर्चना गरिन्छ । उक्त नवतीर्थहरूमा पुण्यतीर्थ, भवानीतीर्थ, शंकरतीर्थ, चिन्तामणितीर्थ, निर्मलतीर्थ, कालमोचनतीर्थ, पञ्चावतीतीर्थ, शान्ततीर्थ र मनोरथतीर्थ छन् । यस अवसरमा परम्परागत रूपमा नौ रूपका विभिन्न भगवतीको पूजा गरिन्छ ।



**शैलपुत्री** : घटस्थापनाको पहिलो दिन पुजिने देवीको नाम शैलपुत्री हो । हिमालय पर्वतकी पुत्री भएकीले यिनलाई शैलपुत्री भनिएको हो । घटस्थापनाका दिन यिनै देवीको आराधनासहित नदीबाट ल्याएको बालुवामा कलश स्थापना गरी जौ छरेर जमरा राखिन्छ ।

**ब्रह्मचारिणी** : नवरात्रको दोस्रो दिन ब्रह्मचारिणी नाम गरेकी देवीको पूजा-अर्चना गरिन्छ । ब्रह्मचारिणी पनि शैलपुत्रीकै अर्को नाम हो । यिनको दाहिने हातमा जपमाला र देब्रे हातमा कमण्डलु हुन्छ ।

**चन्द्रघण्टा** : सिंहमाथि विराजमान देवीलाई चन्द्रघण्टा भनिन्छ । यिनको पूजा नवरात्रको तेस्रो दिन हुन्छ, यी देवीका पाँच मुख र दस हात हुन्छन् । यिनको हातमा रहेको घण्टाको आवाजले दानवहरू डराउने भएकाले नै यिनलाई चन्द्रघण्टा भनिएको हो ।

**कुष्माण्डा** : सूर्यको झैं तेज भएकी, चौथो दिनमा पुजिने देवी नै कुष्माण्डा हुन्, यी देवीको अट्टहासमा ब्रह्माण्डको उत्पत्ति र विनाश गर्ने शक्ति निहित भएकाले उनलाई कुष्माण्डा भनिएको हो ।

**स्कन्दमाता** : कमलको फूलको आसन भएकी, श्वेत वर्ण तीन आँखा, चार हात भएकी कार्तिकेय कुमारलाई जन्म दिने देवीलाई नै स्कन्दमाता भनिन्छ । यी देवीको पूजा नवरात्रको पाँचौं दिन गरिन्छ ।

**कात्यायनी** : कात्यायन ऋषिकी छोरीका रूपमा स्वयं भवगतीले जन्म लिएकीले नै उनको नाम कात्यायनी रहेको हो । तीन नेत्र आठ हात भएकी यी देवीको स्वरूप स्वर्ण वर्णको छ ।

**महाकाली** : सातौं दिन आराधना गरिने कृष्ण वर्णकी, गधा वाहन भएकी, सास फेर्दा आगोको ज्वाला ओकल्ने देवीलाई महाकाली भनिन्छ ।

**महागौरी** : गोरु वाहन भएकी श्वेत वर्णकी श्वेतवस्त्र धारण गर्ने तीन आँखा चार हात भएकी यी देवीको पूजा-अर्चना नवरात्रको आठौं दिन अर्थात् अष्टमीका दिन गरिन्छ ।

**सिद्धिदात्री** : नवौं दिन पुजिने शक्तिको नाम सिद्धिदात्री हो । मार्कण्डेय पुराण अनुसार सिद्धि प्रदान गर्न सक्ने भएकीले यी देवीलाई सिद्धिदात्री भनिएको हो ।

नवरात्रमा पुजिने नवदुर्गाको आ-आफ्नै परिचय, विशेषता र महत्त्व छ ।

**–देवेन्द्रकुमार**

# विजयादशमीको महत्व

दसैंको महत्त्वपूर्ण दिन विजयादशमीलाई सबै वर्ग, समुदाय एवं जातजातिले उत्तिकै महत्त्व दिई मनाउँदै आएको पाइन्छ । माता दुर्गा सर्वशक्तिमान तथा सर्वव्यापक भएकीले विजयादशमीको दिन प्रसाद र टीका ग्रहण गर्नाले मनोकामना पूरा हुने कुरा दुर्गा सप्तशतिमा उल्लेख छ । विदेश गएका अनि अरू बेला भिन्दै बसेका दाजुभाइ पनि विजयादशमीको दिन मूल घरमा भगवतीको प्रसादस्वरूप टीका-जमरा ग्रहण गर्न घर फर्कने हुँदा पनि विजयादशमीको विशेष महत्त्व छ ।

दसैंका अवसरमा अर्थात् नवरात्र अवधिभर नै भगवती देवीका मन्दिर तथा शक्तिपीठहरूमा पूजा-आराधनाका साथै शक्ति उपासना गरिन्छ । यो पर्वको प्रारम्भ आसुरी शक्तिमाथि दैवी शक्तिको विजय भएको खुसीयालीमा भएको मानिन्छ । त्यसैले पनि दसैंमा भगवतीका मन्दिरहरूमा भक्तिभाव र आस्थास्वरूप काम, क्रोध, लोभ र मोह परित्यागको प्रतीकस्वरूप राँगा, बोका, हाँस, कुखुरा आदि बलि चढाइन्छ ।

बडादसैं नवरात्र एवं आश्विन शुक्ल पक्षबाट सुरु हुन्छ । उक्त दिन नदीबाट चोखो माटो वा बालुवा ल्याई गहुँ, जौ, मकै जमराको रूपमा रोपेर नौ दिनसम्म नित्यकर्मका साथ पूजाआजा गरिन्छ र दसौं दिन देवीको प्रसादस्वरूप ग्रहण गरिन्छ । नवरात्रको नवौं दिनको पनि विशेष महत्त्व छ । यस दिन काठमाडौंको वसन्तपुरस्थित तलेजु भवानीको मन्दिर सर्वसाधारणका लागि खुला हुन्छ । यस दिन कौमारी, मोहनी, त्रिमूर्ति, कल्याण कालिका, सुभद्रा, चण्डिका तथा दुर्गाको पूजा गरिन्छ । नवरात्रभर व्रत बसे सुस्वास्थ्य एवं शक्ति प्राप्त हुने विश्वास गरिन्छ । आख्यानअनुसार नवरात्रमा दुर्गा भवानीको उपासनाले मानव जीवनमा आसुरी प्रवृत्तिको विनाश भै दैवी शक्ति प्राप्त हुन्छ । दसैंमा शक्ति स्वरूपिणीको पूजा-आराधनाले हाम्रो धर्मसंस्कृति एवं परम्पराको जगेर्नासमेत गर्छ ।

दसैंले कालान्तरसम्म पनि सत्यको नै विजय हुन्छ भन्ने शुभसन्देश प्रदान गर्छ, साथै सुस्वास्थ्य, दीर्घायु, सम्पन्नता, ऐश्वर्य, कीर्ति, वैभव, गौरव प्राप्तिका लागि हौसला दिन्छ । विजयादशमीले मानिसलाई सुख, शान्ति, सहयोग, आत्मीयता एवं सद्भावको मार्गमा अभिप्रेरित गर्छ । विजयादशमी बालक, वृद्ध, युवा सबैले राम्रो लुगा लगाई मीठो खाई आफ्ना परिवारसँग हाँसीखुसी मान्दै आएका छौं । विजयादशमीले धर्म, संस्कृतिको पहिचान गराई पुर्खौंदेखिको परम्पराको जगेर्नासमेत गराएको छ । विजयादशमीले पुराण, तन्त्र, शास्त्र र विभिन्न शस्त्रको पूजा गरी हिन्दू समाजमा आइपर्ने संकट तथा विघ्नबाधाहरूको सामना गर्न सधैं सत्यको पक्षमा रहने सन्देश दिन्छ ।

**प्रस्तुति : सन्तोष भुजेल**

# दसैंमा लामो बिदाको औचित्य



शुभविजया

*धर्मनिरपेक्ष राष्ट्र घोषणा भएपछि नेपालीले पहिलो पटक दसैं मनाउँदैछन् । दसैंलाई हिन्दू धर्मावलम्बीहरूको पर्व मानिँदै आएकाले यो पर्वमा दिइने लामो बिदाका बारेमा प्रश्न पनि उठाइँदैछन् । सरकारले भने दसैंलाई हिन्दू धर्मावलम्बीहरूको पर्व नमानेर नेपालीहरूको राष्ट्रिय पर्वका रूपमा लामो बिदा दिएको स्पष्ट पार्ने गरेको छ । नेपालमा १५ प्रतिशतभन्दा बढी नागरिक गैरहिन्दू भएकाले दसैंमा दिइने लामो बिदाका कारण आफ्नो धर्मको अवहेलना भएको ठहर कतिपय गैरहिन्दूको छ । धर्मबाहेक दसैंमा लामो बिदा दिने चलन समाजशास्त्रीय हिसाबले पनि उपयुक्त छैन भन्ने विश्लषकहरू पनि बढ्दै गएका छन् । यस अर्थमा दसैंमा दिइँदै आएको लामो बिदाका सम्बन्धमा प्रश्न उठ्न थालेको छ । यही मेसोमा हामीले दसैंको बिदामा चलेको विवादलाई केन्द्रमा राखेर सबै पक्षसँग बहस गरेका छौं ।*

### विजयकान्त कर्ण

**उपप्राध्यापक**

**त्रिभुवनविश्वविद्यालय, कीर्तिपुर**

नेपाल एउटा अविकसित राष्ट्र हो । हामीले धेरै समय अन्यौल, आशङ्का, युद्ध र अल्छी भएर बितायौं । वास्तवमा हामीले आफ्नो काममा ध्यान दिन पाएनौं वा त्यो वातावरण भएन । अब हामीले आफ्नो परिचय बनाउनु छ । त्यसैले लामो बिदा त्यसै पनि उपयुक्त छैन । सकेसम्म लामो बिदालाई टार्नु नै देशको हितमा छ ।

जहाँसम्म दसैंमा दिइने लामो बिदाको प्रश्न छ, यसलाई हामीले समयअनुसार परिवर्तन गर्दै लानुपर्छ । हिजो हिन्दूराष्ट्र हुँदा हामीले दसैंमा लामो बिदा पायौं, यो राष्ट्रिय नीति पनि थियो । त्यसैले यसलाई उपयुक्त मान्नुपर्ने अवस्था थियो । आज समय परिवर्तन भएको छ । हामीले राष्ट्रलाई धर्मनिरपेक्ष घोषणा गरेका छौं । यदि हाम्रो देश सबै धर्मावलम्बीलाई उत्तिकै महत्त्व दिन्छ भने बिदाको स्वरूप परिवर्तन गर्ने बेला भयो ।

हिन्दू धर्मावलम्बीलाई दसैंमा लामो बिदा दिने र अन्य धर्मालवम्बीहरूको पर्वमा छोटो बिदा दिइन्छ भने छोटो विदा पाउनेहरूले आफूप्रति अन्याय भएको सोच्नु गलत होइन । त्यसैले दसैंलाई अनिवार्य बिदाका रूपमा नलिएर ऐच्छिक बिदाका रूपमा विकास गर्नुपर्छ । यदि एउटा हिन्दूलाई दसैंमा १४ दिन बिदा दिइन्छ भने एउटा मुस्लिमलाई उसको इदमा १४ दिन बिदा दिन पाउने व्यवस्था गर्नुपर्छ, तर माथि भनिएझैं नेपालजस्तो मुलुकमा लामो बिदा उपयुक्त छैन ।

दसैंमा लामो बिदा दिनुको कारण नेपालको भौगोलिक अवस्था एवं यातायातको असुविधा आदि नै प्रमुख थियो । अहिले त पहिलेको तुलनामा बाटोघाटो पनि बनेका छन् । टेलिफोनको सुविधा छ । त्यसैले समयअनुसार बिदाको स्वरूप वा अवधि परिवर्तन गर्नुपर्छ । मानिसको प्रोडक्टिभिटी बढ्ने एवं कसैले पनि आफू अन्यायमा परेको गुनासो गर्न नपर्ने गरी बिदाको योजना बनाउनुपर्छ ।

### सरला गौतम

**रेडियोकर्मी, नेपाल एफएम**

बिदाको अर्थ हो फुर्सद । यदि कोही लामो समय काम गरेर केही समयका लागि शारीरिक एवं मानसिक शान्तिका लागि फुर्सदिलो हुन्छ भने त्यसलाई बिदाको सदुपयोग भएको मान्नुपर्छ । काम गरेपछि बिदा पाउनु नेसर्गिक अधिकार पनि हो । यस अर्थमा राष्ट्रले कुनै विशेष समयको अवसर पारेर बिदा दिनु नयाँ कुरा होइन । यदि दसैंको बिदालाई त्यही रूपमा लिने हो भने यस्तो बिदा हुनुपर्छ ।

यदि दसैंलाई कसैले धार्मिक रूपमा व्याख्या गर्छ भने त्यसले गैरहिन्दूहरूले चित्त दुखाउनु स्वाभाविक हो । यसका लागि सरकारले सबैको चित्त बुझ्ने हिसाबले बिदाको समायोजन गर्न सक्नुपर्छ । नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा भैसकेको अवस्थामा यो कदम चाल्नु राज्यको कर्तव्य हो । घोषणा कार्यान्वयन नहुँदा सरकारलाई विभिन्न आक्षेप लाग्नु स्वाभाविक हो ।

दसैं-तिहारजस्तो बिदामा घरका लोग्नेमानिस जति फुर्सदिला भए त्यति नै घरका महिलाहरूको कामको बोझ बढ्छ । विशेष गरी दसैं-तिहारजस्तो पर्वमा लोग्नेमानिस तास खेलेर बसिदिने र उनीहरूको खानपिन एवं विभिन्न आवश्यकता महिलाले पूरा गर्नुपर्ने बाध्यता वर्षौंदेखि छ । यसले महिलाले बिदाको सदुपयोग गर्न पाउँदैनन्, बरु लोग्नेमानिसहरूको सेवाका कारण लामो बिदाबाट वाक्क हुन्छन् । दसैं मात्र होइन, नारीका लागि कुनै पनि लामो बिदा उपयुक्त छैन । बरु आवश्यकताअनुसार व्यक्तिले आफूलाई चाहिएको बेला सदुपयोग गर्न सक्ने खालको बिदा दिने प्रचलन बसाउनुपर्छ । आफूले चाहेको समयमा बिदा पाउने व्यक्तिले कार्यालयको काम पनि राम्रोसँग गर्न सक्छ । यसरी गरेको कामको परिणाम पनि राम्रो हुन्छ । त्यसैले दसैंको लामो बिदा नारीको पक्षमा छैन ।

### एस.पी. कलौनी

**अध्यक्ष,**

**दक्षिण एसिया अध्ययन तथा विकास केन्द्र**

कसैले विरोध गरे भन्दैमा दसैंको बिदा घटाउनु उपयुक्त हुँदैन । मानिसले आफ्नो इच्छा, चाहना एवं संस्कारअनुसार बिदा लिन्छ र त्यसको सदुपयोग गर्छ । यसको अर्थ गैरहिन्दूलाई पनि दसैं मनाउनुपर्ने बाध्यतामा पार्नु हुँदैन । दसैं मात्रै होइन, पश्चिम नेपालमा गौरापर्व धूमधामसाथ मनाइन्छ । काठमाडौंमा इन्द्रजात्रा त्यहीअनुसार मनाइन्छ । काठमाडौंका व्यक्तिले इन्द्रजात्रामा बिदा पाउँछन् तर गौरापर्वमा पश्चिमेली नेपालीले बिदा पाउँदैनन् । अर्को कुरा काठमाडौंमा गाईजात्रा नमनाउने मानिस पनि धेरै छन् तर त्यस्ता मानिसहरूले पनि कार्यालय बिदा भएर काम गर्न पाउँदैनन् वा कार्यालयको सेवा लिनबाट वञ्चित हुन्छन् । यसरी दसैंमा मात्र होइन, अन्य अवस्थामा पनि नेपालमा बिदा दिने संस्कार अनौठो छ । चाहिँदा बिदा लिन नपाइने, कहिले नचाहँदा-नचाहँदै पनि बिदा लिनुपर्ने बाध्यता छ । यस्तो स्थितिको अन्त्य हुनुपर्छ । यसका लागि विकसित देशमा दिइने व्यक्तिअनुसारको बिदाको संस्कार अब नेपालमा पनि सुरु हुनुपर्छ ।

नेपालमा राष्ट्रिय बिदालाई पनि सांस्कृतिक बिदाका रूपमा मिसाइएको छ । यसले व्यक्तिगत, सामाजिक, धार्मिक एवं सामाजिक बिदा एकै ठाउँ मिसिएको छ । फलस्वरूप बिदा नलिने वर्गले पनि बाध्यात्मक बिदा लिनुपर्ने अवस्था छ । यस्तो स्थितिको अन्त्य हुनुपर्छ ।

### सुभाष दर्नाल

**शान्तिका लागि साझा अभियान**

नेपालीहरूमा कामको समयमा पनि बिदा लिने र बिदाको समयमा पनि बिदा लिने प्रचलन बढ्दो छ । भन्नुको अर्थ नेपालीहरूमा कामप्रतिको मोह कमजोर छ । विदेशमा जस्तो काम नै जिन्दगी हो र जिन्दगी नै काम हो भन्ने भावनाको विकास यहाँ भैसकेको छैन । जुन देशमा कामको महत्त्व हुन्छ त्यही देशमा बिदाको महत्त्व हुन्छ । हाम्रो देशमा पहिले कामको महत्त्व सिकाउनुपर्छ अनि मात्र बिदालाई महत्त्व दिनुपर्छ ।

दसैंमा बिदा दिनु कामको महत्त्व नबुझ्नु हो । कुनै चाड, पर्व वा कुनै व्यक्तिको जन्म-मृत्युका आधारमा बिदा दिनु राम्रो होइन । व्यक्तिले आफ्नो आवश्यकताअनुसार बिदा लिनु राम्रो हो । राज्यले व्यक्तिको जिन्दगीलाई महत्त्व दिएर बिदाको व्यवस्था गर्नुपर्छ । यदि कोही दसैंमै लामो बिदा लिन चाहन्छ भने उसको जम्मा भएको बिदाका आधारमा राज्यले बिदा दिनुपर्छ, न कि पर्वका आधारमा ।

### भोजराज श्रेष्ठ

**सदस्य, इन्डिपेडेन्स लिभिङ सेन्टर**

म दसैंको बिदालाई नेपालको विकासको बाधकका रूपमा लिन्छु । विकसित देशमा यहाँजस्तो चाडलाई आधार बनाएर यति लामो बिदा दिने चलन छैन । त्यहाँका कार्यालयहरूमा क्रिस्चियनहरूले पर्व मनाइरहेका बेला मुस्लिमहरू काम गरिरहेका हुन्छन् । मुस्लिमले बिदा लिएको दिन हिन्दूले काम गरिरहेको हुन्छ । हिन्दू बिदामा हुँदा बुद्धिस्टले जनताको काम सघाइरहेको हुन्छ । सार्वजनिक बिदा दुई दिन र पर्व बिदा दुई दिन दिने चलन भएकाले कसैको काम पनि धेरै दिन रोकिँदैन । त्यसैले पनि त्यहाँका मानिसले प्रगति गरिरहेका छन् । प्रगति कामबाट भएको छ, बिदाबाट होइन । त्यसैले दसैंमा ५ दिनभन्दा बढी बिदा कसैलाई दिनुहुँदैन । अन्य धर्मावलम्बीहरूलाई पनि उनीहरूको पर्वमा ५ दिनको बिदा छुट्याउनुपर्छ ।

आफ्नो काम कति महत्त्वपूर्ण छ भन्ने कुरा नेपाली जनताले नेपाली प्रेसबाटै सिक्नु राम्रो हुन्छ । नेपाली प्रेसले पहिलो जनआन्दोलन यता ठूलो विकास गरेको छ । यो विकास सञ्चारकर्मीको परिश्रमबाट सम्भव भएको हो । दैनिक पत्रिका वर्षमा चार बन्द दिन हुन्छ । टेलिभिजन कुनै दिन पनि बन्द हुँदैन । रेडियोको प्रसारण २४ सै घण्टा छ । के पत्रकारहरू टीका लाउँदैनन् ? उनीहरूलाई दसैं लाग्दैन ? लाग्छ । उनीहरूले समयलाई म्यानेज गर्न जानेका छन् । उनीहरू पनि छुट्टी लिन्छन्, घर जान्छन् तर उनीहरूका लागि दसैंभन्दा आफ्नो काम महत्त्वपूर्ण छ । यदि सबै पेसामा यसैगरी काम गर्ने धैर्य हुन्थ्यो भने अरू क्षेत्रले पनि नेपाली प्रेसजत्तिकै विकास गर्न सक्थे । यो प्रगतिबाट पनि हामीले बिदालाई होइन कामलाई प्राथमिकता दिनुपर्छ भन्ने कुरा बुझ्न सक्छौं ।

# यसपालि त घर जाने ...

विस्थापित हुनेहरूको संख्या बढ्दै गयो । लोकतान्त्रिक दसैंको पूर्वसन्ध्यामा झन्डै एक दशकसम्म पलायन भएका धेरैजसो मानिस गाउँ फर्कन थालेका छन् । काठमाडौंमा मात्र सुकाढोकरका मानिसहरू पाँचवटा बस रिजर्भ गर्दैछन् । प्रत्येक दिन चारवटा ठूला सवारीसाधन चले पनि बस रिजर्भले पनि यसपटक सबै मानिस गाउँ फर्कन थालेको संकेत दिन्छ ।

'म पाँच वर्षपछि गाउँ जाँदैछु ।' फस्ट लुक मिडिया प्रिन्टिङ प्रेसका निर्देशक कुयाङ् लामा भन्छन्– 'हाम्रो गाविसका सबैले घर फर्कने सल्लाह गरेका छौं ।' लामाका अनुसार एउटै गाविसका करिब ५ हजार मानिस काठमाडौंबाट गाउँतिर हिँडेका छन् । यो लर्कोमा प्रतिनिधिसभाका सदस्यहरू आनन्द पोखरेल तथा पशुपति चौलागाईं पनि छन् । नेपालका फरक भूगोलका यी दुई गाउँको तस्बिरले यस पटक गाउँ फर्कनेहरूको भीड अनुमान गर्न सकिन्छ । काठमाडौं बसपार्कमा खुट्टा राख्ने ठाउँ छैन ।

बसपार्कमा देखिने पोका-पन्तराको थुप्रोले काठमाडौं आधा हलुका भएको महसुस हुन्छ । देशका ४ हजार गाविसका लागि हिंडेका यी मानिसहरूमध्ये अधिकांश पाँच वर्षभन्दा लामो समयपछि घर फर्कदैछन् । मध्यमाञ्चल यातायात सेवाले लामो दुरीका लागि दैनिक ५६ वटा यात्रुवाहक बस थपेको जनाएको छ भने उपत्यकाबाहिर चल्ने एक सयभन्दा बढी बस यात्रुको चापलाई ध्यानमा राखी काठमाडौं भित्र्याइएको छ । बसपार्कमा जम्मा भएका धेरैजसो मानिस तिहार मनाएर मात्र फर्कने बताउँछन् भने केही युवा गाउँको परिस्थिति आफूले सोचेजस्तै अनुकूल पाए उतै बस्ने बताउँछन् । गाउँ नै बस्ने सोच बनाएर घर फर्किरहेका मानिस पनि प्रशस्तै भेटिन्छन् । एक दशकयता गाउँमै बस्ने सोच बनाउने मानिसहरूको हूल पहिलो पटक भेटिएको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा पनि घर फर्कनेहरूको त्यस्तै भीड देख्न सकिन्छ । अहिले प्रत्येक दिन १५ वटा उडान थपिएका छन् । यसपटक नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले पनि अघिल्ला दसैंको तुलनामा आफ्ना मातहतका कर्मचारीको बिदालाई खुकुलो बनाइएको छ । शान्ति-सुरक्षालाई दृष्टिगत गर्दै नेपाल प्रहरीका १० हजारलाई मात्र यसपटकको दसैंमा बिदा दिने नीति बनाए पनि सशस्त्रका करिब १६ हजार प्रहरी बिदामा घर जानेछन् । सबैभन्दा बढी छुट्टी पाउनेमा नेपाली सेनाका जवान परेका छन् । नेपाली सेनाले दिएको अनौपचारिक जानकारीअनुसार ९० हजार सेनामध्ये यस पटकको दसैं तथा तिहारभरिमा करिब ६० हजार सेनाले छुट्टी पाउनेछन् । माओवादीविरुद्ध सेना परिचालन भएयता सेनाले यति धेरै सङ्ख्यामा बिदा दिने निर्णय गरेको यो पहिलो अवसर हो । यसअघि दसैंमा बढीमा ५ हजारले बिदा पाउँथे । सुरक्षाका दृष्टिले अघिल्ला दसैंमा सेनाले बढीमा तीन दिन बिदा पाउँथे भने यसपटक बिदाको समय बढेर एक



साता भएको छ । माओवादी सेनाले पनि यसपटक पहिलेको तुलनामा बढी बिदा पाउने भएका छन् । जनयुद्ध सुरु भएयता माओवादी सेनाले दसैंकै लागि बिदा दिने निर्णय गरेको यो पहिलो घटना हो । 'यसपटक औपचारिक रूपमै हाम्रा सेनाले दसैं बिदा पाउनेछन् ।' नेकपा (माओवादी) का नेता दीनानाथ शर्माले साप्ताहिकसँग भने– 'यसपल्ट जनसेनालाई अघिल्ला वर्षमा जस्तो कामको चाप छैन । भेटघाट एवं संगठनका हिसाबले पनि सेनालाई दसैं बिदा दिने निर्णय गरिएको हो ।' शर्माका अनुसार करिब २० हजार जनसेना, ५० हजार जनमिलिसिया तथा केही केन्द्रीय नेताहरू आ-आफ्नो कार्यक्षेत्रबाट घर फर्कनेछन् । यसरी प्रहरी, सशस्त्र, नेपाली सेना तथा माओवादी सेनासहित यसपटक दसैंमा औपचारिक बिदा पाउनेहरूको संख्या २ लाखको हाराहारीमा छ भने अनौपचारिक रूपमा बिदा बस्नेहरूको संख्या थप एक लाख पुग्ने अनुमान गरिन्छ । निजामती सेवाका कर्मचारीहरूले पनि नियमित बिदाभन्दा बढी बिदाको माग गरेका छन् । स्थानीय विकास मन्त्रालयका अनुसार लोकतन्त्रअघिको दसैंमा कर्मचारीहरू आफ्ना गाउँ नफर्कने भएकाले कर्मचारीहरूको बिदा बाँकी रहन्थ्यो । यस पटकको दसैंमा भने कर्मचारीहरू बाँकी रहेको बिदा पनि खर्च गर्ने मुडमा छन् । दस वर्ष यता निजामती सेवाका कर्मचारीले बढी बिदाको माग गरेको पनि यो पहिलो अवसर हो ।

यसपटक राजनैतिक संगठनका हिसाबले पनि राजनैतिक दलका धेरै कार्यकर्ता एवं नेताहरू पनि घर जाँदैछन् । यसरी घर फर्कने नेता तथा कार्यकर्ताहरूमा नेपाली कांग्रेसका बढी छन् । त्यसपछि माओवादीहरू पनि ठूलो संख्यामा घर फर्कदैछन् । सुरक्षाका दृष्टिकोण तथा पार्टीले खटाएको स्थानमा मात्र काम गर्ने माओवादी नीतिका कारण यसअघि घर जाने मौका नमिलेको माओवादीका कार्यकर्ताहरूको कथन छ । 'हामीले यो दसैंलाई गाउँघरमा संगठन, भेटघाट तथा एक-अर्काको समस्या बुझ्ने काममा खर्च गर्ने छौं ।' माओवादी नेता शर्मा भन्छन्– 'हामी दसैंमा टीका लगाउनुपर्छ भन्ने पक्षमा छैनौं तर भेटघाटका दृष्टिले यो दसैं हाम्रा लागि महत्त्वपूर्ण हुनेछ ।' यसैगरी नेकपा (एमाले) ले यो दसैंलाई आफ्नो सदस्यता वितरण, माओवादीसँगको अविश्वास हटाउने एवं बृहत् गणतान्त्रिक मोर्चाको कामलाई सबल बनाउने काममा जुट्ने बताएको छ । यति हुँदाहुँदै पनि गाउँघर फर्कने मानिसको मनमा माओवादीको चन्दा आतंक भने कायमै छ । घर जानेबित्तिकै माओवादीलाई चन्दा बुझाउनुपर्ने हो कि भन्ने पीरले घर फर्कनेहरू ढुक्क हुन सकेका छैनन् ।

पहिलो लोकतान्त्रिक दसैंमा नेपालका गाउँमा बहार आउने भए पनि काठमाडौंलगायतका सहरी क्षेत्र भने केही सुनसान हुने अनुमान गर्न सकिन्छ । यसपटकको दसैंमा सबैभन्दा खल्लो काठमाडौंवासीलाई हुनेछ । ड्राइभरहरूसँगै सबैजसो ट्याक्सी, बस, माइक्रो गाउँ पुग्ने भएकाले काठमाडौंमा अष्टमीपछि सवारी साधन पाउन मुस्किल पर्नेछ । सबैजसो पसल बन्द हुनेछन् । काठमाडौं पूर्ववत् अवस्थामा आइपुग्न कम्तीमा १५ दिन लाग्नेछ ।




# शिवहरिको नुहाउने कोठा

**अश्विनी कोइराला**

शिवहरि प्रत्येक दिन नुहाउने कोठामा पस्छन् । (यो कुनै आश्यर्चजनक कुरा होइन, किनभने जो-कोही दिनमा एकपल्ट नुहाउने कोठामा पसेकै हुन्छन् ।) उनी प्रत्येक दिन दुई घण्टाभन्दा बढी नुहाउने कोठामा बिताउँछन् । (योचाहिँ अलि असामान्य कुरा भयो ।) विगत १० वर्षयता उनले जति पनि सिर्जना गरेका छन्, ती सबै नुहाउने कोठामै सिर्जित सामग्री हुन् । चर्चित टेलिश्रृङ्खला 'देवी' को भकभके पुर्नेको चरित्र त्यही नुहाउने कोठामा जन्मियो । आजभोलिको पीरो 'जीरे खोर्सानी' को न्वारन पनि त्यही नुहाउने कोठामा भयो । राजनीतिले देशवासीलाई रुवाइरहेको समयमा प्रत्येक साता उनको टेलिश्रृङ्खलाले हाँस्न बाध्य पार्छ । विवाह गर्ने दिन बिहान छिट्टै दक्षिणकाली पुग्नुपर्ने थियो, तर त्यही नुहाउने कोठाले उनको विवाहलाई दुई घण्टा पर सार्‍यो । जेठी छोरी जन्मने बेलामा श्रीमतीलाई व्यथाले च्याप्दै थियो, उनी नुहाउने कोठामा सिर्जना गर्न व्यस्त थिए । १० वर्षमा ७ हजार ३ सय घण्टा नुहाउने कोठामै बिताएका शिवहरिको जीवनमा नुहाउने कोठासँग सम्बन्धित यति धेरै घटना-श्रृङ्खला जोडिएका छन् जसको हिसाब-किताब निकाल्न उनैलाई गाह्रो पर्छ । यस्तो बेला उनलाई बालकृष्ण समको एउटा कविता याद आउँछ :

*मेरो नुहाउने कोठा*
*खालि एकान्त तपोभूमिजस्तै छ*
*झरना झरेको*
*दीर्घ-दीर्घ चिन्तन तान्दै काढ्छु*
*अनि कविताको आरती गर्छु*
*संसारका समय-कोलाहलबाट पन्छेर*
*... कुनै दिन निराहार बस्न सकिन्छ*

तर नुहाउने कोठामा नपसी सकिन्न ।

शिवहरिको नुहाउने कोठा प्रेम सुरुमा बाध्यता थियो । काठमाडौंको कोलाहलपूर्ण जिन्दगीमा सिर्जनाका लागि समय निकाल्न कति गाह्रो छ, संघर्ष गर्नेलाई थाहा हुन्छ । बिहानैदेखि टेलिश्रृङ्खलाको सुटिङ, बिहान १० बजेदेखि ५ बजेसम्म नेपाल राष्ट्र बैंकको जागिर, साँझ साथीभाइको जमघट, राति परिवारको गुनासो । कतिखेर सिर्जना गर्ने ? लामो चिन्तनपछि उपाय सुझ्यो– नुहाउने कोठा । योजनाबिहीन जीवन बिताइरहेका शिवहरिलाई नुहाउने कोठाले नै चिनायो । दर्शकको मन आह्लादित बनाउने जति पनि सामग्री छन् ती सबै शिवहरिको नुहाउने कोठाका उपज हुन् ।

आरोहण शनिबारबाट आफ्नो कलायात्रा प्रारम्भ गरेका शिवहरिको पहिलो स्टेज कार्यक्रम 'अब ऊ एक्लो छैन' बाट सुरु भयो । त्यसयता उनी कतिपटक स्टेजमा देखा परे, हिसाब-किताब छैन । उनी यतिसम्म भन्न सक्छन्– 'गाईजात्राका अवसरमा अनिवार्य देखा पर्छु, अरू बेला पत्तै हुँदैन ।' पहिलो पटक टेलिचलचित्र 'भीडदेखि भीडसम्म' मा देखा परेका शिवहरिले अहिलेसम्म २ सयजति टेलिचलचित्रमार्फत दर्शकलाई हँसाएका छन् । 'सबैलाई हँसाएको नभन्नुहोला,' आफ्नो कुरा सच्याउँदै पौडेलले भने– 'सुरु-सुरुमा मैल चरित्र अभिनय गरें । दर्शकले उति रुचाएनन् । त्यसपछि हास्यव्यङ्ग्यमा हात हालें ।' पौडेलले अहिलेसम्म ३९ वटा चलचित्रमा हास्यकलाकारको भूमिका निर्वाह गरिसकेका छन् । जापानी चलचित्र 'यु जुरो' मा पनि उनको अभिनय हेर्न सकिन्छ ।

२०४९ सालदेखि खेम शर्माको जोडी भएर हास्यक्षेत्रमा हात हालेका पौडेललाई आफ्नो जीवनप्रति गुनासो छैन । 'टेन्सन कसलाई छैन ? त्यसलाई पचाउन जान्नुपर्छ ।' दार्शनिक पारामा पौडेल भन्छन्– 'जीवनमा बाँच्न जान्नुपर्छ । हाँस्न जान्नु नै बाँच्न जान्नु हो ।' उनी आफूलाई थर्ड डिभिजनको कलाकार मान्छन् । प्रथम श्रेणीका कलाकार मह जोडी हुन् । दोस्रो डिभिजनमा सन्तोष पन्त पर्छन् । उनी आफ्नो समकालीनलाई तेस्रो श्रेणीमा राख्छन् । 'मह र सन्तोष पन्तजस्ता कलाकार नयाँ पुस्तामा जन्मन सकेन ।' उनी आफैंलाई पनि मूल्यांकन गरिरहेका छन्– 'हामीले धेरै गर्नु छ ।'

शिवहरि पढाइमा पनि तेस्रो श्रेणी हुन् । प्रवेशिका तेस्रो श्रेणीमा पास गरेका शिवहरिले प्रवीणता प्रमाणपत्र तह पनि तेस्रो श्रेणीमै उत्तीर्ण गरे । स्नातकको अध्ययन प्रारम्भ गर्दा कलाकारिता सुरु गरिसकेकाले दोस्रो श्रेणी आउन सम्भव थिएन । स्नातकोत्तरको अध्ययन सुरु त गरे तर फेरि पनि तेस्रो श्रेणी नै आउने डरले पढाइलाई छाडिदिए । 'तर मैले श्रीमतीचाहिँ प्रथम श्रेणीकी बिहे गरे ।' अध्ययनको तिर्सना श्रीमतीमार्फत पूरा गरेका पौडेलले उस्तै रसिक स्वरमा भने, 'मेरी श्रीमती प्रवेशिकादेखि स्नातकोत्तरसम्म प्रथम श्रेणी । त्यसैले मेरो घरमा तेस्रो श्रेणीमाथि प्रथम श्रेणीको शासन छ ।'

पुर्खौली घर हेटौंडा भएका शिवहरिका चार दाजुभाइ पाँच दिदीबहिनीमध्ये अधिकांश हेटौंडातिरै छन् । उनी एक्लै काठमाडौंको कलङ्कीछेउमा एक छोरी र श्रीमतीसँग आफ्नै घरमा बस्छन् । केही अघि एउटी छोरी बितेपछि उनले थप सन्तानको इच्छा पनि मारेका छन् । पौडेल भन्छन्, 'एउटै छोरी काफी छे । छोरा हेर्ने रहरमा श्रीमतीलाई दुःख दिने इच्छा छैन ।'

हास्यकलाकार हुनुजस्तो रमाइलो अरू कलाकार हुनुमा छैन भन्ने भ्रम उनमा थियो । एक दिन त्यो भ्रम तोडियो । गत वर्ष पौडेलकी आमा नराम्रोसँग बिरामी भइन् । हतारमा अस्पताल पुर्‍याउनुपर्‍यो । पाटन अस्पताल पुगेपछि आमाको नाकबाट लगातार रगत बग्न थाल्यो । भित्रैदेखि आत्तिएका शिवहरि मन बहलाउन अस्पताल टहल्दै गर्दा अस्पतालका मानिस 'के छ पुर्ने, खै देवी ?' भन्दै रमाइलो गर्न थाले । कतिपय दर्शकले 'मुखमा हान्नुजस्तो' भनेर जिस्क्याए । 'मनभरि पीडा हुँदा पनि मैले हाँसेरै जवाफ दिनुपर्‍यो ।' आमाको प्रसङ्ग आएपछि खिन्न भएका पौडेलले भने– 'उनीहरूसँग रिसाउनु पनि भएन, किनभने उमेर पुगिसकेकी आमा बिते पनि मलाई चाहिने यिनै दर्शक हुन् । व्यक्तिगत पीडा छ भन्दैमा कलाकारले दर्शकसँग रिसाउन मिल्छ र ?'

धन्न, शिवहरिकी ८५ वर्षीया आमा अहिले पनि स्वस्थ छिन् । यस पटक दसैंमा टीका लगाउन साढे चार दशक हिउँद खाएकी आमा हेटौंडामा आफ्नो कान्छो छोरो (शिवहरि) को बाटो कुर्दै छिन् ।



# शिवभक्त डिजे पायल



'डिजे पायल अर्थात् पहिलो महिला डिजे पायल । महिलाहरूलाई पनि समान अधिकार दिइनुपर्छ र पुरुषसरह काम गर्न दिनुपर्छ भन्ने मान्यताको एउटा उदाहरण पनि बनेकी छिन्- डिजे पायल । पायलले डिजे भएपछि आफ्नो नामको अंग्रेजी हिज्जेमा अक्षर 'ए' हटाएर 'एस्ट्रिक' राखेकी छिन् । किन त ? उनले हाँसेर जवाफ दिइन्- 'डिजे भएपछि नाममा केही परिवर्तन हुनुपर्छ भनेर अरू डिजे साथीहरूले 'एस्ट्रिक' राखिदिएका हुन् ।' एकपटक भारतको बैंगलोरबाट आएका दुई जना डिजेले राजधानीमा एक कार्यशालाको आयोजना गरे । सानैदेखि संगीतमा रुचि भएकी पायल राज्यश्वरी थापा त्यही कार्यशालापछि 'डिजे पायल' भइन् । उनी डिजे भएको दुई वर्ष मात्र भयो । यो अवधिमा उनले झन्डै असीवटा पार्टीमा डिजेइङ गरिसकिन् । कस्तो हुन्छ पार्टी ? पायल भन्छिन्- 'पार्टी भनेपछि नरमाइलो भन्ने कुरै हुँदैन तैपनि कहिलेकाहीं हुने झैझगडाले डिजेको मुड नै अफ गरिदिन्छ ।'

पायलका बाबु बंगाली हुन् । उनको मूल घर भारतको कोलकातामा छ तर उनी यतै जन्मिन, यतै हुर्किन्, यतै पढिन् । बंगाली बाबु भए पनि उनले बाबुको थर 'सेन' लेखेकी छैनन् । उनलाई आमाको घर अर्थात् मामाघर नै मनपर्छ । 'धेरै पटक कोलकाता गए पनि मलाई बंगाली संस्कृतिका बारेमा खासै केही थाहा छैन ।' दसैंका बेलामा बंगालीहरू दुर्गाभवानीको मूर्ति बनाएर निकै तामझामका साथ पूजाआजा गर्छन् भन्ने कुरा थाहा भए पनि उनलाई नेपालको पिङ खेल्ने, चंगा उडाउने, मन्दिरमा पूजा गर्ने, मासु खाने चलन नै रमाइलो लाग्छ । 'मेरो दसैं बालुवाटारस्थित मामाघरमा बित्छ । मावली खलक ठूलो छ । मेरो मावली माथवीरसिंह थापा खलक हो रे ।' पायल आफ्नो पारिवारिक पृष्ठभूमि बताउँदै गइन् । दसैंमा उनको घरमा मासु खाने अनि पिउने-पिलाउने क्रम निकै चल्छ । तैपनि पायललाई मासुमा खासै रुचि छैन । 'म कुखुराको मासु मात्र मन पराउँछु,' -उनले भनिन् । बंगालीहरू माछाको परिकारमा निकै रुचि राख्छन् । डिजे पायलको पृष्ठभूमि बंगालीसँग जोडिए पनि उनलाई माछा भने त्यति मन पर्दैन । यो वर्ष भने मामाघरका हजुरबुबाको मृत्यु भएकाले घरमा पहिलेको जस्तो दसैं नहुने उनले बताइन् ।

नाकमा फुली लगाउन मन नपर्ने भएकाले नत्थी लगाउने पायल भगवान्प्रति आस्था राख्छिन् र ज्योतिष शास्त्रमा पनि विश्वास गर्छिन् । उनी हरेक वर्ष शिवरात्री र तीजमा व्रत बस्छिन् । आफूलाई भगवान् शिवको प्रशंसक बताउने पायललाई राजनीतिमा भने रुचि छैन, तर उनलाई थाहा छ- राजनैतिक क्रियाकलापहरूले मानिसको जीवनमा प्रभाव पार्छ । डिजेको जीवन घाम डुबेपछि सुरु हुन्छ । त्यसैले उनी राति अबेरसम्म सुतेकी हुन्नन् । उनका साथीहरू भन्छन्- पायललाई दिउँसो दुई बजेपछि मात्र मोबाइलमा सम्पर्क हुन्छ । मोबाइल अफ नभए पनि उनी दिउँसो दुई बजेसम्म मोबाइल उठाउँदिनन् । राति नसुतेपछि उनी दिउँसोसम्म सुतिरहन्छिन् । डिजेको जीवन जिइरहेको एवं नेपालको पहिलो महिला डिजे भनिएकोमा उनलाई खुसी नै छ । रात्रिजीवनमा हुन सक्ने सम्भावित खतराका बारेमा उनलाई थाहा छ, तर उनी ढुक्क छिन्- त्यस्तो कुनै अप्ठेरो पर्‍यो भने पुरुष डिजे साथीहरूले उनलाई जोगाउँछन् । नेपालमा डिजेइङ पेसा राम्रो हुँदै गएकोमा पायल सन्तुष्ट छिन् । 'डिजेइङले गति लिन थालेको दुई वर्षजति त भयो,' -पायलले सुनाइन् । डिजे भएपछि नेपालमा भन्दा भारतमा नै नाम र दाम कमाउन सकिने र पृष्ठभूमि भारततिर पनि भएकाले पायललाई त्यसका लागि सजिलो हुन सक्ने कुरामा दुईमत नहोला तर पायल भने आफु हुर्केबढेको नेपालमा नै डिजेइङ गर्न चाहन्छिन् । 'भारतमा मौका पाइन्छ भनेर सबै उता गए भने यहाँ कसले काम गर्ने ?' उनले प्रतिप्रश्न गर्दै भनिन् । उनी ठूलो समुन्द्रको माछा हुनुभन्दा पोखरीकै माछा भएर बस्ने कुरामा विश्वास गर्छिन् ।

पायललाई आफ्नो रिसाउने बानी मन पर्दैन । गर्मी महिनामा उनलाई अझ बढी रिस उठ्छ । प्रायः हाँसिरहने स्वभावकी पायल रिसाउँछिन् भनेर कसैले झट्ट विश्वास गर्न सक्दैनन् । उनी भन्छिन्- 'मलाई कहिलेकाहीं त्यत्तिकै पनि रिस उठछ ।' प्रेम र विवाहका बारेमा प्रश्न गर्दा पायलले भनिन्-'पहिले क्यारियर त राम्रो बनाऊँ, तर मैले भविष्यमा प्रेम वा मागी विवाहमध्ये कुन गर्छु भनेर सोचेकी छैन ।' केटी भएकाले प्रेम-प्रस्तावहरू आउने भए पनि उनी अहिले त्यसका बारेमा सोच्न नपाएको बताउँछिन् । 'यदि मेरो कसैसँग प्रेम भयो वा मैले विवाह गर्ने भएँ भने तपाईंलाई नै सबैभन्दा पहिले बताउँला नि हुन्न ?' उनले हाँस्दै भनिन् ।

**–सुव्रत**




# फुच्चीहरूसँग रमाउने आलोक

‘फुर्सद भयो भने म घरमा फुच्चीहरूसँग खेलेर बस्छु । उनीहरूलाई नुहाइदिने, पाउडर लाइदिने आदि काम गर्न मलाई निकै आनन्द आउँछ,’ -युवापुस्तालाई मनपर्ने गीतका दृश्य निर्माण गर्ने आलोक नेम्वाङ त्यसो भन्दा कतै हराइरहेका थिए । फुच्चीहरू वास्तवमै आलोकका प्राण हुन् । फुच्ची भन्नाले दुईवटा कुकुर । ती कुकुर पनि कुनै उच्च ‘ब्रिड’का होइनन् । समाजबाट अपहेलित भुस्याहाको दर्जा पाएका कुकुरलाई ल्याएर उनले घरमा पालेका छन् । इमेज च्यानलमा काम गर्दाताकाको कुरा हो, दर्किरहेको पानीमा एउटा भुस्याहा कुकुरको पोथी भिजिरहेको थियो । कार्यालयबाट फर्कने बेला पनि उसलाई त्यही देख्दा आलोकले मन थाम्न सकेनन् र घरमा ल्याए । उपचार गरेर, नुहाइदिएर घरमा राखे ।

त्यस्तै प्रकारले अर्को कुकुर पनि उनको घरमा पुग्यो । कहिलेकाहीं डेरानजिकै भाटभटेनी मन्दिरमा भौंतारिरहेका कुकुरलाई उनी खाना ख्वाउन पुग्छन् । यदि कुनै कुकुर बिरामी भएको छ भने चिकित्सक बोलाएर उसको उपचार गरिदिन्छन् । कुकुरको पनि दिन फर्कन्छ भन्ने उक्तिलाई एक प्रकारले आलोकले साकार पारिरहेका छन् । ‘कुकुर मात्र होइन, सबै किसिमका पशुपन्छीमा सानैदेखि लगाव थियो । त्यसैले मलाई घरमा अहिले पनि सबैले पशुपतिनाथ भनेर सम्बोधन गर्छन्,’ -आलोकले हाँस्दै सुनाए ।

आलोकको दिनचाहिं कसरी फर्कियो त ? सानैदेखि अभिनय र चलचित्रमा रुचि राख्ने आलोक यो क्षेत्रमा आउनु कुनै अचम्मको कुरा थिएन । त्यसमाथि परिवारको एक मात्र छोरा आलोकलाई कुनै पनि कुराको कमी थिएन । दुग्ध विकास संस्थानका तत्कालीन डिजिएमका छोरा आलोकका बाबु १३ वर्षअघि नै यो संसारबाट बिदा भैसकेका छन् । आमा अहिले सानेपास्थित घरमा छिन् । दरबारमार्गको थकाली परिकार पाइने रेस्टुराँ टुकुचेमा बिहानको खाना खाइरहेका आलोक कुराकानी एउटा मोडमा पुगेपछि भावुक भए र भन्न थाले- ‘परिवारसँग म निकै नजिक छु । वास्तवमा परिवारकै सहयोग र साथले अहिले मैले यो स्थान पाएको छु तर म परिवारका लागि असल छोरा कहिल्यै हुन सकिनँ । बरु मेरा भिनाजु विजय लामा (चलचित्र अभिनेता/विमानचालक) घरका लागि छोरासरह हुनुभएको छ ।’

आलोक भाटभटेनीको डेरामा बस्न थालेको पनि वर्षौं भैसक्यो । अमेरिकाबाट ‘फिल्म स्टडिज’ गरेर आएका आलोकको बाँच्ने शैली धेरै हदसम्म अमेरिकी छ । उनी काममा विश्वास गर्छन् । एकान्तप्रिय आलोक सकेसम्म भीडभाड वा पार्टीहरूमा जान मन पराउँदैनन् । विवाहका बारेमा जिज्ञासा राख्दा उनले भने- ‘उमेर त भयो । आर्थिक रूपमा पनि म परिवार पाल्न सक्छु, तर म मानसिक रूपमा विवाहका लागि तयार छैन । आलोकलाई डर छ, विवाहपछि कतै मेरो एकान्त खोसिने हो कि ?’

अमेरिकामा पढ्न बसेको बेला छ महिनाको बिदामा स्वदेश आएको मौकामा भिनाजु विजय लामाले उनलाई इमेज च्यानलमा काम लगाइदिए । इमेजको कार्यक्रम ‘इमेज पप’बाट उनको क्यारियर अघि बढ्यो । डेढ सयभन्दा बढी म्युजिक भिडियो बनाइसकेका आलोकले सबैभन्दा पहिले गायक नवीन के. भट्टराईको गीत ‘लाखौं पटक’को भिडियो बनाए । त्यही दौरान उनको चिनाजानी भिडियोकी मोडल झरना बज्राचार्यसँग भयो । आलोक सम्झँदै भन्छन्- ‘छायाङ्कनअघि अभ्यासका बेला उनले ‘किन हो किन म तिमीसँग कम्फोर्टेबल हुन्छु’ भनेकी थिइन् ।’ आलोक र झरना अहिले सबैभन्दा मिल्ने साथी हुन् । आलोक भन्छन्- ‘मेरो एक जना मात्र एकदमै मिल्ने साथी छ– झरना ।’

केटा र केटी कहिल्यै असल मित्र हुन सक्दैनन् भन्ने कथनको पूरा विरोधी हुन आलोक । त्यसमाथि उनीहरू फुर्सद भयो कि सँगै हुन्छन् । उनीहरूको सम्बन्धका बारेमा केही प्रतिक्रिया पनि पत्रपत्रिकामा प्रकाशित नभएका होइनन् । आलोक भन्छन्- ‘दिनरात एउटा केटा र केटी सँगै देखिन्छन् भने समाजले

लिम्बू परिवारका छोरा भए पनि राजधानीमै जन्मी हुर्किएका आलोक नेम्वाङलाई लिम्बू संस्कृतिका बारेमा केही थाहा छैन। उनलाई यति मात्र थाहा छ, उनको पुर्ख्यौली घर पाँचथरको इङवुङ भन्ने गाउँमा छ। यद्यपि उनी गाउँमा पुगेका भने छैनन्। ‘नुमाफुङ चलचित्रको छायाङ्कनका क्रममा पाँचथर पुग्दा निर्देशक नवीन सुब्बाले टाढाबाट मेरो गाउँ देखाइदिएका थिए। कामको हतारले गर्दा जान भने पाइनँ।’ -आलोक बताउँछन्।



कुरा काट्नु अस्वाभाविक होइन् । म पनि त्यो ठाउँमा भएँ भने सायद त्यसै गर्छु । म मान्छु कि समाजलाई बोल्ने बाटो हामीले नै दिइरहेका छौं तर हाम्रो सम्बन्ध बाहिरबाट अरूले देखेको जस्तो छैन ।

हामी दुई सुखदु:खमा साथ दिने असल मित्र मात्र हौं । असल साथीका रूपमा म झरनालाई जति माया गर्छु, त्यसको दस दोब्बर बढी उनी मलाई माया गर्छिन् ।’ विवाहपछि पनि यो सम्बन्ध यस्तै रहन्छ त ? आलोकले हाँस्दै भने- ‘हाम्रो जीवनमा भविष्यमा कोही आउँछ भने उसलाई पहिल्यै भनिदिन्छौं– मेरो मिल्ने साथी विपरीत लिंगी हो । आलोक प्रश्न गर्छन्– यदि नयाँ सम्बन्ध गाँस्दा पुरानो सम्बन्ध तोड्नुपर्छ भने त्यो सम्बन्ध बनावटी भएन र ?’

लिम्बू परिवारका छोरा भए पनि राजधानीमै जन्मी हुर्किएका आलोक नेम्वाङलाई लिम्बू संस्कृतिका बारेमा खासै जानकारी छैन । उनलाई यति मात्र थाहा छ, उनको पुर्ख्यौली घर पाँचथरको इङवुङ भन्ने गाउँमा छ । यद्यपि उनी गाउँमा पुगेका भने छैनन् । ‘नुमाफुङ चलचित्रको छायाङ्कनका क्रममा पाँचथर पुग्दा निर्देशक नवीन सुब्बाले टाढाबाट मेरो गाउँ देखाइदिएका थिए । कामको चटारोले गर्दा जान भने पाइनँ ।’ -आलोक बताउँछन् । उनको दसैं राजधानीवासीहरूले जसरी मनाउँछन्, त्यसरी नै बित्ने गरेको छ । उनी दसैंको लामो बिदामा फुर्सदिलो भएर घरमा बसिरहन सक्दैनन् । ‘त्यसैले पनि कहिलेकाहीं दसैं नरमाइलो लाग्छ । बरु सानो छँदाखेरि नै रमाइलो लाग्थ्यो,’ -आलोकले बताए । उनको दसैं सानेपाको घरबाट कालिमाटीस्थित ठूली मम्मीको घर जाने-आउने गरेरै बित्छ । प्राय: शाकाहारी परिकार मन पराउने आलोक कुखुरा, खसी र माछा कहिलेकाहीं मात्र खान्छन् । चकलेट खाइरहने आलोक मुड चल्यो भने एक गिलाससम्म बियर पिउँछन् । उनी अल्कोहलिक पेयमा रुचि राख्दैनन् । उनलाई पकाउन आउँदैन भन्दा पनि हुन्छ । ‘परिआयो भने कालो चिया र प्यान केकसम्म बनाउँछु, अरू केही आउँदैन र मन पनि लाग्दैन,’ -आलोक भन्छन् । आलोक नेम्वाङको ‘प्लस प्वाइन्ट’ के हो ? कुराकानीका क्रममा उनीसँगै आएकी नायिका मेलिना मानन्धरले भनिन्-‘नारीको मर्म र सोचाइ भन्नै नपर्ने गरी बुझ्न सक्ने ।’ आलोक भन्दै थिए- ‘मेरो लिमिटेसन मलाई थाहा छ । म मेरो कारणले कसैको अहित गर्नै सक्दिनँ ।’

**सुव्रत आचार्य**



# पिङ खेल्दा रमाइलो लाग्छ रमितलाई

आफू सानो छँदा पिङ हाल्न घरघर डुलेर डोरीलगायत पिङका अन्य सामग्री खोज्दै हिंडेको अभिनेता रमित ढुंगानाले बिर्सिएका छैनन् । यसपालि उनको गाउँमा रोटेपिङ र डोरी पिङ बनाउन स्थानीय युवाहरू जुटिसकेका छन्, तर त्यो हूलमा रमितको उपस्थिति छैन । उनी भन्छन्- ‘पहिले-पहिले पिङका सामग्री लिन गइन्थ्यो, तर अहिले दिन गइन्छ ।’पहिलेको तुलनामा उमेरले त पाको भए नै, चलचित्रमा बढी व्यस्त भएकाले पनि पिङका सामग्री जोड्न उनलाई समय नपुगेको हो । आफू नगए पनि आफ्नै टोलका युवाहरूले पिङ हालेर गाउँमा दसैं ल्याएपछि त्यसको मज्जा लिन भने उनी चुक्दैनन् । ढुंगाना भन्छन्– ‘मलाई पिङ मच्चाउन आउँछ । पिङ खेल्दा रमाइलो पनि लाग्छ ।’

दसैं आफूलाई मनपर्ने पर्वमध्ये एक हो भन्ने रमितसँग पनि दसैं मनाउने नयाँ स्टाइल भने छैन । आफूभन्दा ठूलाबडासँग टीका लगाउने, आशीर्वाद लिने अनि अरूले बनाएर दिएको खाने । घरको कान्छो छोरो भएकाले पकाउने कुरामा अलिकति पनि ज्ञान नभएका रमित दसैंका बेला तास खेल्ने काममा भने हल्का जम्छन् । उनी भन्छन्– ‘जित्ने-हार्नेभन्दा पनि रमाइलोका लागि खेलिन्छ ।’ रमित साथीहरूसँग बसेर प्राय: म्यारिज खेल्छन् ।

यसपालि दसैंमा प्रदर्शन हुनेमध्ये तीन-चारवटा चलचित्रमा उनको भूमिका छ । तीमध्ये कतिपय चलचित्रबीच प्रतिस्पर्धा हुने निश्चित छ । आफैंले अभिनय गरेका चलचित्रबीच प्रतिस्पर्धा हुँदा नरमाइलो लाग्ने उनको कथन छ । रमित भन्छन्– ‘आफूले यति धेरै मेहनत गरेर काम गरिएको हुन्छ अनि आफैंबीच प्रतिस्पर्धा हुँदा नरमाइलो लागिहाल्छ नि ।’

लगानी गरेर अभिनेता बनेकाहरू प्राय: लगानी गरेको कुरा भन्न हिचकिचाउँछन् तर रमित गर्वका साथ भन्छन्- ‘माया नमारमा लगानी गरेर नै म यस क्षेत्रमा आएको हुँ । मलाई लगानी गरेर आएको हुँ भन्दा गर्व लाग्छ ।’ तीन वर्षको अवधिमा बीसभन्दा बढी चलचित्रमा अभिनय गरिसकेका रमित आफूलाई भाग्यमानी नायक मान्छन् । ‘आफ्नो मेहनत त छ नै, दर्शकले पनि उत्तिकै धेरै माया दिनुभएको छ,’ उनले भने । अभिनयका अतिरिक्त लगानी गर्न पनि इच्छुक रमित आफूले बनाउने चलचित्र अन्य चलचित्रको तुलनामा ‘एक्स्ट्रा’ हुने दावी गर्छन । उनी भन्छन्- माया नमार पनि मैले अलिकति एक्स्ट्रा नै बनाएको थिए अब भने चलचित्रमा पनि त्यो कुरा हुन्छ नै ।’

राजेश हमाललाई आफ्नो आदर्श अभिनेता मान्ने रमित हमालबाट धेरै कुरा सिक्न सकिने धारणा राख्छन् । आफ्नै दाजु अमित ढुंगानामार्फत पहिलो पटक ‘नगदनारायण’को सुटिङ स्पटमा अभिनेता हमाललाई भेटेका रमित त्यतिबेलै उनको व्यक्तित्वबाट प्रभावित भएका हुन् । रमित भन्छन्- ‘मलाई त्यतिबेलै राजेश दाइले ‘हिरो’ बन्नुपर्छ भन्नुभएको थियो । अहिले पनि सुझाव दिइरहनुहुन्छ ।’

प्राय: हाँस्न र हँसाउन मन पराउने रमित सुटिङमा पनि खुब रमाइलो गर्छन् । सुटिङ नभएको बेला सुटिङ स्पटमा रमित प्राय: केही न केही गरेर कसैलाई हँसाइरहेका हुन्छन् । परिवारका सदस्यलाई समय दिने कुरामा उनको

प्राय: हाँस्न र हँसाउन मन पराउने रमित सुटिङमा पनि खुब रमाइलो गर्छन्। सुटिङ नभएको बेला सुटिङ स्पटमा रमित प्राय: केही न केही गरेर कसैलाई हँसाइरहेका हुन्छन्। परिवारका सदस्यलाई समय दिने कुरामा उनको शैली पनि अन्य नायकको भन्दा फरक छैन। रमित भन्छन्- सुटिङबाट फुर्सद पाएपछि प्राय: घरमै हुन्छु।

शैली पनि अन्य नायकको भन्दा फरक छैन । रमित भन्छन्- ‘सुटिङबाट फुर्सद पाएपछि प्राय: घरमै हुन्छु । सुटिङबाहेकको उनको दैनिकी पनि आमअभिनेताको भन्दा फरक छैन । बिहान उठेपछि घरदेखि दुई किलोमिटर पर मनहरा पुलसम्म हिंडेर पुग्ने रमित लामो फुर्सद पाए भने ‘लङ टुर’ जान रुचाउँछन् । फ्यानहरूले फोन गरेर सताउने क्रमचाहिँ अहिले पनि उस्तै छ । मोबाइलमा फोन गर्नेहरूलाई आफैंले जवाफ फर्काए पनि घरमा फोन गर्नेहरूलाई परिवारका अन्य सदस्यले सम्झाउने गरेका छन् । रमित भन्छन्- ‘जति नै फोन आए पनि रिजेक्ट गर्ने चलन छैन । आमाले समेत राम्रोसँग कुरा गरिदिनुहुन्छ ।’






# पढेको मानिस जुनसुकै क्षेत्रमा उत्कृष्ट हुन्छ

**टेलिभिजनमा प्रत्यक्ष सांगीतिक कार्यक्रम चलाउने निर्णय भएपछि भूषण दाहालले जुराइदिएको शीर्षक कल कान्तिपुर उनका लागि फाप सिद्ध भएको छ। पृथक् ढङ्गबाट कार्यक्रम चलाउँछु भन्ने सोचाइमा थिएँ, आफैंले विकास गरेको सिद्धान्त प्रस्ट्याउँदै सुरजले भने नेपाली टेलिभिजनमा परम्परागत शैलीका कार्यक्रम मात्र चलाएको देखेको थिएँ, त्यसैले दर्शकसँगै बसेर गफको शैलीमा कार्यक्रम चलाउँछु भन्ने सोचें।**

'मलाई तपाईं एकदमै मनपर्छ, यदि तपाईं मसँग विवाह गर्न चाहनुहुन्छ भने म तयार छु' प्रत्यक्ष कार्यक्रम चलाइरहँदा अनएयरमा कुनै युवतीले एक्कासि यस्तो प्रस्ताव राखेपछि कार्यक्रम प्रस्तोता सुरजसिंह ठकुरी आफैं नर्भस भए। सधैं फोन कलरलाई नियन्त्रणमा राख्ने सुरजलाई ती युवतीले अप्ठ्यारोमा पारिन्। फोटो पठाउन आग्रह गर्दै, त्यो फोटो घरमा देखाएर पास भए अघि बढ्न सक्ने कुरा बताउँदै सुरजले तत्कालको त्यो समस्यालाई टारिदिए। 'यो त अनएयरको कुरा भयो,' लाइभ म्युजिक सो 'कल कान्तिपुर' का नायक सुरज रमाइलो मुडमा भन्दै थिए। दैनिक ५ बजेदेखि ६ बजेसम्म कान्तिपुर टेलिभिजनको स्टुडियोबाट लाखौं दर्शकमाझ पुग्ने सुरज आफ्नो वाक्पटुताकै कारण धेरै शुभचिन्तक बटुल्न सफल छन्।

कल कान्तिपुरको सुरुको भागदेखि अहिलेसम्म एक भाग पनि नबिराई हेर्ने ८० वर्षीय वृद्ध हजुरआमाका बारेमा सुनेपछि उनी उहाँलाई भेट्न गएको कुरा सुरज सगौरव बताउँछन्।

टेलिभिजनमा प्रत्यक्ष सांगीतिक कार्यक्रम चलाउने निर्णय भएपछि भूषण दाहालले जुराइदिएको शीर्षक 'कल कान्तिपुर' उनका लागि फाप सिद्ध भएको छ। 'पृथक् ढङ्गबाट कार्यक्रम चलाउँछु भन्ने सोचाइमा थिएँ,' आफैंले विकास गरेको सिद्धान्त प्रस्ट्याउँदै सुरजले भने– 'नेपाली टेलिभिजनमा परम्परागत शैलीका कार्यक्रम मात्र चलाएको देखेको थिएँ, त्यसैले दर्शकसँगै बसेर गफको शैलीमा कार्यक्रम चलाउँछु भन्ने सोचें।' यो सूत्रले उनलाई सफलता मात्र दिलाएन, शैली अनुसरण गर्ने भिजेहरू पनि देखिए। काठमाडौंको सहरिया वातावरणमा सम्पन्न परिवारको सदस्यका रूपमा २८ वर्षअघि जन्मिएका सुरजले टेलिभिजनमा आफ्नो क्यारियर देखेका थिएनन्। 'अचम्म लाग्छ, मलाई कार्यक्रम प्रस्तोता त के टेलिभिजन संसारप्रति नै सामान्य रुचि पनि थिएन। सुरज हाँस्दै भन्छन्- 'मिडिया कुनै नशाभन्दा कम रहेनछ, लत बस्यो कि यसैमा फस्यो।' एकपटक गरेर हेरौं न त, परिवारको दबाबपछि नेपाल टेलिभिजनको एउटा कार्यक्रमका लागि भिजे बनेका सुरजले कान्तिपुर प्रवेश गर्नुअघि च्यानल नेपालको यात्रा गरिसकेका थिए, 'तर कान्तिपुर छिरेपछि आधुनिक प्रविधिसँग हातेमालो गर्दै अघि बढ्ने यो बाटो मेरा लागि उत्तम जस्तो लाग्यो,' उनी भन्छन्। सुरुको लक्ष्य के थियो त ? खेलकुद खासगरी क्रिकेट। त्यसो त उनले स्कुले जीवनमै हुँदै क्रिकेटको राष्ट्रिय स्तरको एक प्रतियोगितामा भाग पनि लिएका थिए। फुटबलमा पनि रुचि थियो, त्यसबाहेक हाई रक 'मेटालिका' संगीतप्रति पनि त्यत्तिकै मोह थियो। रुचिकै सन्दर्भमा उनले भने- 'व्यापारिक पृष्ठभूमिमा जन्मिएको भए पनि सानैदेखि आर्मी बन्ने सपना पनि थियो।'

अध्ययनका दृष्टिकोणले पनि उनी भिडियो जक्की हुनुपर्ने होइन कि जस्ता लाग्छन्। 'धेरैले मलाई यही कुरो भनेका छन्, वातावरण विज्ञानमा स्नातकोत्तर गरेका सुरजले फुर्तीका साथ भने- 'राम्रो पढेको मानिस पनि यो क्षेत्रमा छ भन्ने राम्रो उदाहरण हुनसक्छ नि।' सुरजका अनुसार पढेको मानिसले मात्र जुनसुकै क्षेत्रमा उत्कृष्टता सिद्ध गर्न सक्छ। सुरज भन्छन्- 'अहिलेको पुस्ताका निम्ति प्रिय कार्यक्रम बनाएर बिदा लिन सक्छु, तर यस विषयमा अहिले नै निर्णय गर्ने बेला भएको छैन।' झट्ट हेर्दा कानमा मुन्द्रा, लामो कपाल र जिन्स पाइन्टलाई विभिन्न स्थानमा काटेको अवस्थामा भेटिएका सुरजले आफ्नो गेटअपलाई अहिलेको युवा चाहनासँग परिभाषित गरेका थिए। 'पढेका र भलाद्मी भनिएका मानिसका चाहना हुँदैनन् र ?' उनले भनें- 'त्यसैले म अहिलेको युवाको प्रतिनिधिपात्र हुन सक्छु।'

सुरजलाई सानो छँदा बाबाले भनेको उक्ति राम्रोसँग याद छ, 'मानिसले पढे चोर भए पनि नसमातिने चोर हुन्छ।' यसकारण पनि एक पटक नामको अगाडि डाक्टर झुन्डयाउने उनको ठूलो इच्छा छ। सुरजका अनुसार अहिलेको सुरज युवा पुस्ताका लागि प्रिय छ भने पिएचडीपछिको सुरज परिपक्व भएको अहिलेको पुस्तासँग त्यस प्रकारकै कार्यक्रम लिएर प्रस्तुत हुनेछ। सुरज भन्छन्- 'उनीहरूको परिपक्वतासँगै मेरो कार्यक्रमको स्तर बढ्नुपर्छ।'राम्रा सुन्दरीहरूसँगको सहकार्य र आकर्षक महिला शुभचिन्तकका बीचमा अघि बढिरहेका अविवाहित सुरजले अहिलेसम्म आफ्नै लागि नायिका भने भेटेका छैनन्। आकर्षक महिलाको नाम भन्न संवाददाताले गरेको आग्रहमा उनले भने– 'कयामत से कयामत तक हेर्दा जुही चावला मन परेकी थिइन्। अहिलेकी मेरी मनकी रानी एन्जेलिना जोली हुन्।' उनले आफ्नो बानी बताउँदै भने- 'मलाई कोही राम्री लागिन् भने तिमी राम्री छ्यौ भनेर उनकै अगाडी भन्छु, जुन राम्रो हो-होइन थाहा छैन।'

सुरजले आदर्श विद्या मन्दिरबाट प्रवेशिका उत्तीर्ण गरे। सबै क्षेत्रमा 'फरवार्ड' भएकाले बाबुले नेता हुने गुण देखे होलान्, सुरजले भने- 'त्यसैले होला, प्लस टु पढ्न भारतको मसुरी पुऱ्याइयो। उनले बिएस्सी सेन्ट जेभियर्सबाट उत्तीर्ण गरे। मिडियामा प्रवेश भैसकेपछि उनले एमएस्सी सुरु गरें। 'आफैंले कमाएको पैसाले स्किम कलेजको रात्रीकक्षामा एमएस्सी पूरा गरे', उनले भने- 'त्यति बेलासम्म आफ्नो कमाइले हिंड्न सक्ने छोरो भैसकेको थिएँ।' सुरजसिंह ठकुरी आफैंलाई आफ्नो शारीरिक बनावट कस्तो लाग्छ ? 'म राम्रो छैन, नजिकबाट हेर्दा त नाकले 'डिस्टर्ब' गरेको प्रस्टसँग देखिन्छ तर क्याची छु' उनले दोस्रो पटक फुर्ति देखाउँदै भने- 'अडियन्स क्याच गर्ने क्षमता क्या ! सडकमा हिंड्दा सुरजलाई हेर्नेहरू पनि प्रशस्त छन्, फर्की-फर्की। सबैले हेर्दा आनन्द लाग्छ, कतै चिनेको, आफ्नै मान्छेजस्तो तर कहिलेकाहीं मुडअफ भएको बेला रोमान्टिक शुभचिन्तकसँग जबर्जस्ती दुःख लुकाउनुपरेको पीडा पनि छ।'

सुरजको कान्तिपुर टेलिभिजनसँगको सम्बन्ध कल कान्तिपुर मात्र हो कि जस्तो लाग्छ तर होइन, उनी टेलिभिजनको पूर्ण जागिरे हुन्। कार्यक्रम निर्माता, प्रस्तुतकर्ता, सहयोगी र कार्यालयका अन्य कामजस्ता भूमिकामा १० बजेदेखि ६ बजेसम्म उनी कार्यालयमै हुन्छन्। त्यसो त उनको परिचय यति मात्र छैन। करिब आधा दर्जन म्युजिक भिडियोमा नायकी भूमिका खेलेका सुरज कुशल म्युजिक भिडियो निर्देशकमा दरिने प्रयासमा पनि छन्। 'करिब एक दर्जन म्युजिक भिडियो बनाइसकें,' उनले भने- 'अहिले पनि एक दर्जनजति पाइपलाइनमा छन्।' भूषण दाहाललाई आदर्श मानेर उनको जस्तै सूक्ष्म विषयको अर्थपूर्ण प्रयोग गर्दै म्युजिक भिडियो निर्देशन गर्ने सुरजको चाहना हुन्छ। 'भविष्य यसमा छ ?' उनले एकक्षण गमेर भने।

गएको असोज १ गते बिहान उठ्नेबित्तिकै सुरजलाई दसैं आएको हो कि जस्तो लाग्यो। सुर्यका सुनौला किरणले फराकिलो रूप लिँदा प्रकृतिले पनि दसैं आएको संकेत गरिरहेको थियो। उनले भने- 'मेरा लागि सबै दसैं रमाइला छन् तर यसपटकको दसैं अलिक पृथक् ढंगको हुने आशा छ। सधैं मासुका विभिन्न परिकार खाने सुरज च्याउ (मसरुम) र काँक्राको खल्पीलाई प्रमुख परिकार बनाउने सुरमा छन्। किनकि उनले दुई महिना अघिदेखि मासु त्यागेका छन्। तास खेल्न आउँदैन, यसैले उनी चंगा उडाउने तरखरमा छन्। सुरज लंगुरबुर्जा पनि त्यत्तिकै मन पराउँछन।दसैंकै कारण काम गर्ने मुड हराइरहेको बताउने सुरज दसैंमा दर्शकलाई पनि नयाँपन दिने तरखरमा छन्। कस्तो नयाँपन ? सुरज भन्छन्– 'विजयादशमीको दिन दौरा सुरुवाल र टोपी लगाएर कल कान्तिपुरमा देखा पर्नेछु।'

–विदुर खतिवडा

# हङकङमै होलाजस्तो छ दसैं

यो पटकको दसैंमा अभिनेत्री नन्दिता केसीलाई पोहोर साल मनाएको दसैंको झल्झली याद आउन थालेको छ। मज्जाले मसला हालेर मासु पकाएको, टीकाको दिन बुबाआमाले निधारभरि लगाइदिएको अक्षता, ऐना हेरीहेरी आफैंले मिलाएको अनि साँझपख छिमेकी साथीसँगै पिङ खेल्न गएको। यसपालि पनि पोहोरजस्तै रमाइलो गर्ने मन नभएको त कहाँ हो र ? तर सधैं भनेजस्तै हुँदो रहेनछ। नन्दिता भन्छिन्- 'यसपालि दसैंकै अवसरमा हङकङमा कार्यक्रम गर्न जाँदैछु। दसैंको यादले सताउन थालेको छ।' २१ तारिखदेखि १० दिनसम्मको कार्यक्रम भए पनि हङकङमा पुगेपछि कार्यक्रम सेड्युल बढ्ला र दसैंमा घरमा आउन नपाइएला भने चिन्ताले उनलाई गाँजेको छ।

**आमयुवतीको तुलनामा नन्दिताको चरित्र अलि बेग्लै छ। जवानीमा त प्राय: युवायुवती घुमफिर गर्न पाउँदा निकै रमाउँछन् तर उनमा यो नियम अझै लागू भएको छैन। फुर्सद भयो कि घरमै बस्न मन लाग्छ भन्छिन् उनी। घरको काम गर्न निकै जाँगर चलाउने नन्दिताको दैनिकी बिहान ५ बजे प्रारम्भ हुन्छ।**

कथानक चलचित्र इन्द्रेणीबाट रजतपटको यात्रा आरम्भ गरेकी नन्दिताले साढे तीन वर्षको अवधिमा वसन्त ऋतु, हामी तीन भाइ, छोरीको कर्मजस्ता एक दर्जन चलचित्रमा अभिनय गरिसकेकी छिन्। टेलिसिरियल र म्युजिक भिडियोमा पनि उनको चार्म कम छैन। राम्रा सिरियल बनाउनेदेखि राम्रो चलचित्र बनाउने निर्देशकको रोजाइकी नायिका बनेकी नन्दितामा घमन्ड भने केही छैन। उनी भन्छिन्- 'म त संयोगले नायिका बन्न आइपुगेकी हुँ। म आफूले पाएको नाम र दामप्रति सन्तुष्ट छु।'

उनका स्कुल र कलेज जीवनका साथीहरू अभिनयकर्मभन्दा टाढा छन् तर पनि ती साथीहरू उनका बारेमा निक्कै धेरै चासो राख्छन्। नन्दिता भन्छिन्- म हिरोइन भएकोमा मेरा साथीहरू म र मेरो परिवारभन्दा पनि खुसी छन्। मलाई सल्लाह र सुझाव दिने कुरामा सधैं अगाडि हुन्छन्। स्कुले जीवनमा केही साथीसँग भेट भए पनि उनका अधिकांश साथीचाहिँ विदेशमै छन्। सूचना-प्रविधिमा आएको सर्वसुलभताको उपयोग गर्दै नन्दिता दैनिकजसो इमेलमार्फत उनीहरूसँग भेटघाट गर्छिन्।

संयोगले अभिनय कर्ममा आएको भए पनि नन्दितालाई पछुतो भने छैन। अझै राम्रा चलचित्रमा काम गरेर आफूलाई कुशल नायिकाको दर्जामा पुऱ्याउने धोको उनको छ। अभिनय क्षेत्रमा लागेपछि नेपाली चलचित्र हेर्न जाँगर चले पनि उनी सिनेमाको क्रेजी भने थिइनन्। स्कुल पढ्दासम्म एउटै नेपाली चलचित्र नहेरेकी नन्दिता कलेज सुरु गरेपछि पहिलो पटक 'आफन्त' हेरेको बताउँछिन् तर स्कुल जीनवका सुनौला समयलाई भने कहिल्यै भुल्न नसक्ने उनको धारणा छ। नन्दिता भन्छिन्- 'सधैं स्कुले जीवन जिउन पाए कति रमाइलो हुन्थ्यो होला।'


आमयुवतीको तुलनामा नन्दिताको चरित्र अलि बेग्लै छ। जवानीमा त प्रायः युवायुवती घुमफिर गर्न पाउँदा निकै रमाउँछन् तर उनमा यो नियम अझै लागू भएको छैन। फुर्सद भयो कि घरमै बस्न मन लाग्छ भन्छिन् उनी। घरको काम गर्न निकै जाँगर चलाउने नन्दिताको दैनिकी बिहान ५ बजे प्रारम्भ हुन्छ। सुटिङ भए सुटिङ नभए पनि बिहान ७ बजे त राजश्री डान्स सेन्टरमा आइपुगेकी हुन्छिन्। डान्स सिक्न थालेको पनि तीन वर्ष पूरा भैसक्यो। सुटिङका कारण लगातार सिक्न नपाएकी नन्दिता अहिले पनि दिउँसो फुर्सद पाइन् भने गीतको तालमा कम्मर मर्काउन राजश्री डान्स सेन्टर पुगिहाल्छिन्। आफूलाई महत्त्वाकांक्षाविहीन भन्न चाहने नन्दिता केसी चलचित्रमा राम्रो पोज कसरी दिने भनेर इन्टरनेटमार्फत विदेशी नायिकाको तस्बिर पनि ध्यान दिएर हेर्ने गरेको बताउँछिन्।

अर्घाखाँचीको गाउँको सामान्य किसान परिवारमा जन्मिएकी नन्दिता प्रेम र अफेयरको प्रसंगबाट टाढै रहन रुचाउँछिन्। आम नेपाली नारीको परिप्रेक्ष्यमा भन्ने हो भने नन्दिताले पनि घरवारको सम्बन्धमा सोच्ने बेला भैसकेको छ तर उनले भने यस विषयमा सोच्नै भ्याएकी छैनन्। उनी भन्छिन्– 'म त भर्खर क्यारियर बनाउँदै छु। अहिले नै विवाहका सम्बन्धमा सोच्ने बेला भएको छैन।' 'नायिका नबनेको भए नर्स बन्थें होला,' -नन्दिता भन्छिन्। अभिनयसँगै नर्स बन्ने प्रयास गर्दा कस्तो होला भन्ने प्रश्नमा उनी मुस्कुराउँदै भन्छिन्– एउटा माझीले दुईवटा डुंगामा सवार गर्न अप्ठ्यारो हुन्छ। भविष्यका बारेमा कुनै पनि योजना बनाउने बानी उनको छैन। नन्दिता भन्छिन्- जीवनमा जे जस्ता घटनाक्रम आइपर्छन् भोग्दै जानुपर्छ, यही गर्छु भन्ने छैन।






# कलाको मूल्यको खोजीमा



बेलायती विद्वान् आई ए रिचड्स भन्छन्– ‘त्यही कला उत्कृष्ट हो जसले दर्शकमा अमीट छाप छोड्छ । जुन कलाको मूल्य हुन्छ त्यसलाई पाठक-श्रोता-दर्शकले रुचाउँछन् ।’ एक दशकदेखि नेपाली सङ्गीत उद्योगमा रहस्यको पात्र बन्दै आएका कर्ण दासले यसपालिको दसैंमा साप्ताहिकसँग आफ्नो सैद्धान्तिक गाँठो फुकाउँदै पश्चिमी विद्वान् रिचड्सकै शैलीमा भने– ‘हरेक कलाकारको मूल्य हुन्छ, जसको मूल्य हुँदैन ऊ कलाकार नै होइन ।’ यही मूल्यको खोजीमा कर्णदास बजारको हल्लीखल्लीबाट टाढा छन् । अरू कलाकार आफ्नो एल्बम निस्कनुअघिदेखि नै मिडियामा धाउँछन्, प्रचार-प्रसारमा जुट्छन् । कर्णदास एल्बम निस्किएपछि कुना पस्छन् । उनका गीत सुनेर मिडियाले उनलाई खोज्नुपर्छ । ‘यही नै मूल्य हो ।’ आफ्नो सिर्जना कस्तो भयो भन्ने कुरा टाढा बसेर हेर्दै आएका कर्णदास भन्छन्– ‘यदि मेरो खोजी भयो भने मेरो सिर्जनाको मूल्य रह्यो, खोजी भएन भने मेरो सिर्जना उपयुक्त भएन ।’

> “राजाका अनुचरहरूको स्वभावले खिन्न भएका कर्ण दासले भने, “युवराजको सवारी हुनेबित्तिकै कलाकारले सित्तैंमा मनोरञ्जन गर्नुपर्छ भन्ने मलाई लाग्दैन । यसो गरे कलाको अपमान हुन्छ ।” ”

थोरै गीत गाउने, थोरै एल्बम निकाल्ने र थोरै चर्चामा रहन रुचाउने कर्णदासले आफ्नै सिद्धान्तअनुसार मूल्यवान् कृति सिर्जना गरेका छन् । जतिखेर पपगीतलाई नेपाली श्रोताहरू हाउडे तथा लहडे गीत भन्न रुचाउँथे त्यतिखेर कर्णदासले पहिलोपल्ट गाएको ‘जिन्दगीको के भरोसा...’ गीत चर्चामा रह्यो । त्यसपछि निस्किएको ‘दाख’, ‘व्यर्थै फेरि’, ‘पुरानो डुङ्गा’ तथा हालसालै सार्वजनिक भएको ‘आधा सपना’ सबै एल्बमका गीतले गम्भीर श्रोताको ध्यान खिचेका छन् । ‘म जीवनप्रति जस्तो धारणा राख्छु, त्यस्तै गीत गाउँछु ।’ १० वर्षको संगीत जीवनमा सयवटा गीत पनि नगाएका कर्णदास भन्छन्– ‘यदि मेरो जीवन-सिद्धान्तविपरीतका शब्द, सङ्गीत भयो भने म जतिसुकै मूल्य दिए पनि त्यो गीत गाउँदिनँ ।’ उनका कलेक्सन एल्बममा नयाँ गीत पाउन गाह्रो पर्छ ।

एउटै गीत छनौटका लागि महिनौं लगाउने कर्ण दास अहिलेको व्यवसायिक जीवनका लागि उति फिट मानिस लाग्दैनन्, तैपनि उनी रातदिन व्यस्त छन् । उनको ‘भेटिएर छुट्टिनुभन्दा नभेटिएकै जाती हुन्थ्यो’ होस् वा ‘तिम्रो-मेरो सम्बन्धको अर्थ खोज्न मन लाग्यो...’ होस् यसका लागि महिनौं कुरेका छन् । यहि उत्कृष्टताकै कारण उनले प्रशंसकको ठूलो समूह तयार गरेका छन् । सात समुन्द्रपारिदेखि गाउँ-गाउँसम्म उनका कन्सर्ट भैरहन्छन् ।

‘म गाउने कुरामा पनि सम्झौता गर्दिनँ, त्यहाँ पनि म मेरो पूरा मूल्य खोज्छु ।’ अस्तित्ववादी सिद्धान्तप्रति प्रतिबद्ध कर्ण दास भन्छन्, ‘यदि कुनै ठाउँमा मैले आफ्नो कला प्रदर्शन गरें तर त्यसको मूल्य लिइनँ भने मेरो कलाकारिताको अपमान हुन्छ ।’ यही स्वभावका कारण उनले कुरा काट्ने मानिस प्रशस्त पाएका छन् । यति हुँदाहुँदै पनि उनले आफ्नो सिद्धान्त छाड्न सकेका छैनन् । राजाको सत्ता हुँदा एकपल्ट काठमाडौंको रङ्शालामा भव्य कार्यक्रम हुने भयो । युवराज पारसले नै उक्त कार्यक्रमप्रति रुचि देखाएका थिए ।

यस्तो कार्यक्रममा सित्तैं गाउन धेरै गायक गायिकालाई आमन्त्रण गरियो । कर्ण दासलाई पनि अनुरोध गरियो तर उनले सित्तैंमा गाउन अस्वीकार गरे । ‘युवराज आफ्नो स्थानमा होलान्, म कलाकारको नाताले आफ्नो स्थानमा छु ।’ राजाका अनुचरहरूको स्वभावले खिन्न भएका कर्ण दासले भने, ‘युवराजको सवारी हुनेबित्तिकै कलाकारले सित्तैंमा मनोरञ्जन गर्नुपर्छ भन्ने मलाई लाग्दैन । यसो गरे कलाको अपमान हुन्छ ।’

यसो भन्दैमा उनी कलालाई पैसासँगै दाँज्छन् भन्ने होइन । गत महिना पश्चिम नेपालमा ठूलो बाढी-पहिरो जाँदा कर्ण दासले बृहत् साङ्गीतिक कार्यक्रमको आयोजना गरे । उनको मध्याह्न समूह आफैं टिकट बेच्न र कार्यक्रमको व्यवस्थापन गर्न दौडियो । भव्य रूपमा सम्पन्न भएको उक्त कार्यक्रमबाट उठेको अढाई लाख रुपैयाँ कतै नचलाईकन सीधै बाढीपीडित कोषमा जम्मा भयो । ‘यही हो कलाकार र कलाकारिताको मूल्य ।’ आफ्नो उद्देश्य बुझाउन प्रयत्न गरिरहेका दासले भने, ‘कलाकार सस्तो हुनु हुँदैन, न त नागरिकको कर्तव्य पनि बिर्सनुहुन्छ ।’

कर्ण दासको पुर्ख्यौली पेसा सेनामा भर्ती हुने हो । उनका बुबा आर. बी. थापा पनि परम्पराको जोहो गर्दै भारतीय सेनामा कार्यरत छन् । थापा राम्रा तबलावादक हुन् भने संयोगले उनकी आमा राम्रो नृत्याङ्गना हुन् । आमा र बुबाको कलाको यही मिलनका कारण सेनामा भर्ती हुने कर्ण थापा होइन, उनी सङ्गीतमा रम्ने कर्ण दास बन्न बन्न पुगे । बुबाले तबला बजाएको र आमाले नाचेको दृश्य हेरेर हुर्किएका कर्ण दासको रुचि बाल्यकालदेखि नै बन्दुकमा भन्दा सङ्गीतमा बढ्दै गयो ।

बुबा-आमासँग दिल्लीको आर्मीक्याम्पमा सङ्गीतको आनन्द लिँदै हुर्किएका कर्ण दासले दार्जीलिङका कलाकारको संगत पाएपछि उनले बन्दुक होइन, गिटार बोक्ने निधो गरे । त्यति मात्र होइन, उनले कलाकार भएर कसरी बाँच्नुपर्छ भनेर संसारका उत्कृष्ट कहलिएका सङ्गीतकर्मीहरूको पनि अध्ययन गरे । सङ्गीतको शक्ति र सीमाको राम्रो ज्ञान पाउँदै गएपछि उनी २०४७ सालमा पोखरा फर्किए । ‘दिल्लीपछि पोखराजस्तो कलाकारको सहर पाएँ । पोखराले मलाई थप गम्भीर बनायो,’ सङ्गीतको कुनै विशेष शिक्षाबिना नै गम्भीर अध्येता बनेका कर्णदासले भने, ‘म कलाकार हुन जन्मिएको हुँ र मैले कलाकार भएरै मर्नुपर्छ ।’

उनी क्रिश्चियन धर्मावलम्बी हुन् तर चर्च गएर मात्रै धर्म गरिन्छ भन्ने कुराको विपक्षमा छन् उनी । ‘मानवतावाद मेरो धर्म हो दसैं मेरो पर्व हो भन्ने कर्ण दासले भने– ‘यसपालिको दसैंले हामीलाई स्थायी शान्ति प्रदान गरोस् । निर्धक्क गाउन पाइयोस्, तपाईंले निर्धक्क पत्रकारिता गर्न पाउनुहोस् । नेपालीहरूले स्वतन्त्रतापूर्वक बाँच्न अनि जीविकोपार्जन गर्न पाऊन्, दसैंको शुभकामना ।’

**–अश्विनी कोइराला**

# दसैंमा औधी रमाउँछन् प्रदीप




परम्परागत रूपमा हिन्दूहरूले मान्दै आएको बडादसैं मेरा लागि पनि उल्लासमय पर्व हो । म सधैं वर्ष दिनमा एक पटक आउने यो पर्वको प्रतीक्षामा हुन्छु किनकि यो पर्वले मेरो मानसपटलमा बाल्यकालदेखि नै बेग्लै प्रभाव छाड्ने गरेको छ । अहिले युवा अवस्थामा पनि यो पर्व मेरो जीवनमा त्यत्तिकै महत्त्वको छ ।

हामी सानो हुँदा बडा दसैंको उत्साह भनेको नयाँ लुगा लगाउनेमै केन्द्रित हुन्थ्यो । नयाँ लुगा अरू बेलामा पनि लगाइन्छ तर दसैंमा लगाइने नयाँ लुगाले यो पर्वमा उत्साह थप्छ । मलाई दसैंले बढी आकर्षित गर्ने कारण पनि नयाँ लुगा लगाउन पाउनु नै हुन्थ्यो । दसैं आउन लाग्यो भन्ने चर्चा चल्न थालेपछि हाम्रो ध्यान बाबा र आमाले कस्तो किसिमको नयाँ लुगा किनेर ल्याउनुहुन्छ भन्ने कुरामै केन्द्रित हुन्थ्यो । हामी दाजुभाइको लुगा फरक-फरक किसिमको भए कसको राम्रो, कसको महँगो भन्ने विवाद भैरहन्थ्यो । हाम्रो यस्तै विवादका कारण बाबा-आमाले हामी सबै दाजुभाइलाई एउटै रंग र गुणस्तरको सर्ट-पाइन्ट ल्याइदिनुहुन्थ्यो । हामीलाई दाजुभाइ भनेर कपडाले चिनाउँथ्यो । एकै किसिमको लुगा लगाउन पाउँदा हामी दाजुभाइहरूबीच कुनै विवाद हुँदैनथ्यो । तर पनि मलाई सर्ट भने त्यति लगाउन मन लाग्दैनथ्यो । म भने कर गरेर टिसर्ट किन्न लगाउँथे ।

दसैंको प्रत्येक कुरा मलाई राम्रो लाग्छ । घटस्थापनादेखि सुरु हुने नौरथाभर विभिन्न देवी-देउताको मन्दिर जाने चलन छ । पहिले म पनि नौरथामा विभिन्न मन्दिरहरू जान्थे । ती दिनमा मन्दिरमा लाग्ने मानिसहरूको घुइँचोले मलाई आकर्षित गर्थ्यो, तर अहिले फुटबलका कारण नौरथामा मन्दिर जाने क्रम घट्दै गएको छ । फुटबलमा बढी व्यस्त हुनुपरेका कारण फूलपातीपछि मात्र छुट्टी पाइन थाल्यो, जसका कारण नौरथामा मन्दिर जाने क्रम पनि घट्यो तर घरमा बसेका साथीहरू अझै पनि नौरथामा मन्दिर जान्छन् । उमेरको बढ्दो क्रमसँगै नौरथामा मन्दिर जानुको मज्जामा पनि परिवर्तन आएको छ । अहिले युवायुवतीको मुख्य उद्देश्य मन्दिरमा गएर एक-अर्कालाई हेर्नु भएको छ तर म भने युवा अवस्थामा पुगेपछि नौरथामा मन्दिर कमै जान पाएको छु ।

दसैं मेरा लागि नयाँ लुगा लगाउने र मन्दिर जाने मात्र नभएर आफन्तसँग भेटघाट गर्ने पर्व पनि हो । अहिले खेलका कारणले घर नै कम गईन्छ । गइयो भने पनि समय थोरै भएका कारण सबै आफन्तलाई भेट्न मुस्किल हुन्छ तर दसैंमा सबै आफन्तलाई एकै ठाउँमा भेट्ने मौका मिल्छ । आफन्तलाई एकै थलोमा भेट्न पाउनुको मज्जा अर्कै हुन्छ । दसैंका अवसरमा सानो उमेरमा म मामाघर पनि जान्थें । मामाघरमा भान्जाहरू आएपछि हुने रमाइलो बेग्लै हुन्थ्यो । मेरो मामाघर धादिङ भएका कारण मामाहरू पनि भान्जा आउने भन्ने थाहा पाएपछि खानेकुराको प्रशस्तै व्यवस्था गर्नुहुन्थ्यो । एकपटक हामी मामाघर जाँदा मामाले भान्जाहरू आउने भनेर राँगा काट्नुभयो । त्यो राँगालाई तीन पटक प्रहार गर्दा बल्ल छिनेको थियो । उक्त घटनापछि मैले अहिलेसम्म कुनै पनि काटमार गरेको छैन ।

काटमार नगरे पनि मलाई मासु भने खुब मन पर्छ । अझ दसैंको मासुको स्वाद नै किन हो, अरू बेलाको भन्दा फरक लाग्छ । मासु मात्र होइन, मलाई कुनै पनि किसिमको खानेकुरा पकाउन भने आउँदैन तर पकाउने कुरामा सहयोग गर्न खुब मन लाग्छ । आमाले पकाएको मासु खाने चाहनामा मासु टुक्रा पार्ने, सफाइ गर्नेजस्ता कामहरू म रुचिका साथ गर्छु । किनभने आमाले बनाएको मासुको परिकार मलाई खुब मन पर्छ, तर मलाई खसी र राँगाको भन्दा कुखुराको मासु मीठो लाग्छ । अहिले साथीभाइहरूको संगतले बंगुरको मासु खान सिकेपछि त्यही मीठो लाग्न थालेको छ ।

बाल्यकालको जस्तो नयाँ लुगा लगाउने चाहना अहिले हराएको छ । अहिले आफूले चाहेको बेलामा नयाँ कपडा किन्ने गरेका कारण दसैंमा नयाँ लुगा लगाइहाल्नुपर्छ भन्ने छैन । फुटबल खेल्दा बाहिर जाने क्रममा प्रायःजसो नयाँ लुगा किनेकै हुन्छु, यही मेसोमा घर-परिवारका सदस्यहरूलाई लत्ताकपडा किनिदिने गरेको छु । अहिले केही आम्दानी भएका कारण दसैंको अवसरमा घरपरिवारका सदस्यहरूलाई पनि केही किनिदिने सोचाइ बनाइरहेको छु ।

> “बाल्यकालको जस्तो नयाँ लुगा लगाउने चाहना अहिले हराएको छ । अहिले आफूले चाहेको बेलामा नयाँ कपडा किन्ने गरेका कारण दसैंमा नयाँ लुगा लगाइहाल्नुपर्छ भन्ने छैन । फुटबल खेल्दा बाहिर जाने क्रममा प्राय:जसो नयाँ लुगा किनेकै हुन्छु, यही मेसोमा घर-परिवारका सदस्यहरूलाई लत्ताकपडा किनिदिने गरेको छु । ”

**प्रस्तुति : मुकुन्द बोगटी**

अमेरिकाको एउटा रेस्टुराँमा काम गरिरहेकी नेपाली चलचित्रकी नायिका करिष्माको सौन्दर्यबाट मुग्ध एक अमेरिकी किशोर बारम्बार त्यही रेस्टुराँमा खान आउन थाल्यो । करिष्माले बनाएको पिज्जा अत्यन्तै मीठो हुने गरेको ऊ बताउँथ्यो ।

एक दिन त्यो किशोरसँग पैसा थिएन तर पनि ऊ त्यही रेस्टुराँमा गएर खान थाल्यो । पिजा खाइसकेर ऊ करिष्मा नजिक पुगेर भन्यो, 'के तिमी मसँग विवाह गर्छ्यौ ?

करिष्मा छक्क परिन् । एउटा किशोरको अचानक आएको यो प्रस्तावले उनलाई आफ्ना पुराना दिनको याद आयो । उनले हाँस्दै भनिन्, 'तिमी अहिले सानै छौ, पछि विवाह गर्छु ।'

त्यो किशोर खुसी भयो र अर्को पिज्जा मगायो । करिष्माको मुखमा हेर्दै हाँस्दै उसले त्यो पिज्जा खाइसक्यो । जब टेबलमा उसले खाएको बिल लिएर रेस्टुराँको क्यासियर पुग्यो उसले करिष्मालाई देखाउँदै भन्यो, 'उनी मेरी भविष्यकी श्रीमती हुन्, अबदेखि मैले प्रत्येक दिन खाने पिज्जाको पैसा उनैसँग लिनू ।'

ooo

हातमा झोला बोकेर हिँडेको बिकुरामलाई जितुचाले सोधेछ : कताबाट हो बिकुराम दाइ ?

बिकुराम : बजारबाट किनमेल गरेर आ'को नि ।

जितुचा : अनि त्यो झोलामा चाहिं के हो नि ?

बिकुराम : ल यो झोलामा के छ भनेर ठीक जवाफ दिइस् भने तँलाई यो झोलाको दुईवटा सुन्तला दिन्छु ।

ooo

नवविवाहित जोडी चित्रकला प्रदर्शनीमा चित्र हेर्दै थिए । प्रदर्शनीमा एउटी युवतीको सुन्दर चित्रमा युवतीको शरीर केवल एउटा पातलो कपडाले मात्र ढाकिएको थियो । त्यो चित्र अगाडि पुगेपछि युवक लामो समयसम्म चित्र हेरेर बसिरहेपछि युवती युवकको हात समाएर तान्दै : कति हेरिरहेको भन्या अब जाम ।

केटा : पख न पख, एकचोटि हावा त चल्न देऊ ।

ooo

बिकुरामले भर्खर-भर्खर मोबाइल फोन किनेको थियो अनि हरेक पटक एसएमएस आउनेबित्तिकै मेटिहाल्थ्यो, त्यो देखेर जितुचाले अनौठो मानेर सोधेछ : हैन, प्रत्येक पटक एसएमएस आउँदा तपाईं किन मेटिहाल्नुहुन्छ ?

बिकुराम : धेरै एसएमएस किन मोबाइलमा राख्ने ? बेकारमा बोक्न मात्र गाह्रो ।

ooo

चार वर्षको नातिले आफ्नो ८० वर्षीय हजुरबासँग प्रश्न गरेछ : हजुरबा, मेरो ड्याडीलाई हजुरले कसरी पाएको ?

नातिको बालजिज्ञासा सुनेर रमाइलो मान्दै उत्तर दिएछन् : तिम्रो ड्याडीलाई हजुरबा र हजुरआमा एकचोटि बालाजु पार्कमा घुमिरहेको बेला त्यही पार्कमा भेट्टाएर ल्याएको नि ।

नाति उत्सुक हुँदै : अनि मेरो दिदीचाहिं कहाँ पाएको नि ?

हजुरबा : दिदीलाई त तिम्रो ड्याड र मम्मीले हलमा चलचित्र हेर्न जाँदा भेट्टाएर ल्याएको ।

नातिनी अलि गम्भीर हुँदै : त्यसो भए मलाई पनि ड्याडी र मम्मीले भेट्टाएरै ल्याएको होला, हैन ?

हजुरबा हाँस्दै : हो त ! तिमीलाई चाहिं तिम्रो ड्याडी र मम्मीले पशुपतिको मेला घुम्न गएको बेला भेट्टाएर ल्याएको ।

हजुरबाको कुरा सुनेर नातिले अनौठो मान्दै भनेछ : किन र हजुरबा, हजुरबा र ड्याडको पालामा सेक्स भन्ने काम गर्ने चलन थिएन ।

ooo

दिल्ली गैरहेको रेलको डिब्बामा चढेका दुई नेपालीले एक-आपसमा कुराकानी सुरु गरेछन् ।

भर्खरको जवान नेपालीले कुरा सुरु गरेछ : अनि दाइ, तँपाईंको यात्रा कहाँसम्म हो नि ?

अलि पाको उमेरको नेपाली : म आग्रासम्म हो भाइ । अनि भाइ नि ?

जवान : म पनि आग्रा जान लाग्या हो । अनि तपाईंको घरचाहिँ कता पर्‍यो नि ?

पाको उमेरको नेपाली : काठमाडौं ।

जवान : म पनि काठमाडौंमा नै बस्छु नि । काठमाडौंको कुन टोलमा बस्नुहुन्छ तपाईं ?

पाको उमेरको नेपाली : डिल्लीबजारमा ।

जवान : ल, म पनि त डिल्लीबजारमै बस्छु । डिल्लीबजारमा कता पर्छ तपाईंको घर ?



शुभविजया

# जीतु'चाको जोक्स



पाको उमेरको नेपाली : डिल्लीबजार पीपलबोटनजिकैको गल्लीबाट जानुपर्छ ।

जवान उत्साही हुँदै : लौ ! मेरो घर पनि त्यतै पर्छ नि । पीपलबोटको त्यो गल्लीबाट भित्रजाँदा कुनचाहिं हो तपाईंको घर ?

पाको उमेरको नेपाली : त्यो गल्लीबाट भित्र जाँदा दायाँको चार तल्ले पहेंलो रङ्गको घर हो मेरो ।

जवान : ल, म पनि त्यही घरमै त बस्छु नि । त्यो घरको कुन तल्लामा बस्नुहुन्छ ?

पाको उमेरको नेपाली : तेस्रो ।

जवान : तेस्रा तल्ला रे, म पनि त तेस्रो तल्लामै बस्छु नि । त्यो तल्लाको कुन कोठामा बस्नुहुन्छ तपाईं ?

त्यत्तिकैमा अगाडिको सिटमा बसेर सुरुदेखि जवान र पाको नेपालीको गनथन सुनिरहेको अर्को एक जना नेपाली बीचैमा कुरा काट्दै : के हो तपाईंहरूको चाला ? एकै ठाउँ जान लागेको रे, एकै टोल बस्ने रे, एउटै घरको एउटै तलामा बस्ने ! तैपनि एक-अर्कालाई नचिन्ने, के हो यस्तो ?

जवान ठूला आँखाले हेर्दै : हैन, दुई जना व्यक्ति एक-आपसमा कुराकानी गरिरहेको बेला तपाईं किन बीचैमा प्वाक्क बोल्नुपर्‍या हँ । हामी त बाबु-छोरा हौं । यात्रा लामो भएकाले टाइम पास गर्न पो यसरी कुराकानी गरेर बसेको ।

ooo

अदालतमा छोडपत्र गर्नका लागि एक जोडीबीच मुद्दा पर्‍यो । श्रीमान्ले आफूले पारपाचुके गर्नुपर्ने कारण खुलाउँदै भन्यो- 'श्रीमान्, मेरो लामो वैवाहिक जीवनमा मेरी श्रीमतीले केबल एक छोरी जन्माइन् । मेरो इच्छा भने एउटा छोराको बुबा हुने थियो । मेरो त्यो इच्छा पूरा गर्न नसक्नेसँग म विवाह गर्न चाहन्न ।'

श्रीमान्को कुरा सुनेर श्रीमतीले उत्तर दिइन्, 'श्रीमान्, यदि म यिनको मात्रै भर परेकी भए आजसम्म मैले यही एउटी छोरीकी आमा बन्ने मौका पनि पाउने थिइन ।'

ooo

भीड गाडीमा एउटा पुरुष महिलाको अडेस लागेर बसिरहेको थियो । जब महिला अलि पर सर्थिन्, पुरुष मुन्टो जोत्दै त्यहीं पुगिहाल्थ्यो । यात्रीको यस्तो क्रियाकलापबाट आजित भएकी महिलाले घुरेर पुरुषलाई हेरिन् । पुरुषले नरम स्वर बनाउँदै भन्यो, 'मलाई त्यसरी नहेर्नुस् न, म त केवल रक्सीको मात्र सौखिन हुँ ।'

ooo

'भर्खरै अमेरिकामा यस्तो कम्प्युटरको आविष्कार भयो जसको व्यवहार हुबहु मानिसको जस्तै छ ।'

'के त्यसले मानिसले जस्तै सोच्न पनि सक्छ ?'

'होइन, गल्ती गर्दा त्यसको सबै दोष अरू कम्प्युटरमाथि लगाउँछ ।'







# दसैंको फेसन स्टाइल

रोजिन शाक्य

परम्परादेखि नै दसैंलाई राम्रो र नयाँ लगाउने एवं मीठो खाने अवसरका रूपमा सदुपयोग गरिंदै आएको छ । समयअनुसार नयाँ लुगा लगाउन र मीठो खान दसैं वा यस्तै अवसर पर्खनुपर्छ भन्ने अवस्था नरहे पनि चाडपर्वको वातावरणमा नयाँ पहिरनमा ठाँटिएर हिंड्ने रहर भने हामीमध्ये अधिकांशमा जीवितै रहेको पाइन्छ । बदलिंदो परिवेशमा फेसन र शैलीसित नजिकिने अवसरले गर्दा उल्लेखित कुरामा हामी अझ बढी सजग र सचेत भएका छौं । बुटिकको प्रवेशद्वारसँगैका म्यानिक्विनमा राम्रा र आकर्षक पहिरनहरू सजाउन व्यस्त देखिने फेसन डिजाइनहरू चाडपर्वको वातावरणमा ग्राहकहरूको माग पूरा गर्न र नयाँ सिर्जना गर्न दौडधुपमा देखिन्छन् ।

तुलनात्मक रूपमा भन्दा यति बेला प्रायः सबै बुटिकमा आफूलाई फेसनेबल तथा स्टाइलिस बनाउन चाहनेहरूको राम्रै जमघट देखिन्छ । फेस्टिभल मुड र माहौलमा साडीको क्रेज बढेको अनुभव गर्छन् इम्याजिन बुटिकका विष्णु गौतम र सूर्यलक्ष्मी । हल्का ब्राइट कलरको फेसनले बजार लिएको बताउने इम्याजिनका डिजाइनरहरूका अनुसार अहिले पिच, ब्लु, ओरेन्ज, गुलाफी, फ्युसिया, मजेन्टा, टरक्वाइज आदि रंगका साडीहरू प्रचलनमा छन् । विशेषगरी हातले इम्ब्रोइडरी गरिएका जर्जेटका साडीहरूले यस पटक फेसन बजार तताएको देखिन्छ ।

मल्टी सेडेडभन्दा सिंगल सेडेड साडीमा विभिन्न प्याचवर्क पनि उत्तकै मन पराइएको विष्णु बताउँछन् ।



यस पालाको दसैंमा कुर्ता-सलबारमा कन्ट्रास्ट कलर कम्बिनेसनमा हल्टर, स्लिभलेस, ट्युबयुक्त कुर्ता र चुडीदार तथा पटियाला सलबार बढी लोकप्रिय देखिन्छ । गत वर्ष भने पाइन्ट शैलीको सलबार र सर्ट-कुर्ती बढी लोकप्रिय थियो । यसपटक इम्ब्रोइडरी गरिएका चुडीदार शैलीको क्रेज पाइन्छ ।

कुर्ता-सलबारमा पिन्क र ब्लु, एलो, ग्रिन, ब्लु र मरुन तथा ओरेन्ज र रेडको कलर कम्बिनेसन पनि उत्तिकै देख्न पाइने कुरा डिजाइनर विष्णु गौतम बताउँछन् । फेसनप्रेमीहरू असमान कट र फ्रिल तथा फ्लेयरयुक्त पहिरनमा सजिन मन पराइरहेको बताउने मेहेर कलेक्सनका योगेन्द्र मेहरका अनुसार यसपटक फेसन पारखीहरू जर्जेट र लाइक्रा फ्याब्रिकमा रमिरहेका छन् । पुरुष फेसनमा पनि उत्तिकै दखल राख्ने मेहरका अनुसार लिनन फ्याब्रिकमा पुरुषवर्गको फेसन बढेको देखिन्छ । ब्ल्याक, ब्राउन र लाइट क्रिम सेडमा जिन्स शैलीका पाइन्टहरू पुरुषवर्गले रुचाइरहेको मेहर बताउँछन् । मेहरका अनुसार पाइन्टको मोहोडा १८ देखि १९ इन्च वा चुज शैली र लिनेन तथा सिल्कका शरीरमा टम्म मिल्ने वेस्ट लेन्थ सर्टको चलन बढेको छ । सर्टको कलरको लम्बाइ साढे तीन देखि साढे चार इन्चसम्म राख्ने रहर पनि पुरुष स्टाइलमा बढेको पाइन्छ ।

> पारम्परिक आभूषणको कमी नदेखिए पनि दसैं-तिहारलाई विशेषतः ठूल्ठूला सेन्डी लेयर इअर रिङ, ब्रासलेट, आर्मलेट्स तथा घाटीसम्म टम्म लगाइने नेकलेसको प्रचलन बढेको पाइन्छ ।

पुरुष फेसनमै परिचय बनाएको बागबजारस्थित द ह्यारी कलेक्सनका राजमान महर्जनका अनुसार यो वातावरणमा थ्रि बटन र साइड चिरेको कोट शैली र नन प्लिटेड, क्रस पकेटयुक्त पाइन्ट बढी प्रयोगमा छ । कटन, लिनेन, टेरिवुल, वुलन फ्याब्रिकको चलन बढेको देखिन्छ । महर्जनका अनुसार राम्रो क्वालिटी, दर्जनौं शैली, आकर्षक डिजाइन, मनमोहक कलर कम्बिनेसनका कारण फर्मल सर्टमा ठाँटिन चाहनेहरूका बीच जोन प्लेयरका कमिजहरू उत्तिकै लोकप्रिय देखिन्छन् ।

डिजाइनर साडीहरूमा इम्ब्रोइडरी, जरदोजी, एप्लिक, बिड्स, सितारा तथा मिरर वर्कको आकर्षण बढेको पाइन्छ भने तिनीहरूसित मिल्दो एसिमेट्रिकल, स्पेगेटी स्ट्राइपयुक्त चोलीका साथै स्याकलेस, पछाडि बो वा रिङयुक्त चोलीको प्रयोग पनि बढ्दो छ । साडी, कुर्ता-सलबारका अतिरिक्त डिजाइनर वेयरतर्फ कोर्सेट, अनइवन, हेमलाइनयुक्त पोन्चो, मिडियम फिटेड एवं स्ट्रेट ट्राउजर्स, सिगरेट ट्राउजर, फुल फ्लेयर्ड गाउन, स्कर्टका विभिन्न शैलीहरू पनि उत्तिकै लोकप्रिय भएका छन् ।


जहाँ डिजाइनर फेसन शैलीले दसैंलाई तताएको छ, त्यहीं दर्जनौं शैलीमा उपलब्ध रेडिमेड क्याजुएल पहिरनको आकर्षणले यो अवसरमा थप ऊर्जा सञ्चार गरेको छ । स्कर्ट र स्लिभलेसमा सजिन रुचाउनेहरू हुन् वा फिटेड पाइन्ट र सिथ्रु स्लिभयुक्त टिसर्टमा रमाउनेहरू, डबल भिजन टिसर्टमा फेसनेवल देखिन चाहनेहरू हुन् वा सिगरेट ट्राउजर तथा लुज सर्टमा ठाँटिनेहरूको चाहना र रोजाइसँगै क्याजुएल वेअर स्टोरहरूमा दसैंको चलहपहल देख्न पाइन्छ । काठमाडौं मलस्थित ब्रान्डेड क्याजुएल बेयर स्टोर 'वुप्स' का मतिन,

> सौन्दर्यविदहरूका अनुसार मेकअपको बेस लाइट राम्रो हुन्छ । दसैंका अवसरमा हल्का आइस्याडो, अस्थायी मस्कारा, ब्राइट ब्लसर, केही समयअसम्म टिक्ने नेल आर्ट तथा नेल एक्स्टेन्सन मेकअप संसारको शैली बनेको देखिन्छ । न्युड लिपिस्टिका स्थानमा ग्लसी लुकको डिमान्ड बढेको पाइन्छ । हेयर स्टाइलिङमा स्ट्रेट कर्ली वा कलरिङ विस्तारै विस्थापित हुँदै गएको अनुभव हुन्छ ।

यस पटक फेस्टिभल मुड पिन्क र ह्वाइट कलरले देखाएको बताउँछन् ।

फ्ल्याट सुज, फिटिङ सर्ट, बेलीजिन्स, क्रन्ज जिन्स, फिटिङ वेल्ट लेन्थ सिम्पल लुक भएको कोटमा पुरुष फेसन अघि बढेको धारणा राख्ने मतिनका अनुसार पहिरनको मूल्यभन्दा त्यसको क्वालिटी, ब्रान्ड र आफूलाई सुहाउने नसुहाउने कुरामा फेसनेबल युवापुस्ता सजग हुन थालेको छ । डबल भिजन टिसर्ट, टुपिस क्याजुएल बेयर, चुज तथा स्ट्रट फिटिङ पाइन्ट र कक् सुजको कम्बिनेसन युवतीहरूका लागि ठाँटिने उपाय बनेको मतिन बताउँछन् । अहिले युरोपियन फन्की फेसन शैलीको आकर्षण पनि उत्तिकै देखिन्छ ।

यु.एफ.ओ. पुतलीसडकका केशव शाक्यका अनुसार अहिले पुरुष फेसनतर्फ ८ सयदेखि १४ सयसम्म पर्ने प्यारालल शैलीका जिन्स तथा ४ सय ५० देखि ६ सय ५० रुपैयाँसम्मका क्याजुएल फिटिङ सर्टहरू प्रचलनमा छन् । शाक्यका अनुसार युवतीहरूमा भने क्वाटर पाइन्ट, बेली जिन्स तथा विभिन्न शैलीका टिसर्टहरू बढी बिक्री भैरहेका छन् । यसका अतिरिक्त स्कर्टका विभिन्न शैलीहरू विशेषतः प्लिटेड, फ्लेयर्ड लेयर्ड, स्ट्रेट, सर्कुलरमा मिनी-माइक्रो निलेन्थ, काल्फलेन्थ तथा एङ्कललेन्थ स्कर्टहरू बढी प्रचलनमा छन् । पहिरनतर्फ जहाँ डिजानर वेअरमा इन्डो-वेस्टर्न फ्युजन शैली बढी पपुलर देखिन्छ त्यहीं क्याजुएलमा भने साठी-सत्तरी दशकको रक स्टार शैली एवं फन्की स्टाइल लोकप्रिय छ ।

# दसैंमा प्रदर्शन हुने नेपाली चलचित्र

## भरोसा

निर्देशक : राजेन्द्र उप्रेती
निर्माता : जयप्रकाश रिजाल, वसन्तकुमार श्रेष्ठ, निखिल श्रेष्ठ, रमेश त्वायाना
संगीत : सुरेश अधिकारी
द्वन्द्व : राजेन्द्र खड्गी
मुख्य कलाकार : मिथिला शर्मा, श्रीकृष्ण श्रेष्ठ, दिलीप रायमाझी, अरुणिमा लम्साल, उषा पौडेल, सुशील पोखरेल, रूपा राना, नन्दिता केसी आदि ।

ग्रामीण परिवेशमा आधारित चलचित्र 'भरोसा' मा पारिवारिक घटनाक्रमलाई प्रस्तुत गरिएको छ । कुनै घरमा समस्या थपिँदै जान्छ अनि विश्वासको संकट पनि बढ्दै जान्छ । दैनिक जीवन-यापनका क्रममा भोग्नुपर्ने घटनाक्रमलाई पनि यो चलचित्रमा अटाउने प्रयास गरिएको छ । घर राम्रोसँग चल्नका लागि सबैले आ-आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ । कर्तव्य निर्वाह गर्ने क्रममा श्रीमतीले श्रीमान्को भरोसा गरेकी हुन्छिन् त बुहारीले सासूको अनि छोराले आमाको । विशेषगरी परिवारको जेठो व्यक्तिप्रति सबैको भरोसा हुन्छ तर त्यही व्यक्तिले धोका दियो भने घर छिट्टै ध्वस्त भएर जान्छ । यसका साथै वैदेशिक रोजगारीमा पठाउने सिलसिलामा हुने ठगीलाई पनि यो चलचित्रमा समेटिएको छ । भरोसा फूलपातीकै दिनदेखि मोफसलका तुलसीपुर, पोखरा, बुटवल, नारायणघाट, दमक एवं बिर्तामोडमा प्रदर्शन हुने भएको छ ।

## मानिस

लेखन, निर्माता-निर्देशक : शिव रेग्मी
संगीतकार : शम्भुजित बाँस्कोटा
द्वन्द्व : एनबी महर्जन




मुख्य कलाकार : निखिल उप्रेती, सुनीलदत्त पाण्डे, भुवन केसी, रमित ढुंगाना, दिलीप रायमाझी, बिपना थापा, सज्जा मैनाली, रेजिना उप्रेती ।

व्यावसायिक चलचित्रमा राम्रै सफलता हात पारेका निर्माता-निर्देशक शिव रेग्मी 'मानिस' लाई वास्तविक चलचित्र मात्र भन्न चाहन्छन् । मानिसको जात एउटै हुन्छ भनेर राज्यले परिभाषा गरे पनि मानिसको दैनिकी भने निकै भिन्न हुन्छ । केही मानिस यस्ता छन् जसले जीवनमा विरलै लुगा फेर्न पाउँछन् । जसलाई एक छाक खानका लागि ठूलै पर्व नआई हुँदैन । त्यही ठूलो पर्वमा पनि मीठो गरी एक छाक जुटाउन धौ-धौ हुन्छ । मानिसको जात त्यही तर अर्को थरीले जीवनमा कहिल्यै अभावको सामना गर्नुपरेको छैन । यो चलचित्रमा तिनै कमजोर आयआर्जन भएकाहरूको जीवनशैलीलाई उतार्ने प्रयत्न गरिएको छ । अभिभावकबिनाको घर र अनुशासनबिनाको मानिस सफल हुँदैन, तर बिग्रिएका मानिसले पनि राम्रो संस्कार पाए भने राम्रो गर्न सक्छन् भन्ने सन्देश यो चलचित्रले बोकेको छ । मानिस फूलपातीका दिनदेखि नारायणघाट, धरान, तुलसीपुर तथा विराटनगरमा प्रदर्शन हुने भएको छ । यो चलचित्रबाट निर्देशक रेग्मी आशावादी छन् ।





## दुनियाँ

निर्माता : विनोद शेरचन
पटकथा, संवाद : सुरेश सुब्बा 'नाल्बो'
निर्देशन शिव रेग्मी
संगीतकार : शम्भुजित बाँस्कोटा
द्वन्द्व : एनबी महर्जन
मुख्य कलाकार : भुवन केसी, तृप्ति, निरुता सिंह, रेखा थापा, किरण केसी, वीरेन श्रेष्ठ, दिनेश शर्मा आदि ।

कानुनले छोराछोरी समान हुन् भनेको छ । मानिसहरूले पनि यो कुरालाई स्वीकार गरेका छन् । नेपाली समाजले छोराछोरीलाई समान अवसर दिन थाले पनि आममानिसले छोराको चाहना राख्ने गरेको तीतो यथार्थलाई दुनियाँले आफ्नो चलचित्रको विषय बनाएको छ । युग परिवर्तन भयो, संस्कार परिवर्तन भयो, प्रविधिले ठूलो फड्को माऱ्यो तर सापेक्षिक अर्थमा मानिसको मन परिवर्तन हुन सकेन । अझै पनि छोराको आशामा भ्रूणमै छोरीको हत्या गर्ने बाबु-आमा प्रशस्तै छन् नेपालमा । गाउँको तुलनामा सहरका मान्छे बढी सचेत भए पनि सहरकै मान्छेमा छोराको बढी चाहना भएको र भ्रूणमै छोरीको हत्या गर्न मञ्जुर कठोर आमाको मनलाई दुनियाँमा चरितार्थ गर्ने जमर्को गरिएको छ । छोराछोरीबीचको विभेद नै मुख्य कथा रहेको दुनियाँ फूलपातीका दिनदेखि पोखरा, दमक, धरान, हेटौंडा, सुर्खेत तथा विराटनगरमा प्रदर्शन हुने भएको छ ।



# मास्टर किङ एन्ड लिटिल क्विन



बालकतर्फ २० जना र बालिकातर्फ ४० जना प्रतियोगी। साइनिङ स्टार स्कुलका विद्यार्थीहरूले अर्केष्ट्रामा बजाएको दसैंको मंगल धुनबाट प्रारम्भ हुन्छ मास्टर किङ एन्ड लिटिल क्विन नेपाल-२००६ को प्रतिस्पर्धा। प्रारम्भमा ४० जना प्रतियोगी बालिका रमिला नेमकुल श्रेष्ठद्वारा तयार पारिएका कम्मरमा गोल्डेन रंगको बेल्ट भएको, घुँडासम्म आउने स्लिभलेस वन पिस पहिरनमा ठाँटिएर क्याटवाक गर्दै आ-आफ्नो परिचय दिन थाल्छन्।

त्यसपछि परिचय दिने पालो आउँछ बालकहरूको। क्रिम कलरको दौरा-सलवार, ढाकाको वेस्टकोट र ढाकाकै टोपीमा सजिएका बालकहरूको प्रस्तुति भने बालिकाहरूको तुलनामा त्यति जम्न सकेको थिएन। बेस्ट ड्रेस, टप टेन राउन्ड हुँदै टप फाइभसम्म पुगेपछि बालक तथा बालिकाहरूले निर्णायकहरूको प्रश्नको सामना गरे। करिब तीन घन्टाको मेहनतपछि बालकतर्फ गौरव दाहाल र बालिकातर्फ रुजु शर्माले क्रमशः मास्टर किङ तथा लिटिल क्विनको उपाधिका लागि सफलता हात पारे। विजेताहरूलाई कार्यक्रमका प्रमुख अतिथि नेपाल विज्ञापन एजेन्सी संघका अध्यक्ष निर्मलराज पौडेलले एवार्ड प्रदान गरेका थिए।

लिटिल क्विन रुजुलाई भने ब्युटिफुल लेडी ताज जितेकी सदिक्षा श्रेष्ठले क्राउनिङ गरेकी थिइन्। एरो मोडलिङ एजेन्सीको आयोजनामा सिद्धान्त घिमिरे कोरियोग्राफी रहेको उक्त प्रतिस्पर्धामा विदुषी गिरी र चिराग श्रेष्ठ फस्टरनर अप, कृतु राजकर्णिकार र श्रीकृष्ण भुजेल सेकेन्ड रनरअप भएका थिए। सेकेन्ड रनरअप विदुषी दर्शकको छनौटमा पनि पर्न सफल भएकी थिइन्।

भ्युअर्स च्वाइसमा बालकतर्फ रिदम लामा छनौट भएका थिए। अन्य उपाधिहरूमा आयुष श्रेष्ठ र चाहना पुरी- फोटोजेनिक, सिम्रन रौनियार र साहित्य प्रधान- क्याटवाक, प्रिज्मा श्रेष्ठ र यकिन श्रेष्ठ- युनिक, एन्जिला श्रेष्ठ र सक्रिय श्रेष्ठ- क्युट, लास्टा श्रेष्ठ र प्रसिनमान बिजुक्छे- ट्यालेन्टेड, सिजा पुरी र केबिन जोशी- ब्युटिफुल हेयर, सजला क्षेत्री र निश्चल सत्याल- बेस्ट ड्रेस, सोफिया श्रेष्ठ र रुजु तुलाधर- बेस्ट स्माइल, विपासा श्रेष्ठ र आशिष श्रेष्ठ- फ्रेन्डसिप तथा अनुष्का श्रेष्ठ र ऋषभ न्यौपने- डिसिप्लिन उपाधिमा उत्कृष्ट ठहरिएका थिए।




# डिजाइनरहरूको क्याटवाक

बेमौसमे झरीसँगै काठमाडौं मलको छतमाथि बनाइएको र्‍याम्पमाथि गत सोमबार साँझ नेसनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी (एनईएफटी) का दुई दर्जन डिजाइनरले आ-आफ्नो सिर्जनामा आफैं क्याटवाक गरे। एनआईएफटीमा एक वर्षे फेसन डिजाइनिङ कोर्स पूरा गरेका डिजाइनरहरूको सहभागितामा रहेको सो कार्यक्रमलाई सात चरणमा प्रस्तुत गरिएको थियो। जसअन्तर्गत पार्टी वेयर, क्याजुएल वेयर, साडी, कुर्तासलवार, इभिनिङ गाउन, ब्राइडल वेयर आदि पहिरन प्रस्तुत गरिए।

अधिकतर पहिरनमा सितारा, बिड्स, मिरर तथा कलरफुल स्टोनको बाहुल्यता थियो भने नीलो, रातो, सुन्तला, गुलाफी, पहेंलो, हरियो रंगको संयोजनमा सिर्जनाहरू प्रस्तुत गरेका थिए। ग्यालेक्सी मोडलिङ एजेन्सीका सन्जित श्रेष्ठ तथा धीरज तण्डुकारको कोरियोग्राफीमा सम्पन्न उक्त फेसन कार्यक्रममा राधिका थापाको प्रस्तुतिलाई उत्कृष्ट चयन गरिएको थियो भने प्रवीणा श्रेष्ठ र बबिता लिम्बू क्रमशः फस्ट तथा सेकेन्ड रनरअप घोषित भएका थिए।

# तामाङ किशोरीहरूको आत्मविश्वास



तामाङ समुदायको भाषा, कला-संस्कृतिको संवर्द्धन, प्रवर्द्धन एवं तामाङ किशोरीहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटनको उद्देश्य बोकी प्रतिस्पर्धाको मञ्च तयार गरेको क्रिएसन फेसन फिल्डले प्रवीण श्रेष्ठको कोरियोग्राफीमा मिस टिन तामाङ-२००६ सम्पन्न गरेको छ। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रस्तुत सो प्रतिस्पर्धामा सहभागी १० जना तामाङ किशोरीको आत्मविश्वास, प्रतिभा र प्रस्तुतीकरण प्रशंसनीय थियो। आफ्नै मौलिक वेशभूषामा प्रस्तुत भै तामाङ भाषामै परिचय दिएका मिस टिन तामाङका सहभागीहरूले विभिन्न तीन चरणमा प्रश्नहरूको सामना गरे।

सोही दिन प्रस्तुत ट्यालेन्ट राउन्डमा अधिकांशले नृत्य प्रतिभा प्रस्तुत गरे भने अन्यले गायन, कविता र वक्तृत्व प्रतिभा प्रस्तुत गरे। बेस्ट ड्रेस राउन्डमा अधिकांश प्रतियोगीको रोजाइ इभिनिङ गाउन बनेको थियो। यद्यपि कृति सिङ्तान भने किमोनोमा सजिएकी थिइन्।

करिब एक दर्जन बालबालिकाको फेसन शो समावेश गरिएको प्रतिस्पर्धालाई गायकद्वय अभिनाश घिसिङ र रोज मोक्तानले संगीतमय बनाएका थिए। मिस तामाङ-२००५ जेनिशा मोक्तानको नृत्य प्रस्तुति पनि आकर्षक थियो। १० प्रतियोगिताका लागि १२ शीर्षकमा एवार्ड राखिए पनि कृति सिङ्तानले बेस्ट हेयर, ट्यालेन्ट, बेस्ट ड्रेस तथा भ्युअर च्वाइस एवार्डमा कब्जा जमाइन्। यसैगरी पाल्साङ डोङले बेस्ट स्माइल, इन्द्रमाया मोक्तानले मिस क्याटवाक र निशा पाखिनले मिस फ्रेन्डसिपको एवार्ड हासिल गरिन्। पार्वती मोक्तानले सेकेन्ड रनरअप उपाधिसहित फोटोजेनिक एवार्ड जितिन् भने फस्ट रनरअपको उपाधि क्रान्ति योञ्जनको पक्षमा गयो। मिस चार्मिङको उपाधिसहित मिस टिन तामाङ-२००६ को शीर्ष उपाधि विजेता भइन् सपना घिसिङ।

# सरु र जोयललाई सानो परी र सानो बाबुको मुकुट

**शिव शर्मा**

पोखरा– पुरानो नेपाली चलचित्र 'माइतीघर' को गीतमा नैना बाटाजुको आकर्षक स्वागत नृत्यसँगै कार्यक्रमको पर्दा उघारियो। त्यसपछि लहरै रङ्गीचङ्गी पहिरनमा स-साना बाबुनानीहरूको आगमन भयो।

शनिबार स्थानिय उद्योग-वाणिज्य संघको प्रेक्षालयमा सुलक्ष्य (जित हाम्रो) ले आयोजना गरेको सानो बाबु तथा सानो परी-२००६ प्रतियोगितामा बालबालिकाको प्रतिभा हेर्न दर्शकहरू टनाटन भेला भएका थिए। पाँच घण्टा लामो अर्थात् राति आठ बजेसम्म चलेको कार्यक्रममा सानो परीको उपाधि स्टेप बाई स्टेप स्कुलमा अध्ययनरत १० वर्षीया सरु श्रेष्ठले हात पारिन्। कक्षा ४ मा अध्ययनरत जरेवर पोखराकी सरु उपाधी जित्दा हर्षले गद्गद भएकी थिइन्।

त्यस्तै बालकतर्फ सूर्योदय बोर्डिङ स्कुलमा अध्ययनरत ९ वर्षीय जोयल छन्त्यालले सानो बाबुको उपाधि चुमे। कक्षा ३ मा अध्ययनरत जोयल सुरुदेखि नै दर्शकको नजरमा परेका थिए।

कार्यक्रमलाई परिचय राउन्ड, ट्यालेन्ट सो, ड्रेस, टप सिक्स र फाइनल राउन्ड आदि श्रेणीमा विभाजन गरिएको थियो। पोखरा जेसिजका ईश्वर कर्माचार्य, ड्रेस डिजाइनर सविता शेरचन, संचारकर्मी दीपेन्द्र श्रेष्ठ तथा रञ्जन वुद्धाचार्य निर्णायक रहेको प्रतियोगितामा सानो परीतर्फ श्रेयङ्का पौडेल फस्ट रनरअप र रिमा तामाङ सेकेन्ड रनरअप भइन्।

रिमाले मोस्ट ट्यालेन्टको टाइटल पनि पाएकी थिइन्। त्यस्तै दीपा गुरुङ, थर्ड रनरअप, इन्कु पुन फोर्थ रनरअप र अस्मिता गुरुङ फिफ्थ रनरअप भए। रवीन्द्र बज्राचार्य र सुशील दाहालले कोरियोग्राफी गरेको कायृक्रमको ड्रेस डिजाइन सविता शेरचनले गरेकी थिइन्।

त्यस्तै प्रतियोगितामा सपना गुरुङ वेस्ट ड्रेस, प्रिया गुरुङ बेस्ट वाक र मोस्ट फ्रेन्ड्ली, पुष्पा गुरुङ मोस्ट डिसिपिलिन, नेष्मा गुरुङ मोस्ट फोटोजेनिक, स्नेहा अधिकारी मोस्ट चार्मिङ, इनु गुरुङ बेस्ट हेयर रुसमिता अधिकारी बेस्ट स्माइल, एलिसा गुरुङ बेस्ट पर्फमेन्स र एन्जल बाटाजूले बेस्ट डान्सको उपाधि जितेका थिए।

यसैगरी बाबुतर्फ प्रशान्त गुरुङ फस्ट रनरअप भए। उनले बेस्ट ड्रेसको टाइटल पनि जितेका थिए। त्यस्तै विराज गुरुङ सेकेन्ड रनरअपका साथै स्वीट सानो बाबुको उपाधि पनि जितेका थिए। प्रतियोगितामा इसान बास्तोलाले मोस्ट फोटोजेनिक, आशिष श्रेष्ठले मोस्ट ट्यालेन्ट तथा विराज वास्तोलाले बेस्ट पर्फमेन्सको उपाधि पाए।

# मिस्टर नेपाल र मास्टर नेपाल एकै दिन

एकातिर सोल्टी होटलमा सहभागी २६ जना युवा प्रतिस्पर्धीहरू आ-आफ्नो आत्मविश्वास प्रदर्शन गर्न तल्लीन थिए भने अर्कातिर प्रज्ञा भवनको प्रेक्षालयमा मास्टर नेपाल प्रतियोगिताका २४ जना बालकको आत्मविश्वास पनि कम थिएन। पशुपति एड्भरटाइजिङ सर्भिसको सहभागितामा रेड एप्पल इन्टरटेनमेन्टको आयोजना तथा अभिषेक राणा र कमल ओझाको कोरियोग्राफीमा इमेज च्यानलले प्रत्यक्ष प्रसारण गरेको मिस्टर नेपाल प्रतियोगिताको पाँचौं संस्करणको पहिलो चरणमा सहभागी सबै प्रतिस्पर्धी दौरा-सुरुवालमा ठाँटिएर आफ्नो परिचय दिएका थिए। त्यसपछि पृष्ठभूमिमा बजेको संगीतको तालमा आफ्नो शरीरलाई मर्काउने प्रयास गर्दै प्रतिस्पर्धीहरू हिपहप राउन्डमा देखापरे।

त्यसपछि २६ जना प्रतिस्पर्धीहरूबाट छानिए उत्कृष्ट दस जना। उत्कृष्ट दस जनालाई उपस्थित निर्णायकमण्डलले विभिन्न विषयवस्तुमा प्रतिस्पर्धीको विचार राख्न लगाए। अन्ततः उत्कृष्ट पाँचमा पुग्न सफल भएका प्रतीक मुडभरी, सुमेश घिमिरे, विकास लम्साल, विजय पौडेल र सिद्धार्थविक्रम भण्डारीले पुनः एकपटक निर्देशक नारायण पुरी, अभिनेता सुनील थापा, नायिका रेखा थापा, एन्फा अध्यक्ष गणेश थापा, प्राध्यापक तुलसी पाठक, उद्योग व्यवसायी राजेन्द्र खेतान, इमेज च्यानलका अध्यक्ष आर.के. मानन्धर, साप्ताहिकका सम्पादक सुवास ढकाल, पूर्व मिस्टर नेपाल रोहित थेबे सम्मिलित निर्णायक मण्डलको प्रश्नको सामना गरे। अन्ततः कालो सुटमा ठाँटिएका विराटनगर निवासी सुमेश घिमिरे मिस्टर नेपाल-२००६ उपाधि विजेता बने।



क्रिएसन ग्रुपका डिजाइनरहरूले तयार पारेका सिर्जनामा सजिएका मिस्टर नेपालका सहभागीहरूमध्ये विजय पौडेल र विकास लम्साल क्रमशः फस्ट तथा सेकेन्ड रनरअप छनौट भए। यसैगरी सन्जुबाबा मल्ल मिस्टर पर्सनालिटी, लक्ष्मण बानियाँ मिस्टर क्याटवाक, सुशील खड्का मिस्टर डिसिप्लिन, सिद्धार्थविक्रम भण्डारी मिस्टर स्पोर्ट्स, बालमुकुन्द अवाल मिस्टर फिजिकल तथा अमिर शेख र आशिष प्रसाईं संयुक्त रूपमा मिस्टर ट्यालेन्टेड छनौट भएका थिए। कार्यक्रम नेपाल विज्ञापन एजेन्सी संघका अध्यक्ष निर्मलराज पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

यसैगरी सोही दिन प्रज्ञाभवनमा सञ्चालित जे.सी.आई. काठमाडौंको रियल मास्टर नेपाल प्रतिस्पर्धामा देशमा शान्ति र विकासको बाटो पहिल्याउने अठोट बोकेका प्रवेश शेरचनले मुख्य उपाधि हासिल गरे। सो स्पर्धामा विवेक थापा फस्ट रनरअप तथा मास्टर पर्सनालिटी शीर्षकमा उत्कृष्ट छनौट भएका थिए भने प्रत्युषलाल प्रधान सेकेन्ड रनरअप भए। परिचय, बेस्ट ड्रेस, ट्यालेन्ट राउन्ड, टपटेन र टपफाइभ विभिन्न चरणमा सञ्चालित उक्त प्रतियोगितामा आयुषचन्द्र प्रधान डिसिप्लिन, दिमान्सु श्रेष्ठ फोटोजेनिक, रचित श्रेष्ठ फ्रेन्डसिप र सुजन श्रेष्ठले बेस्ट ड्रेस शीर्षकमा ट्रफी उचाले। चटपटे विक्रेताको अभिनय गरी मनिष गुप्ताले मास्टर ट्यालेन्टेड शीर्षकको उपाधिमा कब्जा जमाए।

# मिसेज बाग्मती

बालबालिका, किशोरकिशोरी, युवायुवतीका सौन्दर्य तथा मोडल प्रतियोगिताको माहौलमा बीएल हाउसले प्रस्तुत गऱ्यो विवाहित महिलाहरूको सहभागिता रहेको मिसेज बाग्मती-२००६ प्रतियोगिता। गत सोमबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको ल्होत्से हलमा बिछ्याइएको र्‍याम्पमा पुतलीसडकस्थित चार्म बुटिकका डिजाइनरद्वय समिता बस्नेत तथा तमन्ना श्रेष्ठद्वारा तयार पारेका कालो र रातो रंगका इभिनिङ गाउनमा सजिएर मञ्चमा उत्रिएका १२ जना प्रतिस्पर्धीले आ-आफ्नो परिचय दिएपछि प्रारम्भ भयो मिसेज बाग्मतीको प्रतिस्पर्धा।

रोजिन शाक्यको कोरियोग्राफी तथा उद्घोषणमा सञ्चालित सो प्रतियोगितामा प्रमुख निर्णायक साप्ताहिक र नारी मासिकका सम्पादक सुवास ढकालसहित कोरियोग्राफर जयन सुब्बा मानन्धर, ब्युटिसियन विनु श्रेष्ठ मालाकार तथा सञ्चारकर्मी सिर्जना जोशी सम्मिलित निर्णायकमण्डलको प्रश्नको सामना गरेपछि मिसेज बाग्मतीका प्रतियोगीहरूको बौद्धिक क्षमताको परीक्षण हुन्छ। बेस्ट ड्रेस राउन्डमा आ-आफ्नो आकर्षक प्रस्तुतीकरण दिइसकेपछि सहभागी १२ जनामध्येबाट सरिता गुरुङ, सविता थापा, पेमा शेर्पा, प्रेक्षा स्वाँर तथा कलासिंह अन्तिम चरणमा पुग्न सफल हुन्छन्। पाँचै जना फाइनलिस्ट मञ्चमा लिखित उत्तरका लागि तयार भैसकेपछि प्रमुख निर्णायक सुवास ढकालले आफ्नो निर्णायक प्रश्न राख्छन्।

विवाहसम्बन्धी अन्तिम प्रश्नको उत्तर दिने क्रममा ट्याग नम्बर १२ लगाएकी, कालो इभिनिङ गाउनमा सजिएकी कला सिंहको उत्तरले निर्णायकमण्डललाई प्रभावित गरेपछि उनी छनौट हुन्छिन् मिसेज बाग्मती। परिचयात्मक चरणदेखि अन्तिम प्रश्नको उत्तर दिँदासम्म अंग्रेजी भाषामै प्रस्तुत भएकी कला पेशाले शिक्षिका हुन् र उनी भी.एस. निकेतनमा अध्यापन गर्छिन्।

प्रेक्षा स्वाँर फस्ट रनरअप र सरिता गुरुङ सेकेन्ड रनरअप भएको सो कार्यक्रमलाई महादेव त्रिपाठीको हास्य प्रस्तुति, प्राश्ना शाक्य र अशोक प्यासी राईको गायन, दीपेन्द्र थापागरको निर्देशन रहेका आकर्षक नृत्यहरू तथा एन.ई.एफ.टी. डिजाइनिङ संस्थाका ७ जना प्रशिक्षार्थी डिजाइनरको क्याटवाक प्रस्तुतिले थप रोचक बनाएको थियो। मिसेज बाग्मतीमा पेमा शेर्पा मिसेज बेस्ट हेयर, पार्वती राई मिसेज बेस्ट ड्रेस, सविता थापा मिसेज पर्फमेन्स तथा कुन्ति पाठक मिसेज पर्सनालिटीका घोषित भएका थिए।

SHIKHAR MUSIC
शिखर म्युजिक अपडेट
SHIKHAR
Safalta ko life
STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH

## यम बरालको एकलसाँझ

आधुनिक गायनका चर्चित गायक यम बराल पहिलो पटक एकल सुमधुर साँझमा प्रस्तुत भए । गत सोमबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आफ्ना र अग्रजका गरेर २२ वटा सृजनालाई उनले श्रोतामाझ प्रस्तुत गरेका थिए । एकल गायनका क्रममा हलभित्रका दर्शकले करिब तीन घण्टा समय बितेको पत्तै पाएनन् । 'पहिलो एकल साँझ भए पनि एकदमै गरिमामय र अविस्मरणीय कार्यक्रम बन्न पुग्यो,' कार्यक्रम सकिएपछि गायक यम बराल भन्दै थिए– 'दर्शक श्रोताले पनि राम्रोसँग साथ दिनुभयो ।'

क्यान्सर रोगीहरूको क्षेत्रमा कार्यरत हस्पिस नेपालको सहयोगार्थ आयोजना गरिएको उक्त सांगीतिक साँझमा दर्शकको उपस्थिति पनि उल्लेखनीय थियो । गायक बरालले पनि सेवाको भावनाले कार्यक्रम आयोजना भएको उल्लेख गर्दै सहभागीहरूलाई आफ्नो यात्रामा साथ दिन आग्रह गरेका थिए ।

रोटरी क्लब अफ नागार्जुनको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा भूमिसुधार तथा व्यवस्थामन्त्री प्रभुनारायण चौधरीले बरालको सातौं एल्बम मायाको विमोचन गरेका थिए । कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान दिएका करिब एक दर्जन व्यक्तित्वलाई सम्मानित गरिएको थियो ।



## दसैंको अवसरमा डान्सपार्टी

**शिव शर्मा**

पोखरा- पोखराको डिस्को जम्छ त केवल लेकसाइडमा । अझ लेकसाइडको कुन वारमा डिस्को जम्छ भनेर कसैले प्रश्न सोध्यो भने त्यसको जवाफ सहज छ क्लब प्याराडिसो । त्यसो त क्लब प्याराडिसोमा डिस्को जम्न कुनै आइतबार पर्खनु पर्दैन । यहाँ डिस्कोमा रल्लिले युवायुवतीहरू जुनसुकै बेला पनि बग्रेल्ती भेटिन्छन् ।

दसैंको अवसर पारेर गत शुक्रबार र शनिबार दुई दिन क्लब प्याराडिसोमा डान्स पार्टी आयोजित गरियो । दिउँसो एक बजे सुरु भएको पहिलो दिनको डान्स पार्टीमा टिनएर्जसहरूको सहभागिता उल्लेख्य थियो । दसैं आगमनको हर्ष बाँड्दै युवायुवतीहरू डान्सपार्टीमा झुमेका थिए । सबै खाले गीतको सम्मिश्रणले डान्सपार्टीमा रौनक थपेको थियो । झिलीमिली बत्तीको प्रकाश र डिजेले छानेका गीतमा नमस्किने युवायुवती कमै थिए । लेकसाइडको रंगीत रातलाई अझ रंगीन बनाउन युवायुवतीहरूले कुनै कसर बाँकी राखेनन् ।

शनिबार पनि क्लब प्याराडिसोमा अर्को बृहत् डान्स पार्टीको रौनक छायो । विजयादशमीकै अवसरमा आयोजना गरिएको एवान म्युजिक डान्सपार्टीले डिस्को पारखीहरूलाई निकै उफान्यो । फुर्सदको दिन अनि रमाइलो भएर पनि होला पार्टीमा शरीर मर्काउनेहरूको हानथाप देखिन्थ्यो । पोखरामा हिपहप ब्वाइका रूपमा चिनिएका बबी क्यालसङ उक्त डान्सपार्टीका प्रमुख आकर्षण बनेका थिए । त्यसो त पोखराका डान्सबारहरूमा बबी भेटिएनन् भने डान्सपारखीहरूले खल्लो महसुस गर्छन् । उनी डान्समा माहिर मानिन्छन् । उनले नै तताए एवान डान्स म्युजिकलाई । दिउँसो २ बजे शुरु भएको डान्सपार्टीमा राति अबेरसम्म जमेको थियो ।

डान्सपार्टीमा सहभागि हुनेहरूलाई डोर प्राइजका रूपमा मोबाइल सिमकार्ड र रिचार्ज कार्ड दिइएको थियो भने डान्स पार्टीमा सहभागी हुनेहरूमध्येबाट बेस्ट ड्रेस, बेस्ट डान्सर तथा बेस्ट लुक्सको पनि छनौट गरिएको थियो ।

## दुबईमा विजयादशमी सांस्कृतिक साँझ

नेपाली रेस्टुराँ दुबईको आयोजनामा "विजयादशमी सांस्कृतिक साँझ २०६३" आबुधाबीमा गत ७ सेप्टम्बरमा तथा दुबईस्थित अल्नसर ल्यजरल्यान्डमा ८ सेप्टम्बरमा सम्पन्न भयो । नेपाली कलाकारहरूका लागि हालका दिनमा दुबई घर-आँगनजस्तै भएको छ । उक्त कार्यक्रममा भाग लिन मनोज गजुरेलको नेतृत्वमा कोमल वली, रेखा थापा, धीरज राई, दीपेशकिशोर भट्टराई, बद्री पंगेनी, सत्यकला राई, ऋचा घिमिरे दुबई पुगेका थिए । मनोज गजुरेलले उद्घोषणसँगै राजा ज्ञानेन्द्र र माओवादी नेता प्रचण्डको क्यारीकेचर गरेर दर्शकबाट बेजोड ताली प्राप्त गरे । कार्यक्रममा ऋचा घिमिरेले एउटा चलचित्रको गीतमा नृत्य गरिन् । त्यसपछि सत्य कला राईले "आई डी कार्डैले" गाइन् । बद्री पंगेनीले नारीको व्यथा तथा जनवादी गीत प्रस्तुत गरेपछि दर्शकले गणतन्त्र जिन्दाबादको नारा लगाउन थाले । त्यसपछि कोमल वली "यो जोवन तिमीलाई नै हो" भन्दै मञ्चमा देखा परिन् । उनको गीतपछि फेरि ऋचा घिमिरे आधुनिक नृत्यमा देखा परिन् । त्यसपछि दीपेशकिशोर भट्टराई दुईवटा पप गीत सुनाए ।

पालो फेरि कोमल वलीको थियो, उनी "बिहे भा छैन" गाउन थालिन् । लामो समयको प्रतीक्षापछि नायिका रेखा थापाले मञ्चमा नृत्य गरिन् । धीरज राईले सोई ढोले सोई र लुकी लुकी दुईवटा गीत गाए । ऋचा घिमिरेले भोजपुरी गीतमा नृत्य गर्दा दर्शकले रमाइलो माने । सत्यकला राईले फेरि ईन्टरनेटैमा र अर्को नयाँ गीत प्रस्तुत गरेपछि दीपेशकिशोर भट्टराई आए भेडाको ऊनजस्तो गाउन । त्यसपछि रेखा थापाले नृत्य प्रस्तुत गरिन् । फेरि धीरज राई पप गीतबाट तिमी रुँदा र गलफ्रेन्ड दुईवटा गीत गाएर हिंडे । कार्यक्रमको अन्तमा कोमल वलीको पोइला जान पाऊँ तथा बद्री पंगेनी र कोमल वलीले दोहोरी प्रस्तुत गर्दा दर्शकहरूले उनीहरूलाई साथ दिए । कोमल वलीले अरेबिक महिलाको पोसाक लगाएर उद्घोषण गर्दा दर्शक एकछिन स्थानीय महिला नै हुन् कि भनेर छक्क परेका थिए । आयोजक जित राईका अनुसार उक्त कार्यक्रममा १ हजार ४ सय भन्दा बढी दर्शकको उपस्थिति थियो ।

युएईमा विभिन्न चाड-पर्वमा कलाकारहरूलाई आमन्त्रणा गरेर कार्यक्रम आयोजना गर्न खिमानन्द भुर्तेलको अध्यक्षतामा गंगा अधिकारी, होम राना, सुनिल पंगेनी, डीएल शर्मासहितको ११ सदस्यीय समिति बनाइएको छ ।

लेक योन्जन, दुबईबाट

## रहरले बने गायिका

साप्ताहिक समाचार

काठमाडौं- गाउने सोख सबैलाई हुन्छ । महिलाहरूमा त्यो सोख अझ बढी पाइन्छ । त्यस्तै सोख भएका महिलाहरूले गत आइतबार आफ्नो रहर पूरा गरे । चार वर्षअघिदेखि हरेक वर्ष आयोजना भैरहेको गायिकाहरूले मात्र गीत गाउन पाउने कार्यक्रम "वुमन इन कन्सर्ट" कार्यक्रममा रचना गुरुङ शर्मा, सपना थापा, सेरी थापा, अर्पणा रायमाझी, गरिमा, जेसी राई, रश्मी, सुबु थापा जस्ता कोरा गायिकाहरूले आफ्नो रहर त पूरा गरे नै त्यसका साथै प्रीति कौर, अभया सुब्बा तथा सिनी गुरुङ जस्ता नाम चलेका गायिकाहरूले पनि विभिन्न गीत सुनाए । उनीहरूले अघि-पछि गाउने गरेका नेपाली गीतभन्दा पनि अंग्रेजी गीत बढी गाएका थिए । कुष्ठरोग निवारणका लागि कार्यरत सेवा केन्द्र ल्याप्रोसी रिलिफको सहयोगार्थ आयोजित उक्त कार्यक्रमका कुष्ठरोगसम्बन्धी एक वृत्तचित्र पनि देखाइएको थियो । होटल डेला अन्नपूर्णमा सम्पन्न उक्त कार्यक्रम झण्डै तीन सय जति दर्शकले हेरेका थिए ।

## भाइब्रेसनको रकिङ


**साप्ताहिक समाचार**

काठमाडौं- गत असार महिनामा जर्मनीमा विश्वकप फुटबल प्रतियोगिता भैरहदाँ केही नेपाली सांगीतिक समूह नेपालमा सांगीतिक भिडन्त गर्न तम्तयार थिए । 'भाइब्रेसन-अल नेपाल ब्यान्ड कम्पिटिसन' को प्रारम्भ गत शनिबारमात्र सम्पन्न भयो । विभिन्न चरण हुँदै अन्ततः दसवटा सांगीत समूह एन्जल्स रेज, अनुप्रस्थ, ब्लड ब्लिस्टर, क्रुन्ट्स, डा.पन्क, मोर्सियस, पिस, प्रेयोम, साउन्ड केमेस्ट्री र तारेमाम अन्तिम प्रतिस्पर्धाका लागि छानिए । ती दस संगीत समूहबीच गत शनिबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको मैदानमा अन्तिम भिडन्त भएको थियो । उक्त भिडन्तमा संगीत समूह 'साउन्ड केमेस्ट्री' आफ्ना सबै प्रतिद्वन्द्वीलाई उछिन्दै विजयी घोषित भयो ।



ड्रम वादक देव राना, गायक तथा गीतार वादक ज्योति घिमिरे तथा गायक ओमविक्रम विष्ट निर्णायक रहेको उक्त प्रतिस्पर्धाका उपविजेतालगायत बेस्ट बेसिस्ट, बेस्ट लिड गितार, बेस्ट ड्रमर आदि उपाधि विजेताहरूको घोषणा भने तिहारपछि एक कार्यक्रमबीच गरिने कुरा आयोजकहरूले बताएका छन् ।

## पलैंटीमा दावा ग्याल्मो



पलैंटी श्रृंखलाअन्तर्गत सेप्टेम्बरको श्रृंखला प्रस्तुत हुने तयारी पूरा भएको छ । यो महिनाको पलैंटीमा सहभागी हुन सुप्रसिद्ध नेपाली गायिका दावा ग्याल्मो काठमाडौंमा पलैंटीका वाद्यवादकसित अभ्यासमा जुटेकी छिन् ।

नेपाली सङ्गीत जगत्मा चिर-परिचित दावा ग्याल्मो नेपाली आधुनिक सङ्गीत जगत्मा आजभन्दा ३० वर्षपहिले नै स्थापित भएकी कलाकार हुन् । उनको स्वरूप जति सरल र सादा देखिन्छ गायन पनि उत्तिकै गम्भीर र गहन छ । १६-१७ वर्षको कलिलो उमेरमै रेडियोमा गाउने अवसर पाएकी दावाका सहरभित्र केको हल्ला, रात गहिरिंदै जान्छ, जिन्दगीका मायाहरूजस्ता गीतले उनलाई नेपाली गायनमा अद्वितीय कलाकारका रूपमा उभ्याएको छ ।

सेप्टेम्बर महिनाको पलैंटी, लामो समयदेखि मौन गायिका दावाको जीवनकै पहिलो एकल गायन कार्यक्रम हुनेछ । पलैंटी श्रृंखलामा भाग लिने कुराले दार्जीलिङ छँदा एकखालको अत्यास लागेको थियो, नगाएको लामो समय भयो के होला भनेर तर यहाँ आएर अभ्यास सुरु गरेपछि उत्साह र आँट बढेको छ, -काठमाडौं आएपछि दावाको टिप्पणी थियो ।

'दावा ग्याल्मोको स्वरमा रहेको मिठासले नेपाली संगीतजगत्लाई कर्णप्रिय बनाउन ठूलो योगदान दिएको छ । अनुभवी र स्तरीय कलाकारलाई पलैंटीमा प्रस्तुत गर्न पाउनु गौरवको कुरा हो ।' पलैंटी श्रृंखलाका संयोजक आभासको भनाइ छ । नेपालयले सञ्चालन गर्दै आएको पलैंटीमा दावा ग्याल्मोभन्दा पहिले भीम विराग, शान्ति ठटाल, कुमार सुब्बा, कर्म योञ्जन, डेजी बराइली, मञ्जुल तथा फत्तेमानको नाम जोडिइसकेको छ । पलैंटीमा एक दिन थप अतिरिक्त कार्यक्रम हुने प्रचलन नै भैसकेको छ । सामान्यतया शुक्रबार र शनिबार हुने कार्यक्रम यसपालि दसैं बिदाका कारण बिहीबार र शुक्रबार हुने भएको छ,' आभासले साप्ताहिकलाई बताए ।

## सगरमाथा फेदीमा सांगीतिक धुम



**राजु घिसिङ**

लुक्ला, सोलुखुम्बु– सांगीतिक धुमसँगै सगरमाथाको प्रवेशद्वार लुक्लाले यस वर्ष पर्यटकीय सिजनको स्वागत गरेको छ । दुई वर्षपछि आफ्नै घर-आँगनमा पानीमा रुझ्दै मध्यरातसम्म सांगीतिक धुममा मस्त रहे खुम्बुवासी ।

लुक्लाको खुला मैदानमा आश्रय निकेतनद्वारा महेन्द्र ज्योति मा.वि.को सहयोगार्थ बुधबारदेखि आयोजित दुईदिने कन्सर्ट सकिँदा शुक्रबार भैसकेको थियो । देशमा लोकतन्त्रको आगमनसँगै पाँच वर्षपछि फर्किएको रात्रिजीवनको आनन्द लुट्न खुम्बुवासीहरू कम्मर मर्काउँदै नाचिरहेका थिए ।


अक्टोबर-नोभेम्बर महिनामा चौबीसै घण्टा पर्यटकको सेवामा व्यस्त रहने खुम्बुबासीहरूलाई खेमराज गुरुङ, रिमा गुरुङ तथा स्थानीय ब्यान्ड नेपाल समूहले भारी वर्षात्मा छाता फाल्दै नचाउन बाध्य पारेका थिए । 'संगीतको तालमा नाच्ने एक मात्र मौका यही हो,' -स्थानीय फुनुरु शेर्पाले साप्ताहिकसग भने । यहाँ दुई वर्षपछि यस्तो कन्सर्ट सञ्चालन भएको हो । रेडियो, एफएममा सुन्दै आएका गायक-गायिकाको स्वर आफ्नै आँगनमा प्रत्यक्ष सुन्न पाउँदा लुक्लावासीहरू दंग परेका थिए । महेन्द्र ज्योति मा.वि.का प्रधानाध्यापक बिरुमान राई भन्दै थिए- '५ वर्षपछि बल्ल राति नाच्न पाइयो ।'

दोस्रो दिन बिहीबार साढे ६ बजे झरीमा कन्सर्ट सुरु हुँदा सबैको हातमा टिकटको अर्धकट्टीसँगै छाता पनि थियो । कलाकारहरूले गीत गाउन थालेपछि छाता फाल्दै खुला मैदानका नाचिरहेका दर्शकहरूको दृश्य पानीको फोहोरामा नाचिरहेको दृष्यभन्दा फरक थिएन । युवाहरू मात्र होइनन्, बालबालिका-वृद्धा, विद्यार्थी-शिक्षकदेखि प्रहरी-माओवादी, चिकित्सक-नर्स एउटै मैदानमा नाचिरहेका थिए, राति १२ बजेसम्म ।

## नेत्रहीनहरूको संगीत

लायन क्लब अफ वीरगन्ज, माडवाडी महिला मञ्च र स्थानीय हेल्प क्लबको आयोजनामा सञ्चालित दुईदिने सडक महत्सवमा दृष्टिविहीन सांगीतिक समूह, काठमाडौंका नेत्रहीन सांगीतिक टोली दर्शकसामु आफ्नो भावना गीतबाट व्यक्त गर्दै । महोत्सवबाट प्राप्त रकम हेल्प क्लबले नेत्रहीन विद्याथहरूका लागि खर्च गरिने छ ।

तस्बिर : सुबोध सिंह



# दसैंको चटारोमा व्यस्त बजार




नेपालीहरूको महान् चाड दसैं घटस्थापनाको दिनदेखि नै विधिवत् प्रारम्भ भए पनि आज फूलपातीको दिनदेखि सबैको घरमा उल्लास थपिएको छ। परम्परादेखि नै दसैंमा नयाँ लुगा लगाउने र मीठो खानुपर्छ भन्ने मान्यताले प्रश्रय पाउँदै आएकाले पनि यस बेला देशका साना-ठूला बजारमा आपूर्तिकर्ताहरू सक्रिय भएका छन्। पसलहरूमा खचाखच रूपमा सामान भित्र्याएर दसैंलाई आमन्त्रण गरिएको छ। त्यसमाथि पनि धेरै वर्षपछि यसपालि देखिएको शान्ति-सुव्यवस्थाको स्थितिले बिदेसिएका नेपालीहरू तथा काठमाडौंबाट घर फर्कने ठूलो संख्याका मानिस उत्साहित छन्। ग्रामीण क्षेत्रलगायत राजधानीकै मानिसहरूसमेत पछि राम्रो सामान नपाइने, मूल्यवृद्धि हुने पो हो कि भन्ने डरले पनि बजारमा एकैपटक ओइरो लागेको देख्न सकिन्छ।

निभ्न लागेको बत्ती चम्किन्छ भनेझैं केही दिनपछि प्रायः शून्य हुने काठमाडौंका गल्लीगल्लीमा अहिले मौसमी व्यापारीहरू राम्रो व्यापार गरी गन्तव्यतिर जान निकै आतुर देखिन्छन्। दसैं नै पर्खिरहेका व्यापारीहरूले सडकका पेटी-किनारासहित कुनै ठाउँ बाँकी राखेका छैनन् जहाँ दसैं बजार खडा नगरिएको होस्। सडकमा नै हाँस, कुखुरा, बोका, खसी, राँगा, च्याङ्ग्रा, तरकारी, फलफूल, घिउ, तेल, सुगन्धित मसला, तयारी पोसाक आदि सामग्री किन्न सकिन्छ। आफ्ना मालसामान बेच्न व्यापारीहरू विभिन्न पुरस्कार, मेला आयोजना गरी ग्राहक तान्न सक्रिय छन् भने केन्द्रीय डिपार्टमेन्टल स्टोर तथा व्यापारिक कम्प्लेक्सहरूले पनि छुटको व्यवस्था गरेका छन्।

खुला रूपमा आयोजना हुने मेला रोक्नलाई यस्ता व्यापारिक कम्प्लेक्सहरूले आफ्नो छाता संगठन नेपाल चेम्बर अफ कमर्समार्फत यसपटक यस्ता बजार सञ्चालन नहुने बेहोरा पनि सार्वजनिक गरेका छन्। दुई-चार वर्षदेखि उपभोक्ताहरूको खरिद क्षमतामा आएको कमी र गल्लीगल्लीमा खुलेका डिपार्टमेन्टल स्टोर, सुपरमार्केट तथा व्यापारिक कम्प्लेक्सहरूले गर्दा ग्राहकहरू बाँडिएको धारणा त्यस्ता व्यापारिक कम्प्लेक्सका पदाधिकारीहरूको छ।

अहिले अधिकांश डिपार्टमेन्टल स्टोर तथा ठूला फेन्सी पसलहरूदेखि लिएर जतातत्तै नयाँ-नयाँ डिजाइनका कपडाहरू उपलब्ध छन्। दसैंलाई नै ध्यानमा राखी विशालबजारमा शनिबारसमेत प्रत्येक पसलमा १० देखि २० प्रतिशत छुटको व्यवस्था गरिएको विशाल बजारका अध्यक्ष अशोकदीप तुलाधर बताउँछन्। तुलाधरका अनुसार यसपटकको व्यापार पहिरनमा नै केन्द्रित रहेको र ७० प्रतिशत पसलमा ट्याग राख्ने व्यवस्था गरिएको छ। विगत तीन-चार वर्षदेखि घट्दो क्रममा रहेको दसैंको व्यापार यसपालिचाहिँ सुदृढ हुन्छ कि भन्ने आशा गरिएको कुरा वान स्टप क्लोथिङका राजशिरोमणि तुलाधर बताउँछन्।

दसैंका लागि भनेर लेडिज लंग टिसर्ट, जाडो र गर्मीलाई हुने कुर्ता, जेन्स फुल र हाफ टिसर्ट, ट्र्याकसुट, विन चिटर थाइल्यान्ड तथा चीनबाट आयात गरिएको तुलाधर बताउँछन्। त्यसमा पनि जिन्स पाइन्ट, फरमल पाइन्ट र टिसर्ट तीन सयदेखि एक हजार रुपैयाँसम्ममा बिक्री भैरहेको तुलाधरको अनुभव छ। नेपालकै सबैभन्दा ठूलो र व्यावसायिक केन्द्रका रूपमा लिइएको काठमाडौं मल स्थापनापछिको यो पहिलो दसैं भएकाले आफूहरू निकै आशावादी रहेकाले 'यसपालिको दसैं-तिहार किनमेल काठमाडौं मलमा है हजुर' भन्ने ब्यानरसहित अघि बढेको प्रबन्ध निर्देशक नारायणबहादुर कार्की बताउँछन्।

सबै वर्गको किनमेलको केन्द्र बनाउन ए र बी ब्लकमा विभाजित मललाई स्थिर मूल्य बजारका रूपमा चिनाउने सोचका साथ दसैंका लागि साडी, कुर्ता, जुत्ता, ब्याग, बेल्टदेखि क्याजुयल जिन्स, टिसर्ट, कस्मेटिक्स, एसेसरिजलगायतका सामानहरू मलेसिया, जापान, थाइल्यान्ड, भियतनामबाट आयात गरेर दसैंको अवसरमा २० प्रतिशतसम्मको छुटमा बेचिरहेको फेसन प्लसकी सेल्स एक्जुकेटिभ सरिना श्रेष्ठ बताउँछिन्। थोक व्यापारीहरूको बाहुल्यता रहेको कम्प्लेक्सका रूपमा परिचत आर.बी. कम्प्लेक्स अहिले बिस्तारै खुद्रा बजारका रूपमा पनि चिनिँदै आएको छ। दसैंको अवसरमा यसको रौनक नै अर्कै भएको छ।

थोक मूल्यमा दिनुपर्ने भएकाले पैसा बढाएर छुट दिनुभन्दा सामान्य बार्गेनिङ गर्न सकिने आर.बी.का अध्यक्ष परशुराम दाहाल बताउँछन्। त्यहाँ सबै वर्गका लागि उपयुक्त हुने पोसाकहरू बिक्री भैरहेको व्यापारी विक्रम गुरुङ बताउँछन्। बालबालिकाहरूका लागि विभिन्न आकर्षक खेलौनाहरू पनि उक्त कम्प्लेक्सको आकर्षणका रूपमा रहेका छन्। दसैं-तिहारको उपहार कार्यक्रमअन्तर्गत तीन सयभन्दा बढीको खरिदमा तुरुन्तै स्क्र्याचमा र बम्पर स्क्र्याचमा गरी दुईवटा मोटरसाइकल, टेलिभिजन, रेफ्रिजेरेटर गरी दर्जनौं पुरस्कारको व्यवस्था गरिएको छ। पशुपति प्लाजास्थित क्याजुअल कम्फर्टमा गर्मीका पोलो, टम्मी, नोटिका ब्रान्डका टिसर्टहरू ५ सयदेखि १ हजार ५ सयसम्ममा बिक्री भैरहेको व्यापारीहरू बताउँछन्। यसबाहेक विभिन्न डिजाइनका जेन्स तथा बालबालिकाहरूको स्पोर्ट्स जुत्ता त्यहाँका प्रमुख आकर्षण हुन्।

बागबजारवरपरका अधिकांश पसलमा पनि युवतीहरूको घुइँचो देख्न सकिन्छ। लगाउन आरामदायी, जस्तोसुकै प्रयोजनका लागि पनि उपयुक्त, हेर्दा सौम्य देखिने भएकाले युवतीहरू नेट, सिल्क, सिफन, जर्जेट कपडाहरूप्रति आकर्षित रहेको एन्जल वेयर बागबजारका व्यापारीहरू जानकारी दिन्छन्। उनीहरूका अनुसार त्यहाँ ६ सयदेखि ५ हजार रुपैयाँसम्मका कुर्ताहरू उपलब्ध छन्। त्यसबाहेक युवतीहरू चुरीदार सुरुवाल, प्रिन्टेड कटन पिसप्रति आकर्षित रहेको उनीहरूको अनुभव छ।

यसका साथै खिचापोखरी, न्यूरोड, असन, इन्द्रचोक, बागबजार, डिल्लीबजार, कालिमाटी, मंगलबजार, महाराजगन्ज आदि स्थानका पसलहरूको व्यापार निकै बढेकाले व्यापारीहरू सन्तुष्ट देखिन्छन्। यसबाहेक काठमाडौं निम्न व्यापारी संघ खुला बजार भृकुटीमण्डप तथा फुटपाथका व्यापारी त अझ दङ्ग छन्। राजधानीका प्रमुख चोकहरूमा त भदौको दोस्रो सातादेखि नै दसैं आएको कुरा क्रेताहरूको घुइँचोले पनि पुष्टि गर्छ। यस्ता बजारमा खासगरी टिसर्ट, हिपअफ साइड पाइन्टहरू बिक्री भैरहेको व्यापारीहरू बताउँछन्।



अब लागौं, मदिराको बजारतर्फ। त्यसै पनि मदिराप्रेमी नेपालीहरू अरू बेला मदिरालाई घरबाहिर सीमित राखे पनि दसैंका बेला घरका सदस्यहरूसँग बसी ताससँग रमाइरहेका भेटिन्छन्। नेपालमा नेसनल ट्रेडिङ लिमिटेड स्वदेशी तथा विदेशी मदिराको एक मात्र अधिकृत बिक्रेताका रूपमा रहँदै आएको छ। अहिले ह्विस्कीदेखि लिएर वाइन, जिन, चिर्कर तथा बियरको बिक्री-वितरणमा वृद्धि भैरहेको महाप्रबन्धक ऋषभदेव शर्मा बताउँछन्। अहिले करमुक्त मदिरामा जोनीवाकर, टिचर्स, फेमस ग्राउजजस्ता ह्वीस्की उपहार दिने प्रचलन बढिरहेको छ।

स्कटल्यान्डबाट आयात हुने ह्विस्कीमध्ये एक बोतल रेडलेबलको मूल्य यस वर्ष करसहित १४ डलर तोकिएको छ, तर ग्राहकहरूमाझ रियल म्याकेन्जस, ब्यागपाइपर अत्यधिक चलेको उनको अनुभव छ।

मरमसलाहरूतिर पनि उपभोक्ताहरू निकै आकर्षित देखिन्छन्। मसलाबिनाको मासुका परिकार त कल्पनै गर्न नसकिने भएकाले गृहिणीहरू बेसार, धनियाँ, हर्रो, ल्वाङ, इलाइची, जाइफल, जाइपत्रीजस्ता मसलाहरू किन्न असन र इन्द्रचोक आसपासका क्षेत्रमा उल्लेखनीय रूपमा देखिन थालेका छन्। ड्राईफुडका व्यापारीहरूलाई अहिले भ्याई-नभ्याई छ। शाकाहारीहरू बढिरहेको परिप्रेक्ष्यमा विगत केही वर्षदेखि दसैंमा फलफूलको माग प्रतिदिनको सामान्य १० ट्रकबाट ह्वात्तै बढेर प्रतिदिन ४० ट्रकसम्म पुग्ने गरेको र त्यसमा तरकारीको माग पनि अत्यधिक रहेको कालीमाटी तरकारी तथा फलफूल बजारका अध्यक्ष राजन पोखरेल बताउँछन्।

विगत केही वर्षदेखि छुट र उपहार दिने प्रचलनमा प्रतिस्पर्धा नै देखिन थालेको छ। छुट त होटलको खानादेखि टेलिफोनको बिलसम्म हुन्छ तर अहिले त 'एक जोर जुत्ता खरिदमा चप्पल उपहार', 'टेलिभिजनको खरिदमा घडी उपहार', 'दसैं अफर' जस्ता वाक्यांश नजोडिएका विज्ञापन विरलै देख्न, सुन्न वा पढ्न पाइन्छ, किनकि मोटरसाइकल, टेलिभिजन, मोटर, घरायसी सामग्री तथा पेयपदार्थ बिक्री गर्नेहरूका लागि यो उपयुक्त अवसर पनि हो।

**– संगीता कटुवाल**

# दसैंमा खसीबोकाको व्यापार

दसैं र मासुको सम्बन्ध अन्योन्याश्रित रहँदै आएको छ। मासुका अनेकन मीठामीठा परिकार बनाएर हप्ता दिनसम्म मासु खानु दसैंको एउटा महत्त्वपूर्ण विशेषता हो। दसैंमा आ-आफ्नो घरको परम्पराअनुसार घरमै खसी मार हान्ने चलन छ। कसैको घरमा सप्तमीकै दिन खसी ढालिन्छ भने कसैको घरमा अष्टमी अथवा नवमीका दिनमा मार हान्ने चलन छ। यसरी सबैका घरमा आ-आफ्नै किसिमले खसी, बोका, राँगा, परेवा, हाँस, कुखुरा, सुँगुरबङ्गुर काटने चलन छ। तराईको मधेसी समुदायमा घरघरमा खसी मार हान्ने चलन छैन। तराईका मधेसीहरूमा आफ्नो गाउँको देवीस्थानमा मात्र दसैंको पूजा गर्ने चलन छ।

त्यो पनि देवीस्थानका पुजारीले दसैं पूजा गरिदिने र प्रसाद दामासाहीले बाँडेर सबै घरमा पुऱ्याइदिने चलन छ। तराईमा भाकल वा गाउँको देवीपूजास्वरूप देवीस्थानमा मात्र बोका, परेवा, कुखुरा, राँगा बलि दिने र त्यही प्रसाद खाने चलन छ। त्यस्तै बौद्ध धर्म मान्ने शेर्पा, लामा, तामाङ, भोटे, तिब्बती, गुरुङ, किराँत धर्म मान्ने राई, लिम्बु, खुम्बु आदि सम्प्रदायमा सेतो टीका लाएर दसैं मान्ने चलन बढ्दो छ। यसैगरी मुसलमानहरूले दसैं त मनाउँदैनन तर दसैंमा नेपाल भित्रिने खसी, बोका, हाँस, कुखुरा, अण्डा आदिको व्यापारमा उनीहरूकै बाहुल्यता देखिन्छ।

मासुको सम्पूर्ण व्यापारको ८० प्रतिशत हिस्सा मुसलमानहरूले नै धानेका छन्। दसैंको मौकामा देश भित्रिने ८० प्रतिशतभन्दा बढी खसी, बोका, हाँस, कुखुरा, राँगा भारतबाट आयात हुने गरेको एक तथ्याङ्कले देखाएको छ। नेपाल चौपाया खरिद-बिक्री सहकारी संस्था (कलंकी) का अनुसार दसैंमा प्रतिदिन ५ हजार खसीबोका र ६ ट्रक राँगाभैंसी राजधानी भित्रिन्छन्। यो तथ्याङ्कको पुष्टि केन्द्रीय पशु क्वारेन्टाइन कार्यालयबाट प्राप्त विवरणले पनि गर्छ। जसअनुसार आर्थिक वर्ष ०६१/०६२ मा ३ लाख ७३ हजार ७ सय खसी बोका, राँगा भारतबाट आयात भएको तथ्याक छ, जसमा १ लाख ३५ हजार १ सय राँगा-भैंसी थिए। उक्त कार्यालयले नेपालले बर्सेनि ५० करोड रुपैयाँभन्दा बढीको खसी, बोका तथा राँगा भारतबाट आयात हुने अनुमान गरेको छ।

अर्कातिर दसैंका अवसरमा नेपाल खाद्यसंस्थानले बर्सेनि २ हजार ५ सयको हाराहारीमा खसी, बोका, च्याङ्ग्रा राजधानीमा बिक्री गर्छ। खसीबोका केही संख्या भारत र केही नेपालकै वरिपरिका जिल्लाबाट राजधानीमा भित्र्याइने भए पनि भेडा र च्याङ्ग्रा नेपालका हिमाली जिल्ला तथा तिब्बतबाट आयात गरिन्छ। गत वर्ष खाद्य संस्थानले दसैंमा २३ किलोग्रामसम्मको खसी प्रतिकिलोग्राम रु. १ सय ४६ सम्म र २३ किलोग्रामभन्दा माथिको खसी रु. १ सय ५० सम्म उपलब्ध गराएको थियो। दसैंको बेलामा निजीतर्फबाट खसीबोकाको व्यापार गर्ने व्यापारीहरूले ११ हजार भेडा, च्याङ्ग्रा नेपालको केरुङ तथा तातोपानी नाका हुँदै तिब्बतबाट भित्र्याएका थिए। यसरी महान् चाड दसैंको नाममा नेपालको पहाडी हिन्दू समुदायको घरघरमा हुने तडकभडकमा हुने खर्चजति विदेशीले लाने गरेको प्रस्ट देखिन्छ।



नवरथा लागेपछि तात्ने खसीबजारमा यसपालि बीसदेखि पच्चीस हजारको हाराहारीमा खसीबोका, दस हजार भेडा-च्याङ्ग्रा तथा प्रत्येक दिन ६ हजार राँगा दाङ, नुवाकोट, धादिङ, लाहान, सिन्धुपाल्चोक तथा काभ्रेबाट काठमाडौं भित्रिने नेपाल चौपाया खरिद-बिक्री सहकारी संस्थाका अध्यक्ष देवेन्द्र चोङमाङ बताउँछन्। चोङमाङका अनुसार यसपालि पनि ८० प्रतिशत खसीबोका भारतको लखनउ, बहराइचबाट काठमाडौं भित्र्याइँदैछ। एक ट्रकमा पच्चीस थान खसीबोका र १७ थान राँग अट्छ। पाँच वर्ष अघिसम्म भारतबाट ल्याइएका खसीहरू दसैंसम्म बचाउनै गाह्रो पर्थ्यो तर अहिले भारतबाट बोकालाई उचित स्याहार-सम्भार गरी खसी बनाइने भएकाले भुँडी ठूलो नहुने हुँदा नेपाली क्रेताहरूले यस्ता खसी निकै रुचाएको चोङमाङ बताउँछन्।

३० किलोग्राम तौल भएको नेपाली खसी काट्दा २० किलोग्राम खानयोग्य मासु प्राप्त हुने तर त्यत्रै भारतीय खसीबाट २३ किलोग्राम खानयोग्य मासु प्राप्त हुनु नै भारतीय खसीको आकर्षणको मुख्य कारण हो। यसपालि दोहोरो करका कारण खसीको मूल्य २५ देखि ३० रुपैयाँसम्म फरक पर्ने कुरा पनि चोङमाङले बताए। कुखुराको मासु व्यावसायीहरूका अनुसार दसैंमा प्रत्येक दिन ८० हजार किलोग्राम मासु बिक्री हुन्छ। यस्तै हरेक वर्षझैं मासुको मूल्यमा स्थिरता ल्याउन र आपूर्ति व्यवस्थालाई सरल बनाउन तथा तराईका किसानले उचित मूल्य प्राप्त गर्न सकून् भनेर यस वर्ष ४ हजारभन्दा बढी खसीबोका भित्र्याइने नेपाल खाद्य संस्थान थापाथली अञ्चल कार्यालय प्रमुख विजयध्वज थापाले जानकारी दिए। अघिल्लो वर्ष संस्थानमा २ हजार ८ सय मात्र खसीबोका आएका थिए। संस्थानले बिक्री गर्ने यो परिमाण मागको तुलनामा न्यून रहे पनि खासै अभाव पनि नदेखिएको दावी थापाको छ।

**–भोला/संगीता**

दोभान विकास समितिका सम्पूर्ण सदस्यमा विजयादशमीको हार्दिक शुभकामना ।

**चेतबहादुर थापा**

पूजा, कमला, ममता, शंकर अनि प्रकाशमा विजयादशमीको शुभकामनासहित हरपल प्रगतिको कामना गर्दछु ।

**गणेश**

पत्रमित्र साथीहरूलाई विजयादशमीको सु-अवसरमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको शुभकामना । फोन गर्न अनि पत्र लेख्न आग्रह छ ।

**भविश्वर**

श्री शान्ति विद्या गृह माविबाट एसएलसी उत्तीर्ण गर्ने साथीहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**जीवन**

लामो समयदेखि मुलुकमा व्याप्त अशान्ति, अराजकता र अविकासको अन्त्य गरी नयाँ नेपालको निर्माणका लागि बडादसैंले आमनेपालीलाई प्रेरित गरोस्, हार्दिक शुभकामना ।

**हरि सुवेदी**

साथीहरू रामबाबु, रञ्जन, सविन, अञ्जन, दीपक, शिशिर, विकास, राजेन्द्र र राजकमललगायत मलाई चिन्ने सम्पूर्ण साथीहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**उपेश**

विजयादशमीको पावन अवसरमा हजुरआमा, आमाबाबु, दाइभाउजु विजय/अञ्जु, दिदीहरू गंगा, रेनुका, भतिज आदित्यलगायत श्री मजमाविका कुशहाका सम्पूर्ण विद्यार्थी साथीभाइ, दिदीबहिनी तथा शिक्षकहरूमा हार्दिक शुभकामना ।

**अजयकुमार**

आत्मीय साथीहरू प्रकाश, सहदेव, रामु, सुमिना, रेणुका, श्री कालीदेवी युवाक्लब गौचरणका सदस्यहरूका साथै पुष्पाञ्जलीलाई बडादसैंको हार्दिक शुभकामना ।

**नमराज**

अमरज्योति कलेजका विद्यार्थी साथीहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**विश्वम्भर**

विजयादशमीको पावन अवसरमा आमाबाबा, गीता, भाइ (कृष्ण, पवन), अजय, गौरव, भान्जाभान्जी, ध्रुव, रुपा, शान्ता, लक्ष्मी, कला, दाजु-भाउजु, दिदीहरू, परशुराम, विष्णु, मीना, शारदालगायत समस्त नेपालीमा हार्दिक शुभकामना ।

**रामु**

सम्पूर्ण पोखरेल परिवार आमाबाबु, भाइ बहिनी, प्यारा साथीहरू सूर्य, महेश, सुशीला, विमला, सन्तोष, अशोक, सरु तथा सानोठिमी क्याम्पस सह-परिवारका साथै सम्पूर्ण लोकतन्त्र प्रेमी महानुभावहरूमा विजयादशमीको मंगलमय शुभकामना ।

**pokhareldeep@yahoo.com**

अमन, रवीन्द्र, रूपक, सुवास, यमलाल, राधिका, यशोदा, रमा, समिता, मीरा, प्रतिमा, दीपक, पदम, प्रमिला, देवेन्द्र, पूजा, सुनीता अनि सवितालाई विजयादशमीको लाखौंलाख शुभकामना ।

**अशोक महत**

आदरणीय बुबा धनमान श्रेष्ठका साथै जुनामाया, विष्णु, विन्दा, नीलमणि, रामकुमारी, नुनेन्द्र, विराज, सावित्री, हरि, अजय, राजन, निराजन, गृष्मा, डेनिस आदि सबैलाई विजयादशमीको सु-अवसरमा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना ।

**गीता श्रेष्ठ**

राजेश, अजित, रामु, गोविन्दा, सुवास, नीलराज, महेश, सुजित, दीपेन्द्र, उज्ज्वल, नारायण, राजकुमार, सइद, परिचय, दीपेन्द्र, उमेश, शिवशंकर, सन्तोष, विकास, विनोद, लक्ष्मण, प्रकाश, गोपाल, अशोकका साथै पत्रमित्र साथीहरूलाई विजयादशमीको मंगलमय शुभकामना तथा शैक्षिक सफलताको कामना ।

**गणेश निरौला**

आत्मीय मित्र खड्गलाई विजयादशमीको सु-अवसरमा उत्तरोत्तर प्रगतिको शुभकामना ।

**गीता**

मम्मी शान्ता राई, दिदी कमला, बहिनीहरू विमला, लक्ष्मी र भाइ अनि भारतमा कार्यरत बाबा प्रेमकुमार राईलगायत सम्पूर्ण आफन्तहरूप्रति बडादसैंको सुअवसरमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**छोरा प्रदीप राई**

लापिलाङ्ग लामिडाँडा बाबरे सामाजिक कल्याण विकास समितिका सम्पूर्ण बासिन्दामा हार्दिक शुभकामना ।

**चेतबहादुर थापा**

दादा रमेश, सर्वप्रथम त ह्यापी दसैं । म यसपाली दसैंमा घर आउन नपाउने भएँ तर तपाईंहरू राम्रोसँग दसैं मनाउनु । मेरो चिन्ता लिनुपर्दैन । म परीक्षा सकिनेबित्तिकै घर फर्कनेछु । साथीहरू सुमना, उषा, अप्सरा, दिदी, भेनालगायत घरपरिवारलाई पनि विजयादशमीको हार्दिक शुभकामना ।

**वन्दना**

विजयादशमीको यो पावन अवसरमा साथीहरू सञ्जीव, मनोज, निशान्त, नवराज, ईश्वर, अन्तिमा, सरी, दुर्गा, मञ्जरी, सुमन, अरुण, अनुप, श्याम, सविता, संदीप, अनुजा, सरिता, आशिका, शंकरलगायत श्री नारायण उमाविका शिक्षकहरूमा हार्दिक शुभकामना ।

**सन्तोष काफ्ले**

उर्मिला अनि उनको घरपरिवारलाई विजयादशमीको हार्दिक शुभकामना ।

**कृष्ण**

विजयादशमीको हार्दिक शुभकामना बाबा, मम्मी, अंकल, आन्टी, दाजु, भाउजू, बहिनीहरू नविना, रुविना, प्रेरणा अनि साथीहरू योगेश, हरि, श्याम, रस्मिला, रूपा, शान्ता, रेणु, विजय, कुमार आइटिप, हर्क, मेनुका, रञ्जु, रमेश तथा दिनेशमा ।

**कृष्ण लामा**

सम्पूर्ण साथीहरू तथा आफन्तजनलाई विशेषगरी ओखलढुंगा, खिजी-चण्डेश्वरी तथा खिजी-फलाँटेका साथीहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**जीवन सुनुवार**

विजयादशमीका अवसरमा साथीहरू लक्ष्मी, चिरन, कञ्चन, सूर्य, तेन्जिङ, रीता, दीपा, रमिता, उद्धव, रीता, राम खड्का, लव, लक्ष्मण, विनोद, सुदीप, सन्तोष, हरि दाइ, श्याम, अजय दाइ, थापा, कक्कु, सुरेश, श्रीधर, सुन्दर, नारन, सहदेव, राजकुमार, स्मृति, सुनयनालगायत मेरा सबै च्याटमेल साथीलाई हार्दिक शुभकामना ।

**mralone20@yahoo.com**

विजयादशमीको पावन अवसरमा परिचित तथा अपरिचित मित्रहरूका साथै सम्पूर्ण देशप्रेमी नागरिकमा सुख शान्ति एवं समृद्धिको हार्दिक शुभकामना ।

**वीरेन्द्र बस्नेत**

साथी आनन्द, तपाईंको परिवारमा हलपल खुसी फैलियोस् अनि




एम.टी., देवी तथा उदयपुर गाईघाटकी काकी रामकुमारी तपाईंहरू जहाँ भए पनि प्रगतिको कामना । विजयादशमीले नयाँ उत्साहसँगै देशभर शान्तिको वहार ल्याओस्, हार्दिक शुभकामना ।

**kominthami@yahoo.com**

विजयादशमीको पावन अवसरमा साथीहरू केशर, भीम, नवीन, आई.बी., बहिनीहरू फूलमाया, विष्णुमाया, जनकमाया, धनमाया तथा श्री हरिसिद्ध नि.मा.वि.का प्रधानाध्यापकका साथै शिक्षक-शिक्षिका एवं विद्यार्थीवर्ग, धेरै टाढाकी दिदी पद्मा, रूपा, पद्मा, मिनु, धनुलगायत सम्पूर्ण चितवनवासीलाई विजयादशमीको अवसरमा दुई अक्षरको माया, चार अक्षरको सम्झना तथा पाँच अक्षरको शुभकामना ।

**भीम पाख्रिन**

बालकुमारी कलेज नारायणगढमा अध्ययनरत साथीहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**binya_08@yah00.com**

श्री दिल्पेश्वर उच्च माध्यमिक विद्यालयमा अध्ययनरत फर्स्ट इयरका विद्यार्थीहरूमा विजयादशमीको हार्दिक शुभकामना ।

**साथीहरू**




तस्बिर : साइबर संसार डटकम

## सन्देश

कमला, समयले हामीलाई अलग्ग्याएपछि तिमीलाई केही भन्न सकिनँ तैपनि तिमीप्रतिको माया र विश्वास अझ बढेको महसुस गरेको छु । तिमी जहाँ भए पनि मलाई फोन गर्नु । विजयादशमीको लाखौंलाख शुभकामना, तिम्रा हरेक पाइलाले सफलता चुमून् ।

**१८,२१,२,९,१४**

अपरिचित मित्रहरू पत्रमित्रताका लागि ram_darai@yahoo.com मा मेल गर्न सक्नुहुन्छ । पत्रपमित्रता गरेको एक वर्ष पुगेको उपलक्ष्यमा सम्पूर्ण परिचित मित्रहरूलाई हार्दिक धन्यवादका साथ हाम्रो मित्रता सधैं कायम रहोस् भन्दै विजयादशमीको हार्दिक शुभकामना ।

**राम**

रमा अनि आदरणीय दाजुसी विजयादशमीको उपलक्ष्यमा दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**innocent_rn2@yahoo.com**

विजयादशमीको सु-अवसरमा सनम, सन्देश, पवन, सुजन, सृष्टि, सिर्जना, मेनुका, निशा, मोहन, सुमित्रा, शशि, प्रभाती, उज्ज्वल, राजु, सुनीता, राजेन्द्र, गोपाल, विनोद, नवीन, पदम, सूर्य, ज्ञानेन्द्र, महेन्द्र, शम्भु, प्रमोद, सुशील, ध्रुव, सुमन, कृष्णगोपाल, विवश, अनु, मन्दिरा, वसन्ती, रचना, सानु, प्रमी, रेनुका, गिताञ्जली, सदिक्षा, नवराज, रुकु, सन्तोष, गोमा, कल्पना, साजन, रेश्मा, मिनु, दीपक, सिर्जना, सन्ध्या, जुना, सुमिलाई उत्तरोत्तर प्रगतिको कामना ।

**रोशन श्रेष्ठ**

विजयादशमीको सुअवसरमा साथीहरू एलिना, सुमिता, आस्मा, संगीता, रेणु, मनिका, मनिता, अस्मिता, शुक्र, कविता, सरस्वती, रूपक, गोपाल, शरद, केशव, हेमन्त, सुवास, लोक तथा सविनालाई हार्दिक शुभकामना ।

**budolkobishnu@gmail.com**

विजयादशमीको सुअवसरमा आमाबाबा, कोपिला, दिदीभिनाजु, मिलनचोकका कमला, भक्तु, झनिहाङ, युवराज, अञ्जु, दीपेन्द्र दाइ, लखनउ र अफगानिस्तानमा कार्यरत दाइहरू तीजेन्द्र पेशराज राई भाउजुजिना, भदै सुजल, सोनिका, सुजना अनि घनश्याम राई, संगीता, मित्र राजकुमार राई, सन्दीप थुलुङ (मलेसिया), भवीन्द्र पाण्डे, सुक्रिम राई, हाल काठमाडौंमा बस्ने भाइ तेजु, सिद्धी, इन्द्र, हरि, सन्तोष, प्रवीण दाइ, जयकुमार, जंगबहादुर, भोजपुरी दिदी विमला, सानु, ज्योति, भाइ नारायण, मनमाया, ज्ञानुका, सुविनालगायत लन्डनमा बस्ने दिदी पवित्रालाई सुस्वास्थ्य एवं प्रगतिको कामनाका साथ विजयादशमीको हार्दिक शुभकामना ।

**ओखलढुंगे कान्छी**

# बदलिंदो परिभाषा दसैंको



**महेशकुमार सिलवाल**

नेपाली समाजमा दसैंको महत्त्व क्रमिक रूपमा घट्दै गएको संस्कृतिविद्हरूको ठम्याइ छ । पछिल्ला वर्षहरूमा दसैंको रौनक कम हुँदै जानुमा आधुनिकता नै प्रमुख कारण भएको बताउँदै संस्कृतिविद् कृष्ण थापा भन्छन्- 'आधुनिकीकरणतर्फ उन्मुख हुँदा संक्रमणकालीन अवस्थामा धार्मिक-सांस्कृतिक पक्ष कमजोर हुँदै जान्छ ।'

लामो सार्वजनिक बिदा हुने चाड दसैंलाई अहिलेका मानिसहरूले धार्मिक कार्यमा मात्रै प्रयोग गरेका छैनन् । नयाँ लुगा लगाउने, मीठो खाने परिधिबाट माथि उठाएर दसैंलाई स्मरणयोग्य एवं रोमाञ्चक बनाउनुपर्ने युवापुस्ताको व्यवहारले स्पष्ट पार्छ ।

'यसपटक म मेरी गर्लफ्रेन्डसँग तीन दिन बस्ने गरी बन्दीपुर जाँदैछु ।' भक्तपुर बिरुवाका भाष्कर खनाल भन्छन्- 'नेपालमा थुप्रै पर्यटकीय स्थलहरू छन् । लामो बिदाहरूलाई यसरी नै घुमेर बिताउनुपर्छ । जसले हामीलाई आनन्द प्रदान गर्छ ।' नयाँ पहिरन र मीठो खाना दसैंमा मात्रै होइन अरू बेला पनि खाई नै रहने हुनाले दसैंलाई नै नयाँ लुगा-कपडा किन्ने, मीठो खाने पर्वका रूपमा आफूले नलिने भाष्कर बताउँछन् ।

'हाम्रो मध्यमवर्गीय परिवार हो । युवापुस्ताको सोंचमा परिवर्तन आएको छ' भाष्करका बाबु शोभाकर खनाल भन्छन्- 'छोराको इच्छा, पढेलेखेका छन्, के राम्रो, के नराम्रो उनीहरू नै जान्दछन् । दसैं खर्च ५ हजार दिए बन्दीपुर जाने रे ! नाइँ कसरी भनौं ?'

गएको वर्ष तास खेलेर एक दिनमा नै २५ हजार हारेको दुःखद् अनुभव सुनाउने ललितपुर ठैवका रूपेश महर्जनले यसपटक घरबाट प्राप्त हुने दसैं खर्चलाई सही काममा लगाउने चाँजापाँचो मिलाइसकेका छन् । १०-१० हजार रुपैयाँ उठाएर आफ्नो ब्यान्डको एल्बम तयार गर्ने भएका छौं, -महर्जन भन्छन् ।

दसैंको नाममा तास जुवा खेलेर, जाँड रक्सी धोकेर दसैं मान्ने परम्परालाई त्यागेर आफूले एल्बमतर्फ जोड दिएको बताउँदै रुपेश भन्छन्- दसैंको शुभ अवसरलाई नयाँ र नौलो काममा लगाउनुपर्छ ।

स्नातक तेस्रो वर्षमा अध्ययनरत जीवन कार्कीका साथीहरू नयाँ-नयाँ कपडा, जुत्ताको कुरा गरिरहँदा कार्की भने कम्प्युटर पसलतिर हुइँकिएका छन् । कार्की भन्छन्- एक्काइसौँ शताब्दी सूचनाको युग हो । कम्प्युटर नहुनेहरू आउट डेटेड भैसकेका छन् । नयाँ लुगा, जुत्ता किन्न नपाउँदा कुनै खल्लो महसुस भएको छैन । कम्प्युटर भित्र्याउँदाको खुसीले दंग पर्दै उनले भने- मलाई यसले निकै ठूलो सघाउ पुर्‍याउनेछ ।

आधुनिकतासँगै मानवीय स्वभावहरू पनि परिवर्तन हुनुबाटै दसैंको धार्मिक पक्ष कमजोर हुँदै गएको महसुस जोकोहीले गर्छन् । युवावर्ग चाडपर्वको फुर्सदलाई कुनै नयाँ-नौलो काम अथवा यात्रामा उपयोग गर्न चाहन्छन् ।

ललितपुरको पाटनमा चालीसौँ वर्षदेखि कपडाकोठी सञ्चालन गर्दै आएका कृष्णमान अमात्यको अनुभवले के बताउँछ भने अहिलेका मानिसहरूमा दसैंमा नयाँ लुगा लगाउनुपर्छ, किन्नुपर्छ भन्ने सोच छैन । पहिलेपहिलेको दसैंमा वर्षभरि नहुने व्यापार एउटै सिजनमा हुन्थ्यो । अमात्य भन्छन्- 'अहिले जस्तो अघिपछि त्यस्तै दसैंको सिजन पनि ।'

यसरी दसैंको रूप बदलिंदो छ । यतिबेला सहरी क्षेत्रमा दसैं विशेषको नाम दिइएर विभिन्न कन्सर्ट, चिठ्ठा कार्यक्रम, प्रदर्शन तथा मेलाहरू हुन थालेका छन् । नवदुर्गाको स्तुति गीत-भजनहरू होइन स्वदेशी विदेशी रक पपले गुञ्जायमान छ हाम्रो सहर ।

युवापुस्ता आफ्नो करियरसँग सुहाउँदो कार्यक्रम गरेर नाम, दाम र अनुभव बटुल्ने तरखरमा छ । यतिबेला सहरी क्षेत्रका युवापुस्ता आफ्नो कलाकौशल देखाउन दसैंको उपयोग गर्दैछन् । संगीतका विद्यार्थी रोहित शाहले काठमाडौंभित्र हुने केही कन्सर्टमा आफ्नो पर्फर्म दिने भएका छन् जुन क्यारियरमा कोसेढुंगा सावित हुने उनको विश्वास छ । त्यस्तै चित्रकलाका विद्यार्थी सोभित तामाङलगायतका साथीहरू चित्रकला प्रदर्शन गर्ने सुरमा छन् ।

काठमाडौं बागबजारका रोहन श्रेष्ठलगायतका युवाहरूले चिठ्ठा खोलेका छन् जसबाट नाफा हुने रकम समाजसेवामा लगानी गर्न लागिएको छ । 'दसैं एउटा अवसर तर त्यसलाई उपयोग गर्ने तरिका बेग्लाबेग्लै । दसैंको धार्मिक पक्ष आधुनिकीकरण, युवापुस्ताको नयाँ सोचविचारका कारण खस्किँदै गएको यथार्थ सत्य भए पनि दसैंको धार्मिक एवं सांस्कृतिक पक्षलाई पनि जोगाउनैपर्छ । यो नै हाम्रो पहिचान हो ।




## सन्देश

साथीहरू पम्फा, पवि, पवित्र, मीना, अस्मिता, सलिना, भक्तकुमारीलाई पत्र लेख्न अनुरोध एवं सम्पूर्ण साथीहरूमा मीठो सम्झनाका साथै विजयादशमीको हार्दिक शुभकामना ।

**मिलन राई**

आत्मीय मित्रहरू, कृष्ण, लक्ष्मी, राधा, भवानी, गीता, अञ्जना, बबी, शुष्मा, निकिता, अनिता, सनिता, रमिता, संगीता, निष्ठा, सरस्वती, रेश्मा, उर्मिला, सत्यदेवी, दीपु, कुन्ति, शिवानी, मुना, रमा, मन्दा, लक्ष्मी, करुणा, प्रेक्ष्या, आकृति, ईश्वरी, अविना तथा नमितालाई विजयादशमीको हार्दिक शुभकामना ।

**विनय श्रेष्ठ**

सीता, निशा, इशा, अर्चना, अम्बिका, सविता, कमला, गोमा, रिमा, रेश्मा, सीमा, सुष्मा, लक्ष्मी, सविना, ज्योति, वसन्ती, सरस्वती, मीरा, हीरा, नीरा, कल्पना, कृष्णमाया, रूपा, शर्मिला, दीपा, मुना, नानुमैया, राधा, बालिका, निर्मला, प्रविना, देवी, रन्जिता, रुमी, बबिता, सिर्जना, गंगा-जमुना, सुमित्रा, हीरा, सरिता, हरिमाया, सुजना, कलम, अनिता, साधना, मनिषा, शान्ति, सरू, अरुणा, रोजिनालगायत नाम छुटेका अनि मदेखि रिसाउने साथीहरूलाई विजयादशमीको मंगलमय शुभकामना ।

**somraj-gurung2006@yahoo.com**

राजु, हाकिम, पृथ्वी, राज, कुमार, बुद्ध, रामलक्ष्मण, शिव, हरि, नन्दु, सुनित, कुञ्जी, सुनिल, सन्तोष, नागेन्द्र, इन्द्र, विजय, सञ्जय, सरोज, बले, रामलाल, कमल, सुमन, निरोज, भरत, प्रदीप, होम, अमित, कृष्ण, गोविन्द, गोकर्ण, प्रेरणा, प्रेम, रमित, लेखराज, पवन, बवन, विकास, तपसी, राजकपुर, भेषे, पर्शुराम, तेज, लायुल, भुपेन्द्र, वीरे, ज्योति, शुक्र, टेक, पुरन्जन, ओम, विशाल, सुदीप, भगवान्, कारसाङ, पुरुषोत्तम, जोहर, इरफान, अमिर, सुमित, सुवास, सुबोध, विवेक, रूपे, अम्बर, बाबुकाजी, अभिषेक, मैते, ज्ञाने, तारा, उमेश, हर्क, गोरे, गणेश, माइला, चन्द्र, विनोद, दीपक, विष्णु, रामजी, भुवन, माधव, हेमन्त, नारायण, बिसिएनलगायत सम्पूर्ण साथीहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**somraj-gurung1985@yahoo.com**

खनार सुनसरीमा बस्ने बुबा, मुमा, हजुरबुबा, हजुरआमा, काकाकाकीहरू टीका, अस्मिनी, सेवन्तक, अञ्जु, यशोदा, सुनीता, दाजु बालकुमार, भाउजू विमला, भाइहरू मधुसुदन, आभाष, बहिनीहरू प्रतीक्षा, आस्था, मेरा काकाकाकीहरू महेश, कल्पना, रमेश, उज्ज्वल, माधव, पशुपति, हेमन्त, वसन्त, उमेश, महेश, नुतन, भुवन, हरि, कृष्ण, दाजुभाइ तथा दिदीबहिनीहरू सुनिल, अनिल, मात्रिका, हेमानन्द, जनक, शरद, शिशिर, सरिता, रत्ना, रचना, उचिना, सुल्जना, संजिता, मुना, सुस्मिता, प्रज्ज्वल, जीवन (अमेरिका), छवि, शंकर, तेजकुमारलगायत चारैतिर छरिएर रहेका आफन्तजनमा विजयादशमीको हार्दिक शुभकामना ।

**नवराज पोखरेल**

खनार सुनसरीका मित्रवर्ग, शारदा माविका गुरु-गुरुआमाका साथै विद्यार्थी भाइबहिनीहरू, रेडक्रस सोसाइटी उपशाखा खानारका सम्पूर्ण पदाधिकारीहरू, औद्योगिक क्षेत्रमा कार्यरत समस्त महानुभावलगायत आमनेपाली दाजुभाइ-दिदीबहिनीहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**नवराज पोखरेल**

खनारबाट राजधानी आई अध्ययनरत साथीभाइहरू, विभिन्न सरकारी कार्यालय तथा गैरसरकारी संघ-संस्था वा विभिन्न निजी कार्यालयमा कार्यरत सम्पूर्ण आफन्तजन, इष्टमित्र, ब्रायन इन्टरनेसनलका निर्देशकद्वय यादव दाजु, रोश दाजु, ब्राइट फुटवेयर, ब्राइट ओरियन्ट, काठमाडौं एक्स्पोर्ट एन्ड इम्पोर्टलगायत साथीहरू रमेश, गजेन्द्र, विनोद, मणिदीप, ममता, नीलम, रूपक, उत्तम, यज्ञ, केशव, रेवती तथा कुमारमा विजयादशमीको मंगलमय शुभकामना ।

**नवराज पोखरेल**

पूर्वाञ्चलबाट मध्यमाञ्चल आएर विभिन्न स्कुल, कलेजमा अध्ययन तथा अध्यापनरत साथीभाइ एवं शिक्षक-शिक्षिकाहरू, ब्रिलियन्ट कलेज कुटुबहाल, चाबहिलमा अध्ययनरत मेरा साथीभाइ एवं दिदीबहिनीहरू, सुशील, सन्तोष, अनिल, प्रमोद, मुकुन्द, नवराज, हरि, विक्रम, विकास, शिव, शिवहरि, डिकेन्द्र, निरु, अञ्जु, शिवानी, शैलजालगायत गुरु-गुरुआमाहरूमा विजयादशमीको हार्दिक शुभकामना ।






**नवराज पोखरेल**

२०५३ सालको विजयादशमीको उपलक्ष्यमा लापिलाङ्ग सामाजिक विकास समितिका सम्पूर्ण परिवारमा हार्दिक शुभकामना ।

**चेतबहादुर थापा**

साथीहरू अञ्जना, अप्सरा, कमला, सरला, प्रदीप, प्रिया, विष्णु, सोना, सुन्दर, जगदीश तथा राजीमा विजयादशमीको हार्दिक शुभकामना ।

**सुरेन्द्र खनाल**

दिदी प्रभा, भिनाजु वासु, भाञ्जीहरू प्रजिता, सजिता, भाञ्जा प्रवरराजलगायत हजुरआमा, कौशलटारका चिरपरिचित साथीहरू राजेन्द्र, दिनेश, राजेश, सुनिल, दीपक, सुवास, सरुना, कवीन्द्र दादा, नारायण, जुना, भुवन तथा विनीतालाई विजयादशमीको हार्दिक शुभकामना ।

**नवराज पोखरेल**

विजयादशमीको सुअवसरमा काभ्रे वाल्टिङका सम्पूर्ण आफन्तलगायत पत्रमित्र साथीहरू लक्ष्मी, रुद्र, गीता, दीपक, हीरा, सुनीता, सुष्मा, सुष्मिता, सरिता, अनिता, कला, दुर्गा, गायत्री, मीरा, मन्दिरा, शान्तिकला, निर्मला, सम्झना, दिया, प्रतिमा, सीमा, लता, सविना, प्रमिला, सिर्जना, मुना, रोजिना, आशिष, रमिला, आइसा, प्रकृति, टीका, निरू, पूजा, रीता, सरस्वती एवं पत्रमित्र साथीहरूलाई लाखौंलाख शुभकामना ।

**भुवन हुमागाईं**

साथीहरू सुरेन्द्र, कमला, सरला, विष्णु, सोना र मेरी मनकी रानी प्रियालाई विजयादशमीको हार्दिक शुभकामना ।

**प्रदीप श्रेष्ठ**

लालबहादुर, मुङ्गा, ढलबहादुर, बुद्ध, चिनिमाया, सरिता, शर्मिला, प्रमिला, गंगा, जमुना, मामा हर्क, जलामसिं, तिलक, रोज, प्रेम, हरि, उमेश, कृष्ण, ओम, सानु, राम, सुपथ, सोम, अवतारी, सानु, भानु, सान, गम, निर्मला, यमविक्रम, विजय, असमान विसमान, रत्नजित, कोत ज्ञान, मैते, सोम, खड्क, मटक, कलाम, काजी, सोनाम, सानुमाया, टेक, गोपाल, सुनिल, प्रमिला, कौशिला, विष्णु, मीना, विना तथा जुनामा विजयादशमीको हार्दिक शुभकामना ।

**देवशमशेर घिसिङ**

मेरा श्रीमान् रामकुमारका साथै दाइहरू श्याम, अर्जुन, सुरथ, शिव, भान्जाहरू, भीमसेन, कृष्ण, प्रदीप, राजेन्द्र, कुमार र सुजिता, अमिता, पर्वती, रूपा, अनुज, नवीना, कविताका साथै साथीहरू ओमप्रकाश, अर्जुन, रुष्मा, पम्फा, गोविन्द, अमृता, रेखा, विनीता, वन्दना, दयाराम, चिरञ्जीवी, कृष्ण, रमणलगायत चिरपरिचित साथीहरूलाई विजयादशमीको मंगलमय ुभकामना ।

**गीता थापा**

प्यारा साथीहरू चन्द्रमाया, सोनिया, चक्रपाणी, केशव, देवशमशेर, अनुराग, निरज, विमला, जमुना, गीता, पूर्ण, सुन्दर, विक्रम, रीता, राजेश, रमेश, कमला, केशव, पूर्वेली जीवन, एल्जी, हरि, एरा, रोजु, निशा, गौरी, राजु, तेजप्रसाद, सुब्बा, गोकर्ण, तिलक, मदन, इशान, अनुप, भरत, दीपिका, रमिला, काजल, घायल, युवराज पुरुषोत्तम, डिल्ली, माया, तारा, कल्पना, भीमबहादुर, सुनीता, हेला, उशमान, रविना, युवराज, उषा, कमल, जनक, रमला, मीरा, वैकुण्ठ, शर्मिला, प्रजिना, सुशीला, नितु, विश्वराम, उत्तम तथा राजीवलाई बडादसैंको मंगलमय शुभकामना ।

**गीता थापा**

मेरा आमा, बुबा, फुपू र रामकुमार, भाइहरू विदुर, प्रह्लाद, पवन, बहिनीहरू सुनीता, पविता, सविता, भगवती, निमा, रमा, कल्पना, कान्छी, नीलम, पुनम, झरना, प्रतीक, छोराहरू रूपेश, रपेन्द्र, रूपक, आयुष, छोरी रुमु, सुप्रिल, उशा, शुभेक्षा, एलिसा, संगीता, सुस्मिताका साथै साथीहरू सुरेन्द्र दिनेश, विष्णु, विशाल, कपर्ण, राजु, अमृत, जनक, सृष्टि, बद्री, गोविन्द, सूर्य, रामजी, पदम, लक्ष्मी, राजदेव, सिर्जना, कल्पना, शेखर, संदीप, प्रभा, मानसिंह, अमृत, सम्झना, रविन, सीताराम, रामशरण, कविता एवं सुस्मितालाई विजयादशमीको मंगलमय शुभकामना ।

**गीता थापा**

विक्रम, सञ्जय, नारायण, हरिवल्लभ, दीपकसमिर, दीलिपज्योति, राजन, निरज, चक्रपाणी, एलेन, चन्द्रमाया, गीता, दीपिका, सुनीता, ओमप्रकाश, तेजप्रसाद, जीवन, पासाङ, वीरबहादुर, सुनबहादुर, अनुराग, नवराज, शंकर, आर.पी., तेजबहादुर, लक्ष्मी, सानुमाया, विष्णुमाया, लालकुमार, हीरामाया, मीना तथा श्रीमायालाई विजयादशमीको हार्दिक शुभकामना ।

**देवशमशेर घिसिङ**

डम्बरबहादुर, मंगलीमाया, अमर, काली, गुमान, वीर, बाटुली, पासाङ, विष्णु, सुने, मैथली, शुकलाल, शमशेर, राजकुमार, सन्तबहादुर, अमृतमाया, सुशीला, सुन्तली, अमर, इमान, लाल, रत्न, गण्डा, बाबुलाल, धनवीर खन्याल, हर्क, बहुला, ह्याङले, धने, गोपीलाल, आर्कांचे, लक, प्रेमचरी, सङवीर, माइसाङ, विन्दा, धुर्मुस, डिलमायाका साथै शुभचिन्तक इष्टमित्रहरूलाई विजयादशमीको मंगलमय शुभकामना ।

**पासाङ तामाङ**

साथीहरू सुनीता, निरू, नमिता, अमिता, उर्मिला, निर्मला, नरेश, सन्तोष, प्रल्हाद, अर्जुन, सर्वेश, रविन, विक्रम, कुसाङ, सुरेश, सुरेन्द्र, दीक्षित, मन्दिरा, श्याम, मञ्जिला, सविना, सुजाता, संगीता, पविना, चन्दा, भीम, कर्ण, टंक, नवीन, छुनु अञ्जली, संगीता, लक्ष्मी, रमिला, सरस्वती, कुन्दन, सरोज, भीम लामा, अनिल, रमेश, अरुण, प्रभात, प्रकाश, सत्या, असना, वसना, प्रजु, अर्चना, एके, शंकर, नवराज, आशिष तथा प्रियंकालाई बडादसैंको हार्दिक शुभकामना ।

**रुमु थापा**

साथीहरू कमला, शर्मिला, विमला, राजेश, रीता, कल्पना, चन्द्रावती, सीता, कौशिला, लक्ष्मी, निर्मला, सोनिया, चन्द्रमाया, देवशमशेर, एल्जी, जीवन, अन्जान, अनिता, केशव, गोविन्द, सिर्जना, मन्जु, पुष्पा, शान्ति, अस्मिता, पूर्ण, सुन्दर, विक्रम, अनुराग, अनिल, सत्यराज, रोजी, करिना, प्रमिला, पवि, गीता , निरुता, सुनीता, मनु, दीपा, रवीन्द्र, दया, दीपेन, जमुना, कविता, विनोद, सरस्वती, शर्मिला, काजल, मनिका, रेनुका, कृष्ण, चक्रपाणी, पुष्कर, मैया, शारदा, उर्मिला, भवानी, निशा, सविना, सुमित्रा, रचना, निश्चल, रोमिना, दीपेश, जया, प्रकाश, कोमल, दीपिका, विनीता, प्रभा, उशा, दीपक, शिव, हीरा, डिल्ली, रमेश, लिजा, जानकी, प्रेमा, रविना, भोला, सुमन तथा स्मृतिलाई विजयादशमीको हार्दिक शुभकामना ।

**नीरज श्रेष्ठ**

आनन्द, विजयादशमीको सुखद उपलक्ष्यमा हार्दिक शुभकामना ।

**रोजिना**

राजेन्द्र, वीरेन्द्र, महेन्द्र, पवन, प्रकाश, रामशरण, तेजकृष्णलाई विजयादमशमीको उपलक्ष्यमा हार्दिक शुभकामना ।

**कृष्णगोपाल श्रेष्ठ**

विजयादशमीको हार्दिक शुभकामना । तिमीले चाहेका हरेक इच्छा पूरा हुन्, सधैंभरि हाँसिरहनु, आँखामा कहिल्यै पनि आँसु नआओस् ।

**दिनेश**

# दसैंमा उपहार आदान-प्रदानको चलन

**शिव शर्मा**

दसैंमा एक-आपसमा माया साटासाटको उद्देश्यले उपहार आदान-प्रदान गर्ने प्रचलनले व्यापकता पाउँदै गएको छ । दसैं केवल खानपिन र रमाइलो गरेर मनाउने मात्र होइन, आपसी सम्बन्धलाई प्रगाढ बनाउन शुभकामना आदान-प्रदान गर्ने तथा उपहार लिने-दिने चाड पनि हो । उपहार लिने-दिने चलन समयअनुसार परिवर्तन भए पनि यसले निरन्तरता भने पाउँदै गएको छ ।

दुई दशकअघिसम्म नेपालमा बलिउडका हस्तीहरू अभिताभ बच्चन, हेमा मालिनी, मिथुन चक्रवर्ती, श्रीदेवी, धर्मेन्द्र आदिका तस्बिर अंकित पोस्टकार्ड निकै बिक्री हुन्थे । घटस्थापनाको अघिल्लो दिन स्कुल-कलेजमा विद्यार्थीहरूले पोस्टकार्डको पछाडि दसैंको शुभकामना लेखेर आदान-प्रदान गर्ने चलन थियो ।

समयको क्रमसगै दसैंमा नेपालकै चलचित्रकर्मीहरूको तस्बिर अंकित पोस्टकार्ड आदनप्रदान गर्ने प्रचलन पनि भित्रियो । यसले व्यापकता पाएपछि नेपाली चलचित्रकर्मीहरूको तस्बिर अंकित पोस्टकार्ड छापिन थाले । राजेश हमाल, करिश्मादेखि अहिलेका सबै नवोदित कलाकारका पोस्टकार्ड बजारमा पाइन्छन् । सहरबजारतिर दसैंमा



हिरो-हिरोइनका तस्बिर अंकित पोस्टकार्ड आदनप्रदान गर्ने चलन पातलिँदै गए पनि गाउँघरतिर अझै पनि दसैंको शुभकामनास्वरूप चलचित्रकर्मीहरूका तस्बिर अंकित पोस्टकार्ड बाड्ने चलन कायमै छ ।

नायिका अरुणिमा लम्साल स्कुल पढ्ने चुलबुले उमेरमा साथीहरूलाई पोस्टकार्डमार्फत नै शुभकामना दिन्थिन् । बाल्यकालको स्मरण गर्दै लम्साल भन्छिन्- 'बलिउडका कलाकारहरूकै पोस्टकार्ड आदान-प्रदान हुन्थ्यो ।' अहिले परिपक्व भएपछि भने लम्साल कार्डहरूभन्दा पनि मौखिक रूपमा वा एसएमएस तथा इमेलबाट नै दसैंको शुभकामना साटासाट गर्छिन् ।

आजभोलि दसैंमा उपहार लिने-दिने चलनमा पनि परिवर्तन आएको छ । सहरबजारमा आफ्ना साथीभाइ तथा मायालुलाई ग्रिटिङ कार्डहरू दिने-लिने चलन बढेको छ । गायिका नलिना चित्रकारलाई श्रीमान्ले दसैंको उपहार दसैंअगावै दिइसकेका छन् । 'अब म पनि उहाँलाई उपहार दिने तयारीमा छु,' नलिनाले साप्ताहिकसँग भनिन्- 'बाबुलाई पनि नयाँ लुगा किनिसकें ।' उता गायक सुगम पोखरेलले केही समयअघि कार्यक्रमको सिलसिलामा हङकङ जाँदा छोरीका लागि उपहार ल्याइसकेका छन् । जीवनसंगिनीलाई भने सँगै बजार गएर उनलाई मन पर्ने उपहार खरिद गर्ने सुगम बताउँछन् । सुगम भन्छन्– 'कार्ड अथवा इमेलमार्फत प्रशंसकहरूका बग्रेल्ती शुभकामना पनि आउँछन् ।' प्रेमका कतिपय भोकाहरू दसैंको शुभकामना दिने अवसर छोपेर कार्डमार्फत नै प्रेमप्रस्ताव राख्न चुक्दैनन् । मोडल बबिना शर्मा यस पटकको दसैंमा विगतमा जस्तै साथीहरूलाई आकर्षक कार्डहरू दिएर शुभकामना साटासाट गर्दैछिन् । यसबाहेक घरमा आमालाई साडी तथा दाजुभाइहरूलाई टिर्सट-पाइन्ट उपहार दिने उनी बताउँछिन् ।

नयाँ वर्षमा जस्तै दसैंमा शुभकामना अदानप्रदान गर्न ग्रिटिङ कार्ड दिने चलन व्यापक बनेको छ । कतिपयले त इन्टरनेटमार्फत पनि आफ्ना साथीभाइलाई इकार्डहरू पठाउँछन् । महँगा सामानहरू उपहार दिने चलनलाई भने नायक दिलीप रायममाझी त्यति राम्रो मान्दैनन्, दिलीप भन्छन्- 'ग्रिटिङ कार्ड आदान-प्रदान गर्नु नै बहुमूल्य उपहार हो ।' आमाको देहान्त भएका कारण यसपाला दिलीपले दसैं मनाउने छैनन् ।

युवागायक सत्य र स्वरूपराज आचार्य पनि दसैंमा उपहार दिनैपर्छ भन्ने चलनलाई त्यति मान्यता दिँदैनन् । साथीभाइहरूसँग भेटघाट गर्नु, फूलको गुच्छा आदान-प्रदान गर्नु र माया साटासाट गर्नुलाई नै उनीहरू दसैंको उपहार सम्झन्छन् । प्रशंसकहरूबाट पनि उनीहरूलाई गिफ्टसँगै शुभकामना कार्डहरू नै आउँछ । सानो छँदा चलचित्रकर्मीका तस्बिर अंकित पोस्टकार्डहरू आदान-प्रदान गरेको कुरा सत्य-स्वरूपको मनमा ताजै छ । सत्यराज भन्छन्- 'उपहारभन्दा शुभकामना आदान-प्रदान ठूलो कुरा हो ।'

बढ्दो पश्चिमी संस्कृतिको प्रभावमा शुभकामनासँगै चाडपर्वमा उपहार दिने-लिने प्रचलन त्यत्तिकै मात्रामा बढेको छ । घरिपरिवारभित्र मात्र होइन, साथीभाइहरूबीच नयाँ-नयाँ उपहार आदान-प्रदान गर्ने परिपाटी पनि उत्तिकै छ । पूर्व मिस नेपाल निलिमा गुरुङ दसैंका बेला साथीहरूसँग शुभकामना लिने-दिने मात्र गर्दिनन्, घरपरिवारलाई उपहारस्वरूप नयाँ लुगा पनि दिन्छिन् । बाल्यकालको स्मरण गर्दै गुरुङ भन्छिन्- 'केटाकेटीमा दसैं आउँदा आफन्तजनबाट उपहारमा नयाँ लुगा पाइन्थ्यो ।' वर्ष दिनमा एक पटक आउने पर्व दसैंमा उपहार लिने-दिने चलनलाई उनी सकारात्मक रूपमा लिन्छिन् ।

दसैंमा अधिकांशले उपहारका रूपमा कपडा, सजाउने सामान वा मदिरा दिने गरेको पाइन्छ । उपहार आदान-प्रदानले आत्मीयता र सौहार्दतालाई अझ प्रगाढ बनाउँछ । खानु-पिउनु र रमाइलो गर्नु मात्र दसैं होइन, गायक भाष्करध्वज श्रेष्ठ भन्छन्- 'उपहार आदान-प्रदानले आपसी सम्बन्धलाई दरिलो बनाउँछ ।'

# पिएर रमाउनेहरू

**सुब्रत आचार्य**

साताको एकपटक साथीहरूसँग 'गेट टुगेदर' गर्न मन पराउने सिद्धान्त पराजुली लार्ज प्याग ह्विस्कीमा गिलासभरि बरफका टुक्रा राखेर पिउन मन पराउँछन् । रक भनिने उक्त ड्रिङ्क्स पिउन उनलाई मज्जा पनि आउँछ । जाडो महिनामा चिसो पिउन नसकिने भएकाले उनी ह्विस्कीमा तातोपानी मिसाएर पिउँछन् । 'ह्विस्कीबाहेक मलाई अरू ड्रिङ्क्स मन पर्दैन,' -पराजुली भन्छन् । फुर्सद डटकमका सञ्चालक एवं सञ्चारकर्मी दीपेश श्रेष्ठ मोजमज्जा गर्ने मुड चलेको बेलामा बियर पिउन मन पराउँछन्, त्यो पनि एउटै ब्रान्डको । 'गर्मीमा चिल्ड बियर पिउँदाको आनन्द नै बेग्लै हुन्छ,' -दीपेश भन्छन् । उनी जाडोमा पनि चिल्ड बियर नै पिउँछन् । किन त ? 'अरू पिउँदा छिटो मात लाग्छ । मात लाग्न समय लाग्ने भएकाले पनि बियर नै मन पर्छ ।' उनी कहिलेकाहीं विदेशी ह्विस्की ज्याक ड्यानल्समा कोक मिलाएर मन पराउँछन् । ठिमीका नरोत्तम श्रेष्ठ बियर वा ह्विस्कीभन्दा पनि गुलियो 'छ्याङ्' अर्थात् जाँड पिउँछन् । श्रेष्ठ भन्छन्- 'एक बोतल बियर वा एक प्याग ह्विस्कीले छुँदै छुँदैन । एक बोतल बियर किन्न पुग्ने रकममा त दुई जग 'छ्याङ्' नै आउँछ, साथमा छोयला पनि ।'

नेपाली समाजमा मदिरा पिउने संस्कृतिको आफ्नै महत्त्व छ । चाडपर्व, भोजभतेर वा पूजाआजामा सगुनका रूपमा रक्सी नभै नहुने नेवार, राई, लिम्बू, मगर, गुरुङ आदि 'हकैले पाएको' भन्दै मदिरा सेवन गर्न हिचकिचाउँदैनन्, तर अहिले भने यो चलन बिस्तारै केही ब्राह्मण वा क्षेत्री परिवारमा पनि सरेको छ । आधुनिक समाजका अत्याधुनिक चलनलाई मान्यता दिने क्रममा केही ब्राह्मण तथा क्षेत्रीका भोजभतेर वा पारिवारिक भेटघाटमा पनि मदिराले प्रवेश पाउन थालेको छ । विशेष गरी सहरिया समाजमा मदिरा पिउनु वा पिलाउनुलाई सामान्य रूपमा लिन थालेको पाइन्छ । हिन्दी उखान 'पिने वालोको पिनेका बहाना चाहिए' लाई सहरिया मदिराका पारखीहरू चरितार्थ गरिरहेका छन् ।

ठमेलस्थित बाम्बु क्लबका सञ्चालक राजेन्द्र केसीका अनुसार उनको बीस वर्षभन्दा बढी रेस्टुराँ सञ्चालन तथा कार्यको अनुभवमा अहिले पिउने मामिलामा नेपालीहरू बढी उदार भएका छन् । जान्ने-बुझ्नेहरू अहिले ककटेल पिउन रुचाउँछन् । ककटेलमा पनि धेरैजसो नेपाली 'स्क्रुड्राइभर' पिउँछन् । भोड्का, अरेञ्ज जुस, लेमन जुस र सिरपको मिश्रण गरी बनाइने उक्त ककटेलपछि केही नेपाली 'ब्लडीम्यारी' तथा विदेशीहरूको संगतमा 'मार्गरिटा' पनि पिउँछन् । बियरमा स्प्राइट वा सेभेन अप मिश्रण गरेर 'स्यान्डी' बनाएर पिउने नेपालीहरू पनि उनको रेस्टुराँमा आउने गरेका छन् । स्वदेशी मदिराका सप्लायर दामोदर दुलालका अनुसार नेपाली बजारमा अहिले बियरको सप्लाइ बढेको छ । बियर पिउने-पिलाउने संस्कार बढेको उनको अनुभव छ । 'तर बियर सिजनेवल ड्रिङ्क्स भएकाले जाडोमा यसको सप्लाई स्वात्तै घट्छ ।' -उनी बताउँछन् । दुलालका अनुसार जाडोमा रम पिउने चलन बढी छ । भोड्का पिउने चलन भए पनि रमको सप्लाई बढी हुने गरेको छ । नेपालीहरूले अहिले जिनमा टनिक वाटर र लेमन स्लाइस् हाल्न सिकेका छन् । बियरपछि ह्विस्कीको माग धेरै रहेको दुलालको अनुभव छ । 'चाडपर्वहरूमा ह्विस्कीको अर्डर धेरै आउँछ,' -उनी बताउँछन् ।




हरेक बर्ष वर्षायाममा 'मनसुन वाइन फेस्टिभल'को आयोजना गर्ने किलरोयज रेस्टुराँका वाइन स्पेसियालिस्ट हरि बगालेको अनुभवमा नेपालको मदिरापान संस्कृतिमा वाइनले पनि स्थान पाउन थालेको छ । चिकित्सकहरू पनि भन्छन्- 'दिनको एक गिलास वाइन पिउनु स्वास्थ्यका लागि पनि राम्रो हुन्छ ।' बगालेका अनुसार किलरोयजको वाइन फेस्टिभलका कारण पनि वाइनका बारेमा नेपालीहरूमा उत्सुकता जागेको छ । बगालेका अनुसार वाइनका सौखिन नेपाली तीन प्रकारका छन् । वाइन पिउनुलाई फेसनका रूपमा लिने र अरूले पिएको देखेर पिउनेहरू बढी छन् भने कस्तो होला भनेर उत्सुकतावश पिउनेहरू पनि निकै छन् । अनि सबै कुरा बुझेर वाइन पिउने पारखीहरू पनि बढेका छन् ।' वाइन जति महँगो भयो त्यति उत्कृष्ट हुने कुरामा उनी विश्वास गर्दैनन् । 'वाइन पिउन जान्नुपर्छ, सबै किसिमका वाइनबाट मज्जा आउँछ,' -बगाले बताउँछन् । पिउन जान्नेहरूले वाइनलाई 'टेम्प्रेचर' मिलाएर पिउँछन् । सामान्यतयाः चिसो मौसममा 'रुम टेम्प्रेचर' मिलाएर रेड वाइन पिउनुपर्छ भने गर्मी मौसममा ह्वाइट वाइनलाई 'चिल्ड' अर्थात् चिसो बनाएर पिउनुपर्छ ।



कपडा व्यापारी गोपाल थापा हरेक शुक्रबार साँझ बानेश्वरस्थित एक चाइनिज रेस्टुराँमा साथीहरूसँग 'गेट टुगेदर' गर्छन् । 'साताभरिको कामको टेन्सन मेटाउनका लागि भए पनि म शुक्रबार जम्छु,'- थापा भन्छन् । अमेरिकी 'विकइन्ड' संस्कृतिसँग मिल्दोजुल्दो 'गुड फ्राइडे'को संस्कृति नेपालको सहरी परिवेशमा हुर्कंदो छ । खाने, पिउने र रमाइलो गर्ने मुडमा सप्ताहान्त दिवसका रूपमा मनाइने 'गुड फ्राइडे'को बहानामा पिउने-पिलाउने चलन निकै बढेको छ । हेयर स्टाइलिस्ट नील डेविड भने 'गुड फ्राइडे' मनाउन अन्त कतै नगै घरमै साथीभाइ बोलाएर रमाइलो गर्न मन पराउँछन् । साइबरसंसार डटकमका अभिनव कसजू पनि आजभोलि कुनै विशेष पार्टीमा मात्र जान चाहन्छन् । उनीहरूको रायमा आफ्नै घर वा निश्चित रेस्टुराँ वा स्थानमा पिउनु सुरक्षाको दृष्टिकोणबाट पनि राम्रो हुन्छ । एकताका बियर पिउने अभिनव युरिक एसिड बढ्न थालेपछि आजभोलि यदाकदा मात्र ह्विस्की पिउँछन् ।

आफूलाई अत्याधुनिक विचारधाराका मान्ने केही सहरिया भने आधुनिक जीवनशैलीको परिचायक बनेको मदिरासेवनको चलनलाई त्यति सहज मान्दैनन् । उनीहरूको विचारमा आधुनिक देखिन मदिरासेवन गर्नैपर्छ भन्ने छैन । ठमेलको पर्यटन व्यवसायमा लागेका केही मानिस पहिले निकै पिउने गरे पनि अहिले भने पिउन छाडेको बताउँछन् । उनीहरू हरेक सप्ताहान्तमा 'एचटुओ पार्टी' गर्छन् । एचटुओ अर्थात् पानी । उनीहरू हरेक शुक्रबार साँझ ठमेलको एक रेस्टुराँमा भेला हुन्छन् । विभिन्न परिकार मगाउँछन् र आ-आफ्ना गिलासमा मिनरल वाटर खन्याउँछन् र 'चियर्स' गर्दै खानेकुराको स्वाद लिन्छन् । उनीहरूको क्रियाकलाप हेर्दा लाग्छ, उनीहरू त्यहाँ पानी होइन रक्सी नै पिइरहेका छन् ।

दसैंलाई एक प्रकारले खाने र पिउने पर्वका रूपमा पनि मनाइन्छ । भनिन्छ यो बेला पिउँदै नपिउनेहरूले पनि पिउँछन् । ब्राह्मण परिवारसँग सरोकार राख्ने सुयशका अभिभावक वर्षभरि मदिरा सेवनको विरोध गर्छन् । तर जब महाअष्टमीका दिन घरमा खसी काटिन्छ, उनका बाबुले नै आदेश दिन्छन्- 'जा सुयश, पसलबाट बियर किनेर लेरा ।' तैपनि चिकित्सकहरू भन्छन्- 'पिउनु स्वास्थ्यका लागि राम्रो होइन, अझ धेरै पिउनु त सोझै रोगलाई निम्त्याउनु हो ।'

# दसैंका लागि केही स्पेसल ककटेल र मकटेल

**बनाना कोलादा**

| | |
|---|---|
| पाइनापल जुस | : २०० मिलिलिटर |
| कोकोनेट क्रिम | : ३० मिलिलिटर |
| चिनीको रस | : २० मिलिलिटर |
| आइस | : ६-७ टुक्रा |
| केरा | : १ कोसा |

**विधि** : सबै सामग्रीलाई ब्लान्डरमा राख्ने, १ मिनेटसम्म चलाएर पिस्ने, त्यसपछि पिल्सनर ग्लासमा राख्ने । ग्लासमा राखिसकेपछि स्ट्र पाइप ग्लासभित्र राख्ने, सजावटका लागि पाइनापल स्लाइस ग्लासको बिटमा राख्ने ।

**फ्रुट पन्च**

| | |
|---|---|
| अरेन्ज जुस | : ६० मिलिलिटर |
| पाइनापल जुस | : ६० मिलिलिटर |
| मिक्स फ्रुट जुस | : ६० मिलिलिटर |
| ग्रिनेडाइन सिरप | : १५ मिलिलिटर |
| क्रिम | : २० मिलिलिटर |
| काजु किसमिस, चेरी | : स-साना टुक्रा गर्ने (१ चिया चम्चा) |
| आइस | : ५-६ टुक्रा |

**विधिः** काजु, किसमिस, चेरीबाहेक बाँकी सामग्रीहरू ककटेल सेकरमा खन्याएर एकछिन हल्लाउने र कोलिन ग्लासमा हाल्ने । माथि साना टुक्रा गरेको काजु, किसमिस, चेरी राख्ने । त्यसलाई स्ट्र गर्निस अरेन्ज स्लाइसले सजाउने ।

**अनिता**

| | |
|---|---|
| अरेन्ज जुस | : ९० मिलिलिटर |
| लेमन जुस | : २० मिलिलिटर |
| अङगुस्टुरा विटर | : ३-४ थोपा |
| आइस | : ४-५ टुक्रा |
| सोडा | : २ सय ५० मिलिलिटर |

**विधिः** कक्टेल सेकरमा ४-५ टुक्रा आइस राख्ने, सोडाबाहेक सम्पूर्ण सामग्री हालेर एकछिन हल्लाउने, त्यसपछि कोलिन ग्लासमा खन्याउने र सोडाले भर्ने । ग्लासलाई अरेन्ज स्लाइसले सजाएर स्ट्र पाइप राख्ने ।



**सिन्ड्रेला**

| | |
|---|---|
| अरेन्ज जुस | : ६० मिलिलिटर |
| पाइनापल जुस | : ६० मिलिलिटर |
| लेमन जुस | : २० मिलिलिटर |
| ग्रिनाडाइन सिरप | : १० मिलिलिटर |
| आइस | : ५-६ टुक्रा |
| सोडा | : २ सय ५० मिलिलिटर |

**विधिः** कक्टेल सेकरमा सोडाबाहेक सम्पूर्ण सामग्री हाली एकछिन हल्लाउने र कोलिन अथवा हाइबल ग्लासमा खन्याउने र सोडाले भर्ने । ग्लासमा भुइँकटहरको टुक्रा, १ पिस चेरी राखी कक्टेल स्टीकमा उनेर सजाउने र स्ट्र पाइप राख्ने ।

**मिन्टी लेमोनेड**

| | |
|---|---|
| कागतीको रस | : २० मिलिलिटर |
| कागती | : ६-७ साना टुक्रा |
| चिनी | : २-३ चिया चम्चा |
| बाबरीको पात | : ६-७ टुक्रा |
| आइस | : ६-७ टुक्रा |
| सुपरमेन्थ पेपरमिन्ट | : ३० मिलिलिटर |
| स्प्रइट | : २ सय ५० मिलिलिटर |

**विधिः** सानो कागतीको टुक्रा, चिनी, ताजा बाबरीको पात छुट्टै भाँडोमा राखी एकछिन थिचेर बाबरीको पात र कागतीलाई अझ सानो टुक्रा पार्ने । टुक्रा गरिसकेको कागती र बाबरीको पातलाई कोलिन ग्लासमा हाल्ने, पछि सेकरमा आइस, लेमन जुस र सुपरमेन्थ राखेर हल्लाइसकेपछि आइससहित ब्लेमन भएको ग्लासमा थप्ने, अन्त्यमा स्प्राइटले ग्लास भर्ने ।

**स्वीट रेन्बो**

| | |
|---|---|
| अरेन्ज जुस | :१ सय ५० मिलिलिटर |
| लेमन जुस | : १० मिलिलिटर |
| ग्रिनाडाइन सिरप | : १० मिलिलिटर |
| ब्लु कुराकाओ | : १० मिलिलिटर |
| आइस | : ६-७ टुक्रा |

**विधिः** कक्टेल सेकरमा आइस, लेमन जुस, अरेन्ज जुस राखी एकछिन हल्लाउने र हाइबल ग्लासमा खन्याउने । बिस्तारै ग्रीनाडाइन सिरप खन्याउने र माथि तैरिने गरी बिस्तारै ब्लु कुराकाओ हाल्ने, अरेन्ज स्लाइस ग्लासमा सजाउने र स्ट्र पाइप राख्ने ।

**बिट्वीन द सिट्स**

| | |
|---|---|
| ब्रान्डी | : २० मिलिलिटर |
| रम | : २० मिलिलिटर |
| कोइन्त्रु | : २० मिलिलिटर |
| लेमन जुस | : १० मिलिलिटर |
| आइस | : ५-६ टुक्रा |

**विधिः** सम्पूर्ण सामग्री कक्टेल सेकरमा राखी केही छिन हल्लाउने र आइस छानेर कक्टेल ग्लासमा खन्याउने ।

**कोग्न्याक कोलिनस**

| | |
|---|---|
| कोग्न्याक | : ६० मिलिलिटर |
| लेमन जुस | : १५ मिलिलिटर |
| सुगर सिरप | : १५ मिलिलिटर |
| सोडा | : २ सय ५० मिलिलिटर |
| आइस | : ५-६ टुक्रा |

**विधिः** कोलिन ग्लासमा आइस राख्ने र सोडाबाहेक सम्पूर्ण सामग्री खन्याई अलिपछि सोडाले भर्ने । स्ट्र राख्ने ।

**फरेस्टर्स डिलाइट**

| | |
|---|---|
| ह्विस्की | : ३० मिलिलिटर |
| कोइन्त्रु | : २० मिलिलिटर |
| ब्लु कुराकाओ | : १० मिलिलिटर |
| लेमन जुस | : १० मिलिलिटर |
| आइस | : ४-५ टुक्रा |

**विधिः** सम्पूर्ण सामग्री सेकरमा राखी एकछिन हल्लाउने र आइस छानेर स्यास्पियन ससर ग्लासमा खन्याउने, ग्लासमा २ वटा चेरी कक्टेल स्टीकमा उनेर सजाउने ।

**काइपिरोस्का**

| | |
|---|---|
| भोड्का | : ६० मिलिलिटर |
| लेमन | : ५-६ टुक्रा |
| खैरो चिनी | : २ चिया चम्चा |
| टुक्रा आइस | : आधा गिलास |

**विधिः** कागतीका ५-६ वटा साना-साना टुक्रा बनाउने, ह्विस्की ग्लासमा राख्ने र चिनी थप्ने, चिनी र कागतीलाई एकछिन थिचेर कागतीलाई निचोर्ने र टुक्रा आइसले भर्ने, भोड्का थप्ने अनि बिस्तारै स्विजल स्टीकले हल्लाउने ।

**स्क्रु ड्राइभर**

| | |
|---|---|
| अरेन्ज जुस | :१ सय ५० मिलिलिटर |
| भोड्का | : ६० मिलिलिटर |
| आइस | : ४-५ टुक्रा |

**विधिः** हाइवल ग्लासमा ४-५ टुक्रा आइस राखेर भोड्का र जुस राख्ने । ग्लासर अरेन्ज स्लाइस हालेर सजाउने अनि स्ट्र पाइप राख्ने ।

**स्विट मार्टिनी**

| | |
|---|---|
| जिन | : ४५ मिलिलिटर |
| मार्टिनी रोसा | : १५ मिलिलिटर |

**विधिः** मार्टिनी ग्लासलाई चिसो बनाउने । छुट्टै मिक्सचर ग्लासमा आइस जिन र मार्टिनी रोसो राख्ने र एकछिनसम्म चम्चाले हल्लाउने, त्यसपछि आइस छानेर चिसो ग्लासमा खन्याउने । २ वटा चेरीलाई कक्टेल स्टिकमा उनेर सजाउने ।

**रोब रोय**

| | |
|---|---|
| ह्विस्की | : ४५ मिलिलिटर |
| स्वीट मार्टिनी | : १५ मिलिलिटर |
| अंगुस्टुरा विटर | : २-३ थोपा |
| आइस | : ४-५ टुक्रा |

**विधिः** सम्पूर्ण सामग्रीलाई कक्टेल सेकरमा राख्ने, एकछिन हल्लाउने र आइस छानेर कक्टेल ग्लासमा खन्याउने । २ वटा चेरीलाई कक्टेल स्टिकमा उनेर ग्लासमा सजाउने ।

**काउ ब्वाई**

| | |
|---|---|
| ह्विस्की | : ६० मिलिलिटर |
| लाइट क्रिम | : २० मिलिलिटर |
| आइस | : ४-५ टुक्रा |

**विधिः** सम्पूर्ण सामग्रीलाई कक्टेल सेकरमा राखी एकछिन हल्लाएर कक्टेल ग्लासमा खन्याउने ।

**ब्लु लगुन**

| | |
|---|---|
| भोड्का | : ४५ मिलिलिटर |
| ब्लु कुराकाओ | : १५ मिलिलिटर |
| स्प्रइट | : २ सय ५० मिलिलिटर |
| आइस | : ४-५ टुक्रा |

**विधिः** सम्पूर्ण सामग्री आइससहित कोलिन ग्लासमा राख्ने र स्प्राइटले भर्ने । ग्लासमा लेमनको स्लाइस र १ पिस चेरी कक्टेल स्टिकमा उनेर सजाउने ।

**ब्रोन्स**

| | |
|---|---|
| जिन | : ४० मिलिलिटर |
| ड्राई मार्टिनी | : १० मिलिलिटर |
| मार्टिनी रोसा | : १० मिलिलिटर |
| अरेन्ज जुस | : ६० मिलिलिटर |
| आइस | : ४-५ टुक्रा |

**विधिः** सम्पूर्ण सामग्रीलाई कक्टेल सेकरमा राखी एकछिन हल्लाउने र कक्टेल ग्लास अथवा स्याम्पियन ससरमा आइस छानेर खन्याउने । ग्लासमा अरेन्ज स्लाइस राखी सजाउने ।

**पिंक लेडी**

| | |
|---|---|
| जिन | : ६० मिलिलिटर |
| ग्रिनाडाइन सिरप | : १५ मिलिलिटर |
| अन्डाको सेतो भाग | : १ चिया चम्चा |
| आइस | : ४-५ टुक्रा |

**विधिः** सम्पूर्ण सामग्री कक्टेल सेकरमा राखी एकछिनसम्म हल्लाउने र कक्टेल ग्लासमा खन्याउने । २ पिस चेरीले सजाउने ।

**कुबा लिब्रा**

| | |
|---|---|
| रम | : ६० मिलिलिटर |
| लेमन जुस | : १० मिलिलिटर |
| आइस | : ४-५ टुक्रा |
| कोक | : २ सय ५० मिलिलिटर |

**विधिः** हाइवल अथवा कोलिन ग्लासमा आइस राख्ने । त्यसपछि रम, लेमन जुस र कोक राख्ने । ग्लासलाई लेमन स्लाइसले सजाउने तथा स्ट्र पाइप राख्ने ।

**शेर्पा पन्च**

| | |
|---|---|
| रम | : ६० मिलिलिटर |
| लेमन जुस | : १० मिलिलिटर |
| अदुवाको जुस | : १० मिलिलिटर |
| मह | : ३ चिया चम्चा |
| दालचिनीको धूलो | : आधा चम्चा |
| जाइफलको धूलो | : अलिकति |
| तातो पानी | : आधा ग्लास |

**विधिः** ह्विस्की ग्लासमा तातो पानी हाली ग्लास तताउने । त्यसपछि रम, लेमन जुस, अदुवाको जुस, मह, दालचिनीको धूलो हाली ग्लासमा एकछिन चलाउने र तातो पानीले ग्लास भर्ने । त्यसपछि माथिबाट अलिकति जाइफलको धूलो छर्कने ।

**ह्याप्पी दसैं**

| | |
|---|---|
| भोडका | : ४५ मिलिलिटर |
| क्रिम दे मेन्थ | : १५ मिलिलिटर |
| आइस | : ५-६ टुक्रा |

**विधिः** कक्टेल सेकरमा सम्पूर्ण सामग्री राख्ने । एकछिन हल्लाउने र कक्टेल ग्लासमा खन्याउने । बाबरीको पातसहितको मुन्टा ग्लासमा सजाउने ।

**– टीकाराम खड्गा**
**बार टेन्डर, एक्सलुट बार, पुल्चोक**






# खानपानको बदलिँदो शैली

**विदुर खतिवडा**

काठमाडौँ– करिब आधा दशकअघिसम्म पनि काठमाडौंका अधिकांश रेस्टुराँ आजका दिनदेखि चतुर्दशी-पूर्णिमासम्म बन्द हुन्थे। खानपानकै चाड भएकाले घरमै मीठा परिकार बनाएर खाइने दसैंका बेला रेस्टुराँ किन जाने ? ग्राहक नआउने भएकाले नै त्यो बेला रेस्टुराँ सञ्चालन गर्नुको अर्थ थिएन, तर अहिले त्यो अवस्था रहेन। दसैंको परम्परागत परिकारको विकल्प खोज्ने क्रममा अहिलेको पुस्ता रेस्टुराँमा पनि दसैं मनाउने संस्कारको विकासमा जुटेको छ। 'ग्राहक आउने कारणले नै अहिले दसैंको समयमा प्रायः रेस्टुराँहरू खुलै हुन्छन्', ठमेलस्थित यिङयाङ रेस्टुराँका प्रबन्ध निर्देशक तेजेन्द्रनाथ श्रेष्ठ भन्छन्- 'परिवारमा बसेर मासु-भात खानेभन्दा पनि साथीभाइसँग स्वतन्त्रता अनुभव गर्दै रेस्टुराँ जाने युवायुवतीहरूको संख्या उल्लेख्यरूपमा बढेको छ। श्रेष्ठका अनुसार अहिलेको पुस्ता यहीं बसेर विश्वलाई नियालिरहेको हुन्छ, उनीहरू विकसित समाजको परिकल्पना गरिरहेका हुन्छन। आफ्नो परिकल्पनालाई उनीहरू घरको वातावरणमा पाउन सक्दैनन्। 'जेनेरेसन ग्याप' भन्ने शब्द यहाँनेर अझ प्रस्टिने श्रेष्ठको कथन थियो। यसबाहेक पछिल्लो अवधिमा दसैंमा पारिवारिक 'ग्यादरिङ' सहित रेस्टुराँ शैलीमा रमाउने परिवारको सङ्ख्या उल्लेख्य रूपमा बढ्दै गएको छ।

अघिल्ला वर्षहरूमा राज्य-माओवादी द्वन्द्वका कारण राजधानीकेन्द्रित धेरै नागरिक गाउँ जाने वातावरण थिएन। यसकारण पनि काठमाडौंका रेस्टुराँमा साथीभाइ मिलेर पार्टीको आयोजना हुन्थ्यो तर यसपटक युद्धविराम भएकाले गाउँ फर्कने लहर चलेको छ। श्रेष्ठले साप्ताहिकसँगको कुराकानीमा भने- 'यसपटक धेरै घर जाने भएकाले गत वर्षहरूको जस्तो कारोबार नहोला, तर काठमाडौंको जनघनत्व अत्यधिक भएकाले दसैंमा पनि रेस्टुराँ जाने कम होलान् जस्तो लाग्दैन।'

जे होस्, घटस्थापनाका दिनदेखि नै दसैंले पाइला हालिसकेको हुन्छ, मीठा परिकार आनन्दका साथ खाने बेला यही हो, चलचित्र नायिका रेखा थापा भन्छिन्- 'घटस्थापनादेखि नै 'गेट-टुगेदर' सुरु भैसकेको छ। रेस्टुराँमा गएर पिज्जा खानुको मज्जा नै छुट्टै छ।' थापाका अनुसार उनी रेस्टुराँमा गएर पिज्जा, ह्यामवर्गर र सिजलर खान रुचाउँछिन्। त्यसो त दसैंका बेला विराटनगरस्थित घरमै पनि जमघटको आयोजना गर्छु,' उनले भनिन्- 'दसैंका पाँच दिन परिवार र पुराना साथीभाइहरूका निम्ति छुट्याउँछु।' दसैं जमघटको चाड हो। त्यसैले पनि साथीभाइहरूसँग भेटघाट गर्ने जक्सन प्वाइन्टभित्र दसैं पनि पर्छ।

कान्तिपुर एफएमकी आरजे सबिना कार्की दसैंको मुड सुरु भएपछि ग्यादरिङलाई सामान्य मान्छिन्। उनी भन्छिन्- 'दसैंकै बेलामा घरपरिवारलाई पनि समय दिनुपर्ने भएकाले कहिलेकाहीं परिवारसहित रेस्टुराँ पुगिन्छ, नत्र दसैं घरमै बसेर मनाउनुको अर्कै मज्जा छ। दसैंका बेला पनि आफ्ना कार्यक्रम सञ्चालन गर्न एफएम स्टेसन पुग्नैपर्ने यथार्थलाई सम्झँदै उनले भनिन्- काममा व्यस्त हुनेहरू र घर पुग्न नसकेकाहरूलाई रेस्टुराँमा हुने जमघटले एक हदसम्म राहत दिन्छ। कार्कीको यो भनाइमा रेस्टुराँ व्यवसायी श्रेष्ठ पनि सहमत छन्। श्रेष्ठ भन्छन्- 'दसैंको समयमा एक्लै भएकाहरू र सानो परिवारका सदस्यका लागि रेस्टुराँका परिकार विकल्प हुन सक्छन्।'

दसैंमा खाने परिकारको जोहो पनि घटस्थापनादेखि नै सुरु भैसकेको हुन्छ, सामान्य आयस्रोत भएकादेखि उच्च आयस्रोत भएकाहरूसमेत गच्छेअनुसारका सामग्री जुटाएर दसैं मनाउँछन्। कान्तिपुर टेलिभिजनकी निशा अधिकारीका अनुसार दसैंमा आफन्तजनकहाँ पुग्नेबित्तिकै मासु खान दिइन्छ, यसले एक प्रकारको दिग्दारी (मोनोटोनस) उत्पन्न गराउँछ। रुचिअनुसार खानु त ठीकै हो, भिजे निशा भन्छिन्- 'तर जर्बजस्ती खानैपर्ने बाध्यताले पनि परम्परागत खानाको विकल्पको खोजीमा अहिलेको पुस्ता भौंतारिरहेको हुनसक्छ।' निशा दसैंका बेलामा रेस्टुराँ जानुलाई अस्वाभाविक मान्छिन्, उनका अनुसार सामान्यतः रेस्टुराँ शैलीलाई अहिलेको पुस्ताले वर्षभरि नै आत्मसात् गरिरहेको हुन्छ। त्यसैले दसैंको छुट्टीमा घरमै बसेर आनन्दित हुन सकिन्छ।

रेस्टुराँ पुग्ने अहिलेको पुस्ताको मनपर्ने परिकारमा पिज्जा पहिलो सूचीमा आउँछ। त्यसपछि बर्गर, फास्टफुड र सुप खान चाहनेहरूको संख्या पनि बढ्दै गएको छ। काठमाडौंको सहरी परिवेशमा हुर्किएकाहरू र पश्चिमी सभ्यतासँग घुलमिल भएकाहरूले चाइनिज, इन्डियन, थाई, इटालियन र युरोपियन मेनकोर्समा जोड दिन थालेका छन्। श्रेष्ठका अनुसार अहिलेका परिकारमा चाउमिन, मोमो, चिल्ली, स्पागेटी, पास्टा, तोमयोङ सुप, चप्सी, सिजलर, स्यान्डविच, स्टेक, ग्रीन सलाद, करी राईस धेरैको रोजाइमा पर्छन्। काठमाडौंको नेवार समुदायले घरमा भोज गर्दा परम्परागत चिउरा-मासु, छोयला, कचिला, बारा, चटामरी, कलेजो फ्राई, फोक्सो फ्राई खान्छन् तर अहिले भोज पनि रेस्टुराँमा गर्ने चलन बढ्दै गएकाले ती परिकारका अतिरिक्त पश्चिमी परिकारले पनि स्थान पाउन थालेका छन्।

कन्टिनेन्टल परिकारको प्रयोग बढी छ, द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठ भन्छन्- 'रेस्टुराँ शैलीमा अभ्यस्त हुन थालेकाहरूलाई कन्टिनेन्टल परिकारको स्वादले लठ्याएको छ। श्रेष्ठका अनुसार परम्परागत शैलीका परिकार भोजभतेरका लागि ठीक भए पनि अहिलेको पुस्ता पश्चिमी परिकारमा स्वाद भेट्छ। यसलाई भूमण्डलीकरण भएको विश्वको संस्कृतिमा मिश्रित प्रयोग मान्न सकिएला, तर हाम्रो अहिलेको पुस्ताले संस्कृति बिर्सँदै गएको हो कि भन्ने डर पनि त्यत्तिकै छ। श्रेष्ठ भन्छन्- 'अहिलेको पुस्ताको राम्रो पक्ष भनेको खानेकुरामा स्वच्छतालाई पनि त्यत्तिकै महत्त्व दिनु पनि हो।' क्लब धाउने युवाहरू त खानामा क्यालोरीको मात्रा हेर्ने, फ्याट कम खाने, तेल कम खाने, शाकाहारी खानामा बढी जोड दिन्छन्। फिगर कन्सियस त हुनैपर्छ, भिजे निशा भन्छिन्- 'हामी दसैंमा मासु खाने भन्दैमा 'रेड मिट' मा जोड दिइरहेका हुन्छौं, जसले शरीरलाई फाइदाभन्दा बढी हानि गरिरहेको हुन्छ।'

नेपालमा सन् ९० को दशकको प्रारम्भसँगै रेस्टुराँ संस्कृतिले मौलाउने मौका पाएको थियो। पर्यटक आगमन र विश्वसँग नेपालीहरूको सम्पर्क बढ्दै जाँदा नयाँ स्वादका विभिन्न परिकारले नेपाल छिर्ने मौका पाए। त्यसो त सन् ७० को दशकपछि नेपालमा रेस्टुराँ संस्कार सुरु भएको मानिन्छ। ८० को दशकसँगै ठमेलमा विदेशी परिकार पस्कने रेस्टुराँ खुल्न थालेका थिए। सन् १९७० तिर मरु गणेश स्थानपछाडि खुलेका प्लिएजर रुम, स्टाइलिस पाई, होटल क्याम्प काठमाडौंका सुरुवातका रेस्टुराँ मानिन्छन्। यसबाहेक स्वयम्भूमा टुरिस्ट क्याम्प थियो। सन् ७० को दशकसँगै रेस्टुराँ संस्कृतिले बढावा पायो। झोछेंमा यिङयाङ, मोनालिसा, हिमालयन क्याफे, प्याराडाइज, वसन्तपुरमा क्यापिटल रेस्टुराँ र अहिले न्युरोडस्थित रिभोल्भिङ रेस्टुराँ भएको स्थानमा होटल पारस आदि होटल चर्चामा थिए। हिप्पी संस्कृति लिएर आएका विदेशीहरू यस्ता रेस्टुराँका मुख्य ग्राहक थिए।

त्यसबेलाका ग्राहक उच्चपदस्थ सरकारी कर्मचारी र अभिजात्य वर्गका सदस्यहरू थिए। संख्याको हिसाबले त्यसबेला रेस्टुराँ चहार्नेहरूको संख्या पनि एकदमै कम थियो। हिप्पीहरूको मोजमस्तीका निम्ति नेपाल गन्त्यव्य स्थल थियो। प्लिएजर रुममा बसेर गाँजा-चरेसका साथ कन्टिनेन्टल खाना खायो, त्यसपछि होटल क्याम्पमा रात बितायो। सुरु-सुरुतिर रेस्टुराँमा मखमलको कुसनमा भुइँमै बसेर खाने चलन भए पनि पछि बिस्तारै टेबल-कुर्सीको चलन आउन थाल्यो। त्यस बेला विदेशी स्वादका केक, कफीका साथ चाइनिज र इन्डियन खाना प्रख्यात थिए। पछि गएर विदेशी पर्यटकको मागबमोजिम युरोपियन पिज्जा, स्याण्डबिच तथा अमेरिकन वर्गर पनि उपलब्ध हुन थाले।

अहिले परिकार पारखी नेपालीहरू पनि विदेशीझैं फुड कोर्सअन्तर्गत खाना खाने अभ्यासमा छन्। फुडकोर्समा सुरुमा सुप, सलाद, स्न्याक्स त्यसपछि मेन कोर्स र अन्तमा डेजर्ट लिइन्छ। यसबीच अन्य खाना पनि सहायक परिकारका रूपमा अर्डर गर्न सकिन्छ। अहिले रेस्टुराँ पुग्ने नेपालीहरू खर्चको सीमा पनि राख्दैनन्। तिर्न सक्ने क्षमता राखेर मात्र रेस्टुराँ जान्छन्। कुनै बेला घरबाहिर खाना खानु राम्रो मानिँदैनथ्यो तर समयक्रमसँगै व्यस्त हुन थालेको सहरिया जीवनमा रेस्टुराँ निर्विकल्प भैसकेको छ। घरबाहिर खान नहुने र खान गैहाले पनि चिनेको मान्छेले देख्ला भन्ने डरले धेरै मानिस रेस्टुराँ जान डराउँथे तर अहिले रेस्टुराँमा बसेर खान समस्या छैन। जमेर खान बसेकाहरू केही बेरपछि आपसमा चिनजान गर्न थालिसकेका हुन्छन्।

पछिल्लो अवधिमा नाङ्लो, एलिनाज, एन्डिज, मम किङजस्ता रेस्टुराँ-क्याफेले राजधानीका विभिन्न स्थानमा शाखा खोलेर सेवा प्रदान गर्दै आएका छन्। चेनप्रणालीको रेस्टुराँको विकाससँगै मध्यमवर्गीय परिवार पनि विभिन्न अवसर पारेर यस्ता रेस्टुराँ चहार्न थालेका छन्। अहिले ठमेल, न्युरोड, कमलादी, बौद्ध, जावलाखेल, नयाँ बानेश्वर क्षेत्रमा नेपाली ग्राहकको भीड देखिनु यसको प्रमाण हो। परिवार तथा साथीहरूको समूह यस्ता क्याफेमा देख्न सकिन्छ। त्यसो त अहिले डान्स रेस्टुराँ, दोहोरी साँझ र बार धाउनेहरूको संख्या पनि उल्लेख्य छ।

# मासुको परिकारले बिगार पनि गर्न सक्छ ?

दसैं भन्नेबित्तिकै खसी र मासुको सम्झना आउँछ। घरमा नै खसी मारहान्ने अनि घरमा नै तयार गरेर घरमै सिध्याउने विशेष अवसर पनि दसैं हो।

स्वास्थको दृष्टिकोणले मासुलाई अति राम्रो वा पोसिलो, स्वस्थकर खानेकुराका रूपमा लिइन्छ। दैनिक ३० देखि ५० ग्राम (शरीरको बनौट र कामको प्रकृति हेरेर) मासु खानाले हाम्रो शरीरलाई आवश्यक प्रोटिन, चिल्लो पदार्थ, केही भिटामिन तथा खनिज पदार्थहरू पुग्छ। त्यसैले मासु बढ्दो उमेरका बालबालिकाहरू, गर्भवती वा सुत्केरी महिलाहरूलाई मात्र होइन बिरामी तथा कमजोर व्यक्तिहरूका लागि औषधी सरह नै उपयोगी हुन्छ। सय ग्राम खसीको मासुमा २२ ग्राम प्रोटिन, ४ देखि ५ ग्राम चिल्लो पदार्थ, १ देखि १ दशमलव ५ ग्राम खनिज पदार्थ, ६० ग्राम पानी तथा भिटामिन ए, बि, सी आदि पाइन्छन्।



तर मासुमा खाएकै कारण हामी बिरामी पनि पर्न सक्छौं। नियमितरूपमा मासु खाने व्यक्तिहरूमा मोटोपनको समस्या आउन सक्छ। उच्च रक्तचाप, मुटुका रोगहरू तथा आन्द्रा र कलेजोको खराबी पनि हुन सक्छ। दसैंमा तीन-चार दिन मासु खाँदैमा यस्ता दीर्घकालीन रोगहरू लाग्ने सम्भावना हुँदैन तर अस्वस्थ तथा असुरक्षित तरिकाले एक छाक मात्र मासु खाए पनि हामी विभिन्न सरुवा रोगको सिकार बन्न सक्छौं।

मासुमा विभिन्न किसिमका जुकाका अण्डाहरू, जुकाका भागहरू, सूक्ष्मजीवी परजीवीहरू(ब्याक्टेरिया, फन्जाइ) तथा मन्द विषादी (फुड पोइजन) हरू हुन सक्छन्। त्यस्ता हानिकारक तत्त्वलाई नष्ट गर्न नसकेको खण्डमा वा त्यस्ता हानिकारक तत्त्वयुक्त मासु सेवन गरे हामी बिरामी हुन सक्छौं। केही रोगमा तुरुन्त पेट दुखाउने, बान्ता गराउने, पखाला लगाउने तथा ज्वरो आउने हुन सक्छ भने केही रोग विशेषतः जुकाका रोगहरूले तुरुन्त कुनै असर नदेखाएर केही महिनापछि लक्षण देखाउन सक्छन्। अलिकति सजगता अपनाए त्यस्ता रोगहरूबाट सजिलै बच्न सकिन्छ।

रोगहरूबाट बच्न सबैभन्दा पहिले स्वस्थ खसी छान्नुपर्छ। दुब्लो, मरन्च्याँसे, थकित देखिने, पखाला चलेको तथा बिमारी खसी कहिल्यै रोज्नुहुँदैन। त्यस्ता खसीमा हानिकारक जीवाणुहरू हुन सक्छन्। मासु राम्रोसँग पकाए त्यस्ता जीवाणुहरू नष्ट भएर जान्छन् तर कम पकाएका (पोलेको सेकुवा), भुटन तथा काँचो मासुमा त्यस्ता जीवाणुहरू रहिरहने भएकाले हामी रोगी बन्न सक्छौं।

धेरै मोटो तथा बोसो भएको खसी पनि रोज्नुहुँदैन। धेरै मोटो खसीमा ३० प्रतिशतसम्म बोसो (चिल्लो) हुन सक्ने भएकाले त्यस्तो मासुले हाम्रो पाचनक्रियामा प्रतिकूल असर गर्छ। मुटु तथा मधुमेहका रोगीहरूले त्यस्तो मासु खानै हुँदैन, त्यसले धेरै असर गर्छ।

मारहान्ने वा मासु तयार गर्ने ठाउँ सतह मिलेको, जमिनलाई नछोएको तथा सफा गर्न मिल्ने हुनुपर्छ। सामान्यतयाः खसीको मासुलाई पखाल्ने प्रचलन छैन तर मासुलाई साफा पानीले पखाल्नु नै राम्रो हो। धेरै परजीवी बस्ने ठाउँ तथा आन्द्राको सफाइमा विशेष ध्यान पुऱ्याउनुपर्छ। आन्द्रालाई पल्टाएर उच्च वहाब भएको धारा वा पम्प लगाएको पानीले राम्रोसँग सफा गर्नुपर्छ। आन्द्रा पकाउँदा पनि उच्च तापक्रममा पकाउनुपर्छ। आन्द्रालाई निकै बेरसम्म उमालेर मात्र फ्राइ गर्नु उपयुक्त हुन्छ।

छालालाई पनि स्वस्थबर्द्धक मानिंदैन। छालामा बाहिरी रौं हुन्छन्। रौंका जरामा हानिकारक तत्त्वहरू तथा फन्जाइहरू हुनसक्छन्। त्यसैले छालाको सफाइमा पर्याप्त ध्यान पुऱ्याउनुपर्छ। छालाको तल्लो सतहमा पातलो बोसोको तह हुन्छ। उक्त बोसोमा कोलेस्ट्रोल (एक किसिमको चिल्लो पदार्थ) बढी हुने भएकाले मोटो व्यक्तिले 'छाला' नखानु नै राम्रो मानिन्छ।


मासु तयार गर्दा सरसफाइमा कमी तथा अशुद्ध पानीको प्रयोगले पनि मासु अस्वस्थकर हुन सक्छ। अशुद्ध पानी तथा व्यक्तिगत सरसफाइको कमीले आउँ, टाइफाइड तथा पखाला हुनसक्छ। त्यसैले त्यसतर्फ पनि विचार पुऱ्याउनुपर्छ।

दसैंका बेला मासु एकै दिनमा सकिंदैन त्यसैले मासुलाई भण्डार गर्नुपर्ने हुन्छ। मासु चुलोको छेउमा झुन्ड्याएर पनि भण्डारण गरिन्छ तर मासुलाई पाँच डिग्री सेन्टिग्रेडभन्दा कम तापक्रममा भण्डारण गर्नुपर्छ। त्यसैले फ्रिज भए फ्रिजमा, नभएको खण्डमा झिङ्गा नभन्किने, मुसा नलाग्ने, सुख्खा तर चिसो ठाउँमा भण्डार गर्नुपर्छ। कलेजो, मुटु, फोक्सो जस्ता नरम मासु भण्डार गर्न सुख्खा (ड्राइ) हुनुपर्छ, अन्यथा धेरै लामो समय भण्डारण गर्नुहुँदैन।

के मासु खाएर पखाला चल्छ ? धेरै मानिसको प्रश्न हुन्छ। वास्तवमा मासु सजिलै पच्ने खानेकुरा हो, त्यसैले मासु खाएर पाखाला चल्ने अथवा अपच हुने हुँदैन तर मासुमा धेरै तेल, मसला प्रयोग गरियो वा धेरै फ्राइ गरियो अथवा मासु अस्वस्थ, असुरक्षित भयो भने पेटको गडबडी हुन सक्छ। त्यसैले धेरै चिल्लो, मसलेदार मासुको परिकार बनाउनु वा धेरै फ्राइ गर्नुचाहिं उपयुक्त होइन।

मासुमा प्राकृतिक रेसाहरू (फाइवर) कम हुने तर चिल्लो पदार्थ आवश्यकताभन्दा बढी हुने भएकाले मासुसँगै ताजा फलफूलको सलाद आदि पनि खानु उपयोगी मानिन्छ।

**–बालकृष्ण साह**



# मनोरञ्जनका लागि मानिस र जनवरबीच भिडन्त

महान् चाड बडा दसैं नयाँ लुगा लगाएर, मान्यजनहरूसँग टीका थापेर मनाउने पर्व मात्र नभएर विभिन्न पशुपक्षीहरू काटेर खाने पर्वका रूपमा पनि चिनिन्छ। हालका वर्षमा दसैंमा देवी-देउतालाई दिने बलि प्रथा हटाउनुपर्छ भन्ने आवाज उठे पनि मारकाट भने कम भएको छैन। जनावरहरूसँग मानव सभ्यताको सम्बन्ध मारकाट वा हिंसाबाट प्रारम्भ भए पनि मानिसले आफ्नो विकासलाई उत्कर्षमा पुऱ्याउँदा पनि यसलाई पूर्णरूपमा त्याग्न भने सकेको छैन।

मानिसले जनावरलाई काटेर खाएर होस् वा निर्मम ढंगले भीडन्त गराएर मार्ने चलन अझै पनि छ। यस्ता विभिन्न चलन र परम्पराहरू कहीं लुप्त भैसकेका छन् भने कहीं अझै पनि ज्यूँकात्यूँ छन्।

मानिस र जनावरबीच हुने विभिन्न किसिमका भिडन्तमध्ये स्पेनमा साँढे र मानिसबीचको भिडन्त अझै पनि अस्तित्वमा छ। साँढेलाई रातो कपडा देखाएर उत्तेजित पार्दै भालाले रोपेर निर्मम यातना दिने यो खेलमा दुवै पक्षले ज्यान गुमाउन सक्छन्। यदि ज्यान गुमाएनन् भने पनि मानिस वा साँढेमध्ये कुनै एक गम्भीर घाइते हुन सक्छन्।

स्पेनमै साँढेसँग सम्बन्धित अर्को खेलमा मात्तिएको साँढेलाई बीच सडकमा छोड्ने चलन छ। यसरी छाडेको साँढेको अगाडि मानिसहरू कुद्छन् र साँढेले पनि लखेट्दै मानिसहरूलाई सिङले हानेर घाइते बनाउँछ। यो उत्सवका लागि स्पेनको मुख्य सडकमा एक सयभन्दा बढी मात्तिएका साँढे छोड्ने चलन छ।

स्पेनमा साँढेसँग हुने विभिन्न किसिमका भिडन्त अझै पनि सक्रिय खेलका रूपमा विद्यमान छन्। यो खेललाई स्पेनले आफ्नो प्राचीन गौरव मान्दै अझ व्यवस्थित र मानिसहरूलाई सुरक्षित गर्दै लगेको छ। यो खेलको विरोधमा जनावर अधिकारवादीहरू जतिसुकै आवाज उठाए पनि यो अझ लोकप्रिय हुँदै गएको छ।

स्पेनमा साँढे जुधाइको अस्तित्व कायम रहे पनि मानिस र बुल जातका कुकुर बीचको भिडन्त भने पूर्णरूपमा लोप भैसकेको छ। स्पोर्टिङ म्यागजिनले सन् १८०७ मा



शुभविजया

'जेन्टलम्यान एन्ड बुल डग' शीर्षकको समाचार प्रकाशित गरेको थियो। मानिस र बुल जातको कुकुरबीच हुने भिडन्त त्यो समयमा निकै सनसनीपूर्ण मानिन्थ्यो।

तिखा दाँत भएको तर अति नै हिंस्रक जातको बुल डग र मानिसबीच हुने भिडन्तमा कुकुर वा मानिसमध्ये कुनै एकको मृत्यु हुन्थ्यो तर कुकुरले प्रतियोगितामा सफलता पाएर मानिसलाई मार्ने अवस्था आए अरू मानिसले उसको बचाउको प्रयास गर्थे। उक्त म्यागजिनले उक्त खेलको रिपोर्टिङ गर्ने क्रममा द डेली टेलिग्राफले सन् १८७४ मा प्रकाशित गरेको एउटा भिडन्तलाई साभार गर्दै लेखेको छ- ब्रुमी नाम गरेका करिब साढे चार फिट अग्ला ४० वर्षीय पुरुष र फिजिक्स नाम गरेको अति नै हिंस्रक बुल डगबीच भएको भिडन्तमा ब्रुमीले फिजिक्सको दुईवटा दाँत झार्नुका साथै उसको एक आँखासमेत फुटाइदिएको थियो। यो भिडन्तमा फिजिक्सले पनि ब्रुमीको पाखुराको अधिकांश भागको मासु निकालेको थियो। भिडन्तको अन्तमा ब्रुमीले फिजिक्सको चिउँडोमा बज्र मुक्का प्रहार गर्दा ऊ अचेत भएको थियो।


साँघुरो कोठमा करिब ५० जना मानिस त्यसमा पनि सबैको मुखमा सिगार र पाइप भएका कारण भिडन्तको वातावरण धमिलो भएको थियो। यस्तो किसिमको भिडन्त केही मानिस भेला गरेर गर्ने गरेको पाइए पनि यसले लोकप्रियता भने पाउन सकेन।

मानिसले आफूले मात्र जनावरहरूसँग भिडन्त नगरेर अलग-अलग जातका जनावरबीच पनि भिडन्त गराउने गरेका छन्। बेलायतको कानुनले सन् १८३५ मा ठूला जातका जनावर भालु तथा साँढेबीच हुने भिडन्तमा रोक लगाएपछि मानिसको आकर्षण सानो जातका जनावरहरूतर्फ केन्द्रित भएको थियो। यस क्रममा मुसा र कुकुरबीचको भिडन्तले लोकप्रियता पाएको थियो। यस्ता किसिमका भिडन्त सानो स्थानमा पनि सञ्चालन गर्न सकिने हुनाले यो खेलले दर्शकमाझ लोकप्रियता पाएको थियो। त्यो समयमा लन्डन सहरमा मात्र मुसा र कुकुरबीच भिडन्त गराउने ७० वटा स्थान थिए। जहाँ मुसा हुन्छ त्यहाँ फोहोर हुने हुँदा यस्ता भिडन्त स्थलमा मानिसहरूको भीड कमै देखिन्थ्यो तर मानिसहरूको ध्यान कसको कुकुरले कम समयमा सबैभन्दा बढी मुसा मार्न सक्छ भन्नेमै केन्द्रित हुन्थ्यो। सन् १८२३ मा खेलाइएको मुसा मार्ने खेलमा एक कुकुरले ५ मिनेट ३० सकेन्डमा १ सयवटा मुसा मारेर कीर्तिमान राखेको थियो तर सन् १८६२ मा भएको अर्को खेलमा एक कुकुरले ५ मिनेट २८ सेकेन्डमा १ सय मुसा मारेर पछिल्लो कीर्तिमान् भंग गरेको थियो।

सन् १८३५ मा बेलायती संसदले ठूला आकारका जनावरलाई टोकेर खेलाउने खेलमा प्रतिबन्ध लगाउनुभन्दा अघि कुकुर र साँढेबीच हुने भिडन्तले निकै चर्चा पाएको थियो। बेलायतकी रानी एन्नीको समयतिर प्रारम्भ भएको यो खेलमा साँढे र कुकुरलाई एउटा निश्चित पर्खालभित्र छाडिन्थ्यो। कुकुरले पाए साँढेलाई टोक्ने र साँढेले मौका पाए कुकुरलाई हानेर घाइते बनाउने यो खेललाई त्यो समयमा निकै रुचिपूर्वक हेर्ने परम्परा थियो। यो खेलमा कुकुरलाई मुख्यतया साँढेको नाक र मुखमा टोक्न लगाइन्थ्यो।

१८ औं शताब्दीमा बेलायतमा भालु, कुकुर र मानिसबीच पनि हिंस्रक भिडन्त हुने गरेको थियो। यस्तो खेल त्यो बेला बेलायतमा निकै लोकप्रिय थियो। भिडन्तका लागि एउटा बियर गार्डेनको निर्माण गरिएको हुन्थ्यो। कुकुर जातिमा सबैभन्दा हिंस्रक जातको पिट बुल डग, भालु र मानिसबीचको भिडन्त मानिसहरू रोमाञ्च मानेर हेर्थे। यो भिडन्तमा भालुलाई खुट्टामा फलामको सिक्रीले बाँधेर राखिएको हुन्थ्यो।

१६ औं शताब्दीमा हेनरी आठौंदेखि एलिजावेथ पहिलोसम्म पनि यस्ता किसिमका भिडन्तको सौखिन रहेको इतिहास पढ्न पाइन्छ।



# चंगा र विज्ञान



नेपालीहरूको महान् पर्व दसैं सुरु भएको छ। दसैं भन्नेबित्तिकै मीठो खाने र रमाइलो गर्ने कुरा आइहाल्छ। दसैंमा रमाइलोको कुरा गर्दा चंगाको प्रसंग पनि जोडिएकै हुन्छ। खासगरी बालबालिकाहरूले दसैंमा चंगा उडाएर रमाइलो गर्छन्। त्यसो त बालबालिकाहरू मात्र नभै युवा-युवती र कतिपय वयस्कहरूले समेत विभिन्न रंग एवं डिजाइनका चंगा उडाएर मनोरञ्जन लिने गरेको हामी देख्छौं।

चंगा उडाउने कार्यको थालनी आजभन्दा लगभग तीन हजार वर्षपहिले चीनमा भएको थियो। हेनवंशको शासनकालमा चिनियाँ सेनाले शत्रुलाई भगाउन अर्थात् शत्रुलाई हराउन चंगाको प्रयोग गर्थ्यो। भनिन्छ, चिनियाँ सेनाले त्यतिखेर चंगाको साथमा बाँसको ढुंग्रो जोडेर त्यसलाई खुला आकाशमा उडाउँथ्यो। जब घर वा भवनहरूको माथिबाट चंगाहरू उड्थे त्यतिखेर त्यहाँबाट सिट्ठी बजेको ठूलो आवाज निस्कन्थ्यो र त्यही आवाजबाट सेनाका शत्रुहरू भयभीत भै भाग्थे। चंगाको सांस्कृतिक पक्षका सम्बन्धमा कुरा गर्दा खासगरी बुद्ध धर्म प्रचार गर्नेहरूले चीनबाट कोरिया र जापानमा चंगा बनाउने प्रविधि पुऱ्याएका थिए। त्यही प्रविधिको सिको गरेर जापानी एवं कोरियालीहरूले आ-आफ्नै तरिकाले चंगा बनाउने प्रविधिको विकास गरे। बिस्तारै-बिस्तारै मलेसिया, इन्डोनेसिया, म्यान्मा (बर्मा) र भारतजस्ता मुलुकमा पनि चंगा बनाउन र उडाउन थालियो।

नेपालमा चंगा उडाउने प्रथा कहिले सुरु भयो भन्ने कुरा यकिनसाथ भन्न नसकिए पनि सांस्कृतिक पक्षकै महत्त्व उजागर गर्ने क्रममा यो प्रथाको प्रारम्भ भएको अनुमान गर्न सकिन्छ। दसैंजस्तो पर्वमा त यो मनोरञ्जनकै एउटा प्रमुख साधन बन्न पुगेको छ। नेपालमा विगत केही वर्षदेखि चंगा महोत्सवको आयोजनासमेत गरिंदै आए पनि यो वर्ष भने उक्त महोत्सव हुनेछैन।

त्यसो त चंगाको महत्त्वलाई सांस्कृतिक एवं मनोरञ्जन पक्षमा मात्र सीमित राखेर हेर्न मिल्दैन। यसको वैज्ञानिक एवं प्राविधिक पक्ष पनि निकै चाखलाग्दो र महत्त्वपूर्ण छ। सन् १८४७ तिरको कुरा हो, चंगाकै सहायताबाट संयुक्त अधिराज्य र क्यानाडाका बीच नियाग्रा नामक नदीमा एउटा विशाल डोरी बाँधिएको थियो। जुन डोरी विश्वकै पहिलो झोलुंगे पुल अर्थात् सस्पेनसन ब्रिजको पहिलो अंश मानिन्छ भने यसैबाट झोलुंगे पुल निर्माण गर्ने प्रविधिको विकास भएको वैज्ञानिकहरू बताउँछन्।

सन् १८५२ मा वैज्ञानिक बेन्जामिन फ्र्यांकलिनले आफ्नो विश्वविख्यात चंगा प्रयोग गरेको ऐतिहासिक कथन छ। भनिन्छ, उक्त चंगामा आकाशमा चम्कने एक किसिमको प्राकृतिक प्रकाश निस्कन्थ्यो। वैज्ञानिक फ्र्यांकलिनले एक दिन घरमै चंगा बनाएर त्यसको डोरीमा एउटा धातुको चाबी बाँधेर ठूलो तुफान र बिजुली चम्किरहेको बेलामा त्यसलाई उडाए। त्यसबाट उनले आकाशमा चम्कने बिजुलीमा पनि विद्युतीय आवेग हुन्छ भन्ने कुरा पत्ता लगाएका थिए। त्यस्तै अर्का प्रसिद्ध वैज्ञानिक अलेक्जेन्डर ग्राहम बेलले पनि चंगाको प्रयोग गर्दै वैज्ञानिक परीक्षण गरेका थिए। यतिसम्म भनिन्छ कि वैज्ञानिक फ्र्यांकलिनले मानिसलाई नै बोक्न सक्ने विशेष खालको चंगा समेत निर्माण गरेका थिए। यसैगरी सन् १८८८ मा आर्थर बातुत नामक व्यक्तिले क्यामेरालाई चंगाको सहायताबाट माथि उठाएर फ्रान्सका विभिन्न भागको हवाई तस्बिरर खिचेको ऐतिहासिक कथन पनि छ।

हिंजोआज आकाशमा उड्ने विभिन्न डिजाइन र आकारका वायुयानहरूको विकासमा पनि चङ्गाको महत्त्वपूर्ण भूमिका रहेको कुरा वैज्ञानिकहरू बताउँछन्। ती वैज्ञानिकहरूका अनुसार हिजोआज आकाशमा उड्ने रंगी-बिरंगी चंगा वायुयानका प्राचीन स्वरूप हुन्।

–राजेशमान के.सी.

चंगा उडाउने कार्यको थालनी आजभन्दा लगभग तीन हजार वर्षपहिले चीनमा भएको थियो। हेनवंशको शासनकालमा चिनियाँ सेनाले शत्रुलाई भगाउन अर्थात् शत्रुलाई हराउन चंगाको प्रयोग गर्थ्यो। भनिन्छ, चिनियाँ सेनाले त्यतिखेर चंगाको साथमा बाँसको ढुंग्रो जोडेर त्यसलाई खुला आकाशमा उडाउँथ्यो। जब घर वा भवनहरूको माथिबाट चंगाहरू उड्थे त्यतिखेर त्यहाँबाट सिट्ठी बजेको ठूलो आवाज निस्कन्थ्यो र त्यही आवाजबाट सेनाका शत्रुहरू भयभीत भै भाग्थे।




# दसैं कसरी मनाउँदैछन् खेलाडीहरू ?

नेपालका चर्चित खेलाडीहरूले यस पटकको दसैं आफ्नै परिवारसँग बिताउन पाउनेछन् । भर्खरै सकिएको दक्षिण एसियाली खेलकुद र आसन्न एसियाडको बीचमा रहेको दसैंको समय नै मोफसलका धेरै खेलाडीका लागि पारिवारिक भेटघाटका लागि उपयुक्त बनेको छ । काठमाडौंमै बसोबास गर्नेहरूका लागि पनि यस पटकको दसैं आफ्नो परिवारसँगै रहेर दिन बिताउनका लागि उपयुक्त समय भएको छ ।

'साग खेलका दौरान केही थाकेका थियौं । लगत्तै एसियाडको तयारीमा पनि लाग्नुपर्‍यो,' तेक्वान्दो खेलाडी दीपक विष्ट भन्छन् । दसैं लगत्तै प्रशिक्षणका लागि देश छाड्नुपर्ने स्थिति पनि आउन सक्ने भएका कारण विष्ट यस पटक दसैंमा आफ्नो घर धनगढी जानु अनिवार्य भएको महसुस गर्छन् । उनी आज फूलपातीकै दिन काठमाडौं छाड्ने योजनामा छन् । दीपक बाबुआमासँग भेट गर्नेबाहेक अन्य खास कुनै योजनामा छैनन् । मदिरापानको खासै लत नभएको बताउने विष्ट जुवातासमा पनि रमाउँदैनन् । घरमै रहँदा पनि आफ्नै तबरले खेलको अभ्यासलाई निरन्तरता दिने उनी बताउँछन् । भर्खरै टाइफाइडको उपचार गराएका विष्टलाई मांसभोजनको मात्र चिन्ता थियो । यसमा पनि चिकित्सकको अनुमति पाएपछि दीपक ढुक्क छन् ।

सुदूर पश्चिमकै अर्को खेलाडी भलिबल कप्तान भरत शाह भने आफ्ना बाबुआमा पनि काठमाडौंमा नै भएका कारण काठमाडौंमै दसैं मनाउने सोचाइमा छन् । उनले धेरै समय घरमा र केही समय अन्य साथीहरूसँग बिताउने योजना बनाएका छन् । मदिरापानमा उनको रुचि छैन । 'जुवातासमा पनि मन जाँदैन, तर पनि साथीभाइसँग कहिलेकाहीं जम्न सकिन्छ ।' शाह भन्छन् ।

ब्याडमिन्टन खेलाडी सम्झना खालिङ पनि आफ्नो घर धरान जाने सोचमा छिन् । उनी घर गए पनि खेलप्रति निरन्तर ध्यान दिने बताउँछिन् । 'खेलाडी भएपछि जुनसुकै समय खेलमा ध्यान दिनैपर्छ । त्यसलै घरमा गएर सेल्फ ट्रेनिङमा पनि ध्यान दिने विचारमा छु,' खालिङ बताउँछिन् । बाबु-आमा घरमै भएका अनिवार्य मान्छिन् । उनको पनि फूलपातीका दिन काठमाडौं छाड्ने योजना छ । त्योभन्दा अघि उनले साथीहरूसँग भेटघाटका लागि पनि समय छुट्ट्याएकी छिन् ।

काठमाडौंमा बसोबास गर्दै आएका फुटबल खेलाडी जिवेश पाण्डे पनि फूलपातीदेखि आफ्नो पुर्ख्यौली घर गोदावरी गएर छुट्टी बिताउने सोचाइमा छन् । उनी आफ्नो जन्मथलो र पुराना कुरा स्मरण गर्न पनि गोदावरीको बसाइ अनिवार्य मान्छन् । पाण्डे दसैंपछि लगत्तै राष्ट्रिय लिग सुरु हुने भएकाले स्वास्थ्यका लागि दसैंको समयमा अति अनुशासित जीवन बिताउनुपर्ने कुरामा आफू सचेत रहेको बताउँछन् । मदिरापान नगर्ने र जुवातासतर्फ पनि कुनै ध्यान नदिने कुरामा उनी प्रतिबद्ध छन् । 'वर्षभरि आफ्नो सहज जीवनका लागि काठमाडौंमै रहनुपर्ने बाध्यता थियो । 'तर गोदावरीको बसाइ मेरा लागि पूर्ण रूपमा रमाइलो हुनेछ, मनोरञ्जनका लागि थप केही आवश्यक पर्दैन,' पाण्डे बताउँछन् । आगामी लिगमा राम्रो प्रदर्शनका लागि उनी फिजिकल फिटनेसलाई ध्यानमा राख्दै नियमित प्रशिक्षण गर्ने सोचमा छन् ।

टेबुलटेनिस खेलाडी राजेन्द्र कपालीले भने दसैंका बारेमा खासै कुनै योजना बनाएका छैनन्, तर पनि उनी फूलपातीसम्म योजना बनिसक्ने कुरामा ढुक्क छन् । मदिरापानका बारेमा उनको छुट्टै सोचाइ छ । हल्का वियर उपभोग गरे पनि उनी आफू कडा अल्कोहलयुक्त पेय पदार्थ तथा धूम्रपानको पूर्ण विरोधी भएको बताउँछन् ।

कराँते खेलाडी गंगाराम महर्जन भने दसैंको बिदामा आफ्ना छोरा-छोरीलाई कराँते सिकाउने, वर्षभरिको पढाइको निरीक्षण गर्ने र गाउँका साथीहरूसँग भेटभाट गरेर बिताउने योजनामा छन् । मदिरापानका विरोधी महर्जन जुवा र तासका बारेमा पनि अनभिज्ञ रहेको बताउँछन् । उनको योजना श्रीमती तथा छोराछोरीलाई बजार घुमाउने र चार-पाँच दिन सँगै बिताउने पनि छ ।

# पिङको रौनक



जब दसैंको चहलपहल बढ्छ तब मनोरञ्जनका लागि पिङ खेल्न युवाहरू सक्रिय हुन थाल्छन् । यति बेला 'चचहुइ सर्र...को आवाज प्रायः सबैतिर गुञ्जन्छ । बडादसैं र तिहारमा ठाउँ-ठाउँमा मानिसहरू पिङ खेल्न झुम्मिएका हुन्छन् । पिङ किन खेलिन्छ ? भन्ने कुरा थाहा नभए पनि वर्षमा एक दिन मात्र भए पनि पिङ खेल्नुपर्छ भन्ने कुरा धेरैलाई थाहा छ । त्यसो त पिङका बारेमा थाहा नभएका हामी नेपाली कोही पनि छैनौं । पिङ हामी नेपालीहरूको जीवन्त पहिचान र मौलिक परम्परा नै हो ।

पिङ खेल्ने प्रचलन धार्मिक युगदेखि नै भएको पाइन्छ । भगवान् कृष्णले पनि पिङ खेलेको धार्मिक ग्रन्थहरूमा उल्लेख छ । दसैं-तिहारमा सबैलाई पायक पर्ने ठाउँमा पिङ हाल्नु, खेल्नु मनोरञ्जन गर्नु सांस्कृतिक परम्परा नै हो, तर हिजोआज पिङ हाल्ने र खेल्ने परम्परा क्रमशः कम हुँदै गएको पाइन्छ ।

पिङ धेरै प्रकारका छन्, जसमध्ये बनाउन सजिलो र सस्तो पिङका रूपमा लिंगे पिङलाई लिइन्छ । यो सर्वत्र उपलब्ध हुने पिङ हो । बाँसको लिङ्गो गाडेर हालिने यो पिङ सबैतिर बाँस पाइने भएकाले पनि लोकप्रिय भएको हुनुपर्छ, तर रोटेपिङ र जाँतेपिङ लिंगेपिङको तुलनामा कमै देख्न पाइन्छ । यस्ता पिङहरू लोपोन्मुख अवस्थामा पुगिसकेका छन् । बढी काठ लाग्ने तथा बनाउन सिपालु व्यक्तिको अभावमा यस्तो पिङ लोप हुन पुगेको धारणा संस्कृतिविद् रामप्रसाद फुयाँलको छ ।

चारदेखि चौबीसवटासम्म पिर्का राखेर बनाइएको पिङ रोटेपिङ हो भने जातोझैं घुम्ने पिङ जोतपिङ हो । दसैं-तिहारताका पिङ खेल्ने परम्परामा ह्रास आएको काभ्रेस्थलीका दीपक अधिकारी व्यक्त गर्छन् । त्यस्तै, आदर्श कलेज चाबहिलका कक्षा १२ का विद्यार्थी अमृतकुमार उप्रेती आफू दसैं-तिहारमा सर्लाही गएर घरमा पिङ खेलेर मनोरञ्जन गर्ने बताउँछन् ।

पिङ खेल्ने परम्परासँगै विभिन्न रोचक चलन रहेको पाइन्छ । नेपालमा पश्चिमाञ्चल क्षेत्रतिर पिङमा नै रोदी खेलिन्छ । सो क्षेत्रमा पिङ खेल्ने आफन्त तथा इष्टमित्रलाई निम्ता दिने चलन छ । यस्तो चलनलाई त्यहाँ देशाली बोलाउने भनिन्छ । यस प्रकारको परम्परा पश्चिमाञ्चलकै जीवन्त परम्परा रहेको धारणा लेखनाथ नगरपालिका-११ का विष्णुप्रसाद वाग्लेको छ ।

पिङ निर्माण गर्दा शास्त्रीय एवं धार्मिक परम्पराको पनि अनुसरण गर्नुपर्ने धारणा संस्कृतिविद् रामप्रसाद फुयाँलको छ । फुयाँलका अनुसार पिङ स्थापना गर्दा विधिवत् रूपमा भगवान्को पूजा-अर्चना गरिन्छ । वर्षमा एक दिन भए पनि पृथ्वीलाई आफ्नो भारबाट मुक्ति दिन पिङ खेलिन्छ, जुन मान्यताले अहिलेसम्म पनि निरन्तरता पाएको छ ।


–देवेन्द्र अर्याल



# सा-कर्णाली ....र सुकबहादुर

पछिल्लो आधा दशकमा नेपाली चलचित्र क्षेत्र ओह्रालो लागे पनि 'डकुड्रामा' शैलीका डकुमेन्ट्री फिल्म बनाउने लहर नै चलेको छ। किरणकृष्ण श्रेष्ठको 'भेडाको ऊन जस्तो' सार्वजनिक भएयता नेपालमा डकुमेन्ट्री बनाउने नयाँ लहर नै चलेको छ। त्यसो त भेडाको ऊन जस्तोभन्दा अघि पनि डकुमेन्ट्रीहरू तयार नभएका होइनन् तर भेडाको ऊनजस्तोलाई सर्वसाधारण जनताको पहुँचमा पुऱ्याउन त्यसलाई चलचित्र हलमै प्रर्दशन गरियो। जसले गर्दा 'डकुमेन्ट्री' टेलिभिजनमा मात्र प्रसारण हुने कुरा होइन भन्ने कुरा सावित गऱ्यो।

किरणकृष्ण श्रेष्ठ फेरि नयाँ म्युजिक भिडियोका साथ आएका छन्। 'सा-कर्णाली..थ्रु डोल्पा' नाम दिइएको यो डकुमेन्ट्री पनि संगीतमै आधारित छ। 'भेडाको ऊनजस्तोमा गीत संकलन विषयवस्तु थियो भने सा कर्णाली म्युजिक भिडियोको निर्माणमा आधारित छ।'




निर्माता-निर्देशक श्रेष्ठ भन्छन्-'स्थानीय भाकाको गीत ट्युनिङ गरेपछि यसलाई स्थानीय परिवेशमै छायाँकन गर्ने क्रममा कर्णाली क्षेत्रको यात्रालाई साकर्णालीमा समेटिएको छ।'

नेपाली म्युजिक भिडियो क्षेत्रमा उत्कृष्ट म्युजिक भिडियोको सूचीमा भूषण दाहालको निर्देशनमा रहेको 'साकर्णाली' पनि एक हो। निर्देशक दाहालसहित साकर्णाली गीतका संकलक लक्ष्मीकान्त उपाध्याय, गायक अमृत गुरुङ तथा म्युजिक भिडियोका नायक थिन्लेसहितको टोलीले म्युजिक भिडियोको डोल्पाको जुफालदेखि दुनै हुँदै फोक्सुण्डो तालसम्म पुगेर छायांकन गरिएको म्युजिक भिडियोले कर्णालीको वास्तविक जीवनलाई प्रतिविम्बित गरेको छ। 'यही म्युजिक भिडियो छायाँकनका दौरानका गतिविधिलाई साकर्णाली डकुमेन्ट्रीमा प्रस्तुत गरिएको छ' साकर्णाली डकुमेन्ट्रीको निर्माण कम्पनी नेपालयका अर्पण शर्मा भन्छन्- डकुमेन्ट्री यात्रा नेपालगन्जबाट सुरु हुन्छ। नेपालगन्जबाट उडेको यो टोलीले डोल्पाको तल्लो भेग जुफाल हुँदै फोक्सुण्डोसम्म पुगेर गीतलाई छायाँकन गरेको दृष्य रोमाञ्चक ढंगले डकुमेन्ट्रीमा प्रस्तुत गरिएको छ।

**कुरा शुकबहादुरको**

डकुमेन्ट्रीकै कुरामा पत्रकार दिलभूषण पाठकको 'शुकबहादुर अधिकारी कक्षा ४' डकुमेन्ट्री अमेरिकाको सियाटल इन्टरनेसनल साउथ एसिया फिल्म फेस्टिबलमा छनौटमा परेको छ। पत्रकार पाठकका अनुसार शिक्षा विधा अन्तर्गत यो डकुमेन्ट्री छनौटमा परेको हो। जुन भोलि शनिबार प्रर्दशन हुनेछ। यसअघि पनि गत वर्ष यो डकुमेन्ट्री दि हिमालयन फिल्म फेस्टिबल आर्म्सडम नेदरल्यान्डमा छनौटमा परेको थियो। करिब एक दर्जनभन्दा बढी डकुमेन्ट्री निर्माण गरेका पाठकका न्युजरुम बाहिर र डेमोन डिलाइटले चर्चा बटुलेका थिए।

'शुकबहादुर अधिकारी कक्षा ४' ७९ वर्षका शुकबहादुरमा केन्द्रित छ। भारतमा झण्डै ५० वर्ष फिरन्ते जीवनशैली अपनाएर गृह जिल्ला कास्की फर्किएका शुकबहादुरले ४ कक्षामा पढ्ने नातिनीसँगै अध्ययन गरेको कथावस्तुमा शुकबहादुर अधिकारी कक्षा ४ मा आधारित छ। पाठकको यो डकुमेन्ट्री हेरेर साप्ताहिक स्तम्भकार डा. डि.पि. भण्डारीको प्रतिक्रिया थियो- 'शुकबहादुरसँग जिउने कला छ, जसलाई पाठकले डकुमेन्ट्रीमा उधिनेका छन्।






# लक्सले छान्यो आफ्नो सुपर मोडल

होटल सोल्टीको मध्य भागमा बिछ्याइएको र्‍याम्पमाथि बिस्तारै मधुरो प्रकाश उज्यालोतर्फ उन्मुख हुन्छ। आई.ई.सी. डिजाइनिङ संस्थाका



विद्यार्थी डिजाइनरहरूले तयार पारेका ओरेन्ज, पर्पल, मरुन आदि उज्याला रंगको संयोजनमा तयार पारिएका विभिन्न शैलीका स्कर्ट र टपमा सजिएका २० जना सुन्दरी आकर्षक हाउभाउका साथ र्‍याम्पमाथि नृत्य गर्न थाल्छन्। नृत्य गरेलगत्तै सबै सुन्दरी आ-आफ्नो परिचयका साथ प्रस्तुत हुन्छन्। परिचयात्मक चरणको यो नौलो प्रयोगमा अधिकांश प्रतियोगीले आफूलाई पूर्ण आत्मविश्वासका साथ प्रस्तुत गरे पनि एकाध भने नर्भस भएका थिए तथापि कोरियोग्राफर प्रभा अमात्यको परिश्रम प्रशंसायोग्य थियो।

उनलाई कोरियोग्राफीमा मोडल सुचित्रा आचार्यले सघाएकी थिइन्। परिचयात्मक चरणपछि सांगीतिक विश्राम हुन्छ, गायक मोहित मुनालका साथमा अराज देशवले आफ्नो संयुक्त सांगीतिक खुराक प्रस्तुत गर्छन्। पुनः एकपटक बीसैजना सुन्दरी बिरालो चालमा मञ्चमा देखा पर्छन्, यसपटक ट्रेन्डी इभिनिङ गाउनमा। अरेन्ज, ब्ल्याक, एलो, ब्लू, पिन्कजस्ता रंगहरू प्रयोग गरिएका स्लिभलेस फिसटेल शैलीका इभिनिङ गाउनको राउन्डपछि एकाएक विजेता र उपविजेताको नाम घोषणा हुन्छ।

सेकेन्ड रनर अप उपाधि र नगद पुरस्कार १५ हजार रुपैयाँ विजेता केल्साङ लामालाई छानिन्छ। फस्ट रनर अप उपाधि र नगद पुरस्कार २५ हजार रुपैयाँ विजेताका रूपमा कल्पना शाहीको नाम घोषणा गरिन्छ। उनको नाम घोषणा भएलगत्तै उपस्थित फोटो पत्रकारहरू एक-अर्कामा मुखामुख गर्न थाल्छन्, कुन आधारमा छानियो भन्ने उत्तरको खोजीमा। अन्ततः सौन्दर्य, आत्मविश्वास र आकर्षक व्यक्तित्वलाई आधार मानी उत्कृष्ट हुनेको छनौट प्रक्रिया पूरा गर्दै विजेता घोषित हुन्छिन् कालो इभिनिङ गाउनमा सजिएकी काठमाडौंकी सोनु पौडेलले प्राप्त गर्छिन् ५० हजार नगद पुरस्कार र युनिलिभर नेपालको उत्पादनको प्रचारप्रसारका लागि सम्झौता।

उल्लेखित दृश्यहरू थिए गत शुक्रबार राजधानीमा युनिलिभर नेपालले सञ्चालन गरेको 'लक्स सुपर मोडल हन्ट-२००६' प्रतियोगिताको। पोखराका ५ जना, विराटनगरका ५ जना र काठमाडौंका १० जना गरी २० जना सुन्दरीहरूको सहभागिता रहेको सो प्रतिस्पर्धाको फाइनल इभेन्ट अगावै विभिन्न उपाधि विजेताको छनौट भैसकेको थियो। जसअन्तर्गत केल्साङ लामा मिस फोटोजेनिक, फेयर एन्ड लभ्ली मिस ब्युटिफुल कम्प्लेक्सन रोशनी श्रेष्ठ, क्लोजअप मिस स्यासी स्माइल स्वर्णिमा राजभण्डारी, लक्स डान्सिङ क्विन सोनु पौडेल र सनसिल्क मिस ब्युटिफुल हेयर दीपा शाक्य छनौट भएका थिए। संयोग नै मान्नुपर्छ उल्लेखित सबै उपाधि र विजेता उपविजेताहरू काठमाडौंकै थिए।




**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**